# धर्मकीर्ति
# THE DHARMAKIRTI

## बैशाख पूर्णिमा विशेषाङ्क


Dhamma Digital

यहाँ केवल फ्रेटी मात्र बाँकी छ । मायाँ देवीको मन्दिर धराशाही भएर मायाँ देवी अनाथ हुनुभएको छ ।

DHARMAKIRTI

वर्ष-१९; अङ्क-१

बुद्ध सम्वत् २५४५

प्रत्येक इन्जिनियर आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ फलामे डण्डीको कन्क्रीट ढलान संगको बन्धन अर्थात बण्डले तपाईंको निर्माणलाई बलियोसंग उभ्याउंछ ।

हिमालस्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को बैज्ञानिक डिजाईनका धर्काले १००% बढी हाई बण्ड स्ट्रेन्थ दिन्छ र यस्को यील्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउंछ ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।

हिमाल स्टील
टोरस्टील
*हिमालले सुरक्षित घर बनाउँछ।*

# HI-BOND STRENGTH



**हिमाल आयरन एण्ड स्टील (प्रा) लि.**
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | १५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

2545th Vaisakh Full-Moon Day

**7TH MAY, 2001**

| वर्ष- १९ | अङ्क- १ | स्वाँयापुन्ही | पूर्णिमा २०५८ |
|---|---|---|---|





★ चाँडैनै यो शरीर चेतना रहितभै काम नलाग्ने काठको मुढा झैं भूमिमा लडी रहने छ।

★★★

★ चारैतिर आगो दन्दन बलि रहेछ, कसरी हाँस्नु कसरी आनन्द लिनु ? अन्धकारले चारैतिर घेरि सकेर पनि किन आलोक खोज्दैनौ ?

★★★

★ यो रूप जीर्ण भएर जाने, रोगको घर, अत्यन्त क्षण भंगुर गनाउने शरीर छुटेर मरणमा जीवनको अन्त हुन्छ।

★★★

★ अज्ञानी मानिस गोरु झैं बढ्छ। मासुमात्र बढ्छ, प्रज्ञा बढ्दैन।

## सम्पादकीय

# वैशाख पूर्णिमा र बुद्ध वचन

हामीले हरेक वर्ष वैशाख पूर्णिमा मनाउँदै आइरहेका छौं। हामीलाई थाहा भएकै कुरा हो, वैशाख पूर्णिमा त्रिसंयोगको दिन (सिद्धार्थ कुमारको जन्म, बुद्धत्त्व प्राप्ती र परिनिर्वाण) भएकोले यसको महत्त्व धेरै छ भन्ने कुरो।

तर वैशाख पूर्णिमाको दिनलाई यी तीन संयोगले जति महत्त्व प्रदान गरेको छ, त्यो भन्दा पनि बढि महत्त्व त बुद्धले दिनु भएको शिक्षाले दिइराखेको छ।

यदि बुद्धले बुद्धत्त्व लाभ गरिसक्नु भएपछि बहुजन हिताय बहुजन सुखायको लागि उपदेश नदिईकन चुपचाप बस्नु भएको भए यस पावन दिनको त्यति महत्त्व नै हुने थिएन। त्यसकारण हामीले यो कुरो बुझ्नु पर्छ, बुद्ध पूर्णिमाको महत्त्व त बुद्धले दिनुभएको अमूल्य र व्यवहारिक शिक्षामा लुकेको छ।

त्यसैले हामीले बुद्धका ती अमूल्य शिक्षाहरूमध्ये केही शिक्षाहरूलाई सम्झी त्यसलाई आफ्नो जीवनमा अभ्यास गरी बुद्ध पूर्णिमा मनाउने तरखरतिर लागौं।

बुद्धले बुद्धत्त्व प्राप्त गरिसक्नु भएपछि सारनाथको मृगदावनमा सर्वप्रथम पाँचजवान ऋषिमुनीहरूलाई धर्मचक्र प्रवर्तन गर्नुहुँदा भन्नु भएको थियो-

"हे भिक्षुहरू हो ! मैले तिमीहरूलाई धर्मचक्रको उपदेश दिँदैछु भवचक्रको होइन। त्यागीहरूले (प्रव्रजित व्यक्तिहरूले) दुईवटा अति मार्गलाई त्याग्नु पर्छ। ती हुन् -

हाम्रो शरीरलाई अति विलासी र मोजमज्जामा आशक्तिवस टाँस्न लगाउनु हुन्न अर्थात् मनको वसमा गई पञ्चकाम सुखमा मात्र लिप्त रहनु हुन्न।

-फेरि यही शरीरलाई धर्मको नाममा अति कष्ट र यातना दिई आधारभूत आवश्यकताबाट वञ्चित राख्न पनि हुन्न।

त्यसैले हामीले आफूलाई यी दुई अतीमार्गबाट टाढा राखी बीचको बाटो (मध्यम मार्ग) लाई अपनाई सन्तुलित राख्नु पर्छ। अनि मात्र हाम्रो जीवन सुखमय बन्ने छ। हाम्रो उखानमा उल्लेख पनि छ अति भयो भने चिनी पनि तीतो हुन्छ।

बुद्धले भन्नुभएको छ- मानिसहरूमा ठीक समझदारी र राम्रो नियत हुनुपर्छ। कुनियतले काम वा कुरा गऱ्यो भने त्यसको नतिजा खराब हुनेछ। त्यसैले सुखी बन्न मनलाग्छ भने पहिला आफ्नो मन शुद्ध हुनुपर्छ। अनि मात्र त्यसको प्रतिफल राम्रो हुनेछ। यसरी २५०० वर्ष पहिलाको बुद्ध शिक्षा हालसम्म पनि सान्दर्भिक रहेको देखिन्छ।

किनभने आजभोली आफ्नो मन पवित्र पार्न नजानी खराब नियत राखी काम र कुरा गरिरहेका हुन्छन् धेरै जसो मानिसहरू। एकछिनको सुखको लागि स्वार्थी बन्न पुग्छन् र त्यही वातावरणमा भुली होश गुमाई रमाउन थाल्छन्। अनि त्यही कर्मको नतिजा दुःखपूर्वक भोग्न पर्दा छट्पटाउँदै रुने कराउने गर्छन् र शान्तिको लागि चिच्याउँन थाल्छन्।

त्यसरी बुद्धले भन्नुभएको अर्को शिक्षा यसरी रहेको छ-

-"मलाई गाली गऱ्यो, मलाई कुट्यो, मलाई हराईदियो मेरो लग्यो भनी जसले आफ्नो मनमा बार-बार विचार गर्दैन त्यसको मनमा वैरभाव शान्त हुनेछ। त्यही व्यक्ति सुखी बन्नेछ।"

बुद्धको यस उपदेश ध्रुव सत्य हो। तर यही शिक्षालाई हामीले भन्न जाने पनि पाठ गर्न जाने पनि यसलाई व्यवहारमा उतार्न सकिराखेको छैन। किनभने साह्रै गाऱ्हो छ सहने गुण बढाउन। तर गाऱ्हो भएपनि आफूले आफैलाई बोध गरी सहन सकेकोले महापुरुष बन्न सकेका व्यक्ति पनि हामीले नै देखिराखेका छौं भने सहने क्षमता गुमाई मन सन्तुलनमा राख्न नसकी पागल समेत बन्न पुगेका व्यक्तिहरू पनि हामीले नै देखिराखेका छौं।

त्यसरी नै बुद्धले भन्नुभएको छ- अर्काको गाई चराउने गोठालाले दूध पिउन नपाए जस्तै धर्मको कुरा मात्र गर्ने तर आचरण भने गर्न नजान्ने व्यक्तिले धर्मको मिठो फल चाख्न पाउँदैन। तर अलिकति मात्र धर्मको कुरा गरेपनि आफ्नो चित्तबाट रागद्वेषरुपी क्लेश हटाई यस लोक र परलोकको चिन्ता नभएको व्यक्तिले धर्मको मीठो र शान्ती रस पिईरहेको हुन्छ।

माथि उल्लेखित गाथामा बुद्धले भन्नुभए जस्तै हामीले पनि बुद्धको गुण बयान गर्न जान्छौ खूव, धर्मको व्याख्या पनि गर्न जान्छौं, पण्डित बनी खूव उपदेश पनि दिन जान्छौं। आफूलाई धार्मिक व्यक्तिको रुपमा जनसमुदायमा प्रस्तुत गर्ने कला पनि सिकेका छौं हामीले। तर आफ्नो मनमा जुन धर्मको शान्ति रस प्राप्त गर्नु पर्ने हो त्यो रस पाउन भने सकिरहेका छैनौं। यसको मुख्य कारण हामी गुरु बन्न जान्छौं तर चेला बनी धर्मलाई अनुशरण गर्न र त्यसलाई पालन गर्न भने जाँदैनौं। यही हाम्रो प्रमुख कमजोरी हुन्।

त्यसैले हामी सबैले बुद्धका कैयन उक्तिहरू मध्ये यी दुईतिन उक्तिहरूलाई भए पनि अध्ययन गरी आफ्नो जीवनमा उतार्ने अभ्यास गरी यसपालीको बुद्ध पूर्णिमा मनाउने हौसला जगाऔं र आ-आफ्नो जीवनमा धर्मको अमृत रस पान गर्न सफल होऔं। अनि मात्र वैशाख पूर्णिमाको मुख्य महत्त्व यसैमा समाविष्ट रहेको हामीले पाउनेछौं।

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ सं. |
|---|---|---|---|
| १. | बुद्ध वचन | | १ |
| २. | सम्पादकीय - वैशाख पूर्णिमा र बुद्ध वचन | | २ |
| ३. | वैशाख पूर्णिमाको महत्त्व | भुवनलाल प्रधान | ५ |
| ४. | महिलामुख जातक | प्रकाश बज्राचार्य | ७ |
| ५. | संवेदनाप्रति श्रद्धा र त्यसको प्रत्यक्ष अनुभव | दोलेन्द्र रत्न शाक्य | ८ |
| ६. | बुद्ध मूर्तिप्रतिको कुबुद्धि | वसन्तकुमार चौधरी | ११ |
| ७. | जीवन : एक नाटक | जनार्दन नेपाल | १२ |
| ८. | मैले पितालाई पिण्ड दिन छोडें | डा. डिल्लीरमण रेग्मी | १५ |
| ९. | मैत्री भावना | लोकबहादुर शाक्य | १७ |
| १०. | 'प्रतिभा' जन्मजात हो या साधनाको परिणति ? | – | १९ |
| ११. | धम्मपद-१३७ | रीना तुलाधर 'परियत्ति सद्धम्म कोविद' | २१ |
| १२. | गाउँमा परिवर्तन आयो, घरमा आएन | जोशिला देवकोटा | २२ |
| १३. | बुद्ध-एक आधुनिक दार्शनिक | जोहन वाल्टर्स | २४ |
| १४ | 'एघारवटी छोरी जन्मे, तै पनि ... ... | धर्मप्रसाद पौड्याल | २५ |
| १५. | आफूले आफैंलाई छल्न सक्तैन | भिक्षु संघरक्षित | २६ |
| १४. | आजको दिनको महत्त्व | – | २७ |
| १५. | क्षान्ति र मैत्री-४ | भिक्षु अश्वघोषद्वारा लिखित वीर्यवतीबाट अनुदित | २८ |
| १६. | धम्मपदमा क्रोधवर्ग | सुवर्ण शाक्य | ३१ |
| १७. | राष्ट्रिय जनगणना २०५८ र नेपाली बौद्धहरू | भिक्षु कोण्डन्य | ३४ |
| १८. | भोजनदान | मुनीन्द्ररत्न वज्राचार्य | ३९ |
| १९. | जिगु नुगलय् थ्यूगु "नुगः" | राजा वज्राचार्य | ४० |
| २०. | धर्मकीर्ति विहार-गतिविधि | – | ४३ |
| २१. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | ४४ |
| २२. | धर्मकीर्ति विहार स्वास्थ्य उप-कमिटीको आर्थिक विवरण २०५७ साल बैशाख देखि फागुनसम्म | | ४५ |
| २३. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन | | ४६ |
| २४. | श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थबिरजुयात अभिनन्दन पत्र | | ५० |
| २५. | श्रद्धेय भिक्षु कुमार काश्यप महास्थबिरजुयात अभिनन्दन पत्र | | ५१ |
| २६. | धर्म प्रचार-समाचार | – | ५३ |


Dhamma.Digital



# २५४५ औं बुद्ध पूर्णिमाको

पावन अवसरमा समस्त ग्राहक महानुभावहरूमा
हार्दिक एवं मंगलमय शुभ कामना
ब्यक्त गर्दछौं ।

**Auto Parts International**

G. P. O. Box: 3466, Kamal Arcade, Putalisadak, Kathmandu, Nepal
Tel.: 231110, 225607, 244317
E-mail: api@gagan.wlink.com.np

Downloaded from http://www.dhamma.digital

# वैशाख पूर्णिमाको महत्त्व

✍ भुवनलाल प्रधान

वैशाख पूर्णिमा-बुद्धधर्मका अधिष्ठाता गौतम बुद्धको जीवनमा त्रियोग अर्थात् जन्म, बुद्धत्व-प्राप्ति र निर्वाणको संयोग परेको दिन हो । बौद्धहरुका निमित्त त यो दिन धार्मिक महत्त्वको अवसर हुने नै भयो । यसैले श्रीलङ्का, म्यानमार (बर्मा), थाइ देश, कम्पुचिया, चीनको तिब्बत प्रदेश, मङ्गोलिया आदि देश-प्रदेशका जनताले यस दिनलाई धूमधामसित मनाउँछन् । साथै चीन, जापान आदि बौद्धहरू धेरै संख्यामा रहेका देशहरूमा पनि यस दिनलाई विशेष रूपले मनाइन्छ । त्यस्तै संसारभर यत्रतत्र छरिएका बौद्ध धर्मावलम्बीहरू र बुद्धप्रति श्रद्धा राख्ने व्यक्तिहरूले पनि यस दिनलाई मनाउँदै उनका मानव-कल्याणकारी उपदेश-शान्ति, मैत्री, करूणा, समता आदिको स्मरण र अनुशीलन गर्दछन् ।

यसरी बुद्धप्रति आज जतातते जुन आदर गरिन्छ त्यसको कारण मूलत: के देखिन्छ भने पच्चीस शय वर्ष अगाडि 'शक्ति नै सत्ता' मानिने त्यस प्राचीन युगमै बुद्धले युद्ध, लडन्त-भिडन्त, काटमार, हिंसाको विरोध गरिसकेका थिए, अनि विश्वशान्ति, मैत्री, करूणा आदि गुणहरूको अनुशीलनमा जोड दिएका थिए । उनका उपदेश विश्वशान्ति र मानव-मानवका बीच मैत्री भावनाको अभिवृद्धि गर्नेतिर कत्तिको उपयोगी छ भन्ने कुरो सम्राट् अशोक (ई.पू. २६५-२८) ले आफ्नो समयमा छिमेकी देशहरूमा बुद्धका शान्ति सन्देशहरू फैलाउन सञ्चालन गरेका अभियानहरूबाट नै छर्लङ्ग हुन्छ । उनले युद्ध परित्याग गरेको घोषणाद्वारा आफ्नो विशाल साम्राज्यका जमतालाई पशुपंक्षीहरूप्रति समेत मैत्री, करूणा भाव राख्न लगाउनाका साथै परपरसम्मका छिमेकी देशहरूमा शान्ति, मैत्री, करूणा, भातृत्व सम्बन्धी बौद्ध सन्देश सम्झाउन शिष्टमण्डलहरू पठाए तथा त्यसै युगमा पशु-चिकित्सालयहरू समेत स्थापना गरेका थिए । आजभन्दा तेइस शय वर्ष अगाडि नै बुद्धका सच्चा अनुयायी ती सम्राटबाट प्रस्तुत गरिएका विश्व शान्ति र सद्भावनाका यस्ता ज्वलन्त उदाहरण विश्व इतिहासमा अनुपम छन् ।

तर हामी नेपालीहरूका निमित्त आजको दिनको महत्ता उपरोक्त तथ्य बाहेक अरू कैयन विशिष्ट कुराहरूमा आधारित छ । प्रथमत: बुद्ध जन्मेको ठाउँ-प्राचीन लुम्बिनी उद्यान र उनले आफ्नो प्रारम्भिक जीवन बिताएको ठाउँ कपिलवस्तु राज्य वर्तमान समयमा हाम्रै अधिराज्यको भूभागभित्र अवस्थित रहेको तथ्यबारे विचार गर्दा वैशाख पूर्णिमा, बौद्ध धर्म वा बुद्धको महिमा केवल बौद्ध नेपालीहरूमा मात्र सीमित नभई नेपाली मात्रमा व्याप्त भएको प्रतीत हुन्छ । द्वितीयत: हाम्रो जनताको एउटा खँदिलो अङ्ग अर्थात् तामाङ, राई, लिम्बू, मगर, नेवार, गुरूङ, थारू आदि जातिहरू बौद्ध छन् । यसरी विभिन्न जातिले मनाउने गरिआएको बुद्धको धर्मले हाम्रो सामाजिक र राष्ट्रिय जीवनमा विशेष स्थान लिनु स्वाभाविकै छ । तृतीयत: हाम्रा कला-संस्कृति र केही हदसम्म हाम्रो इतिहास पनि बुद्ध र उनका धर्मबाट प्रभावित छन् । व्यावहारिक रूपले त नेपाली संस्कृति भन्नु नै बौद्ध कला-संस्कृति हुन्छ । स्वयम्भू, बौद्ध, महाबौद्ध आदि कतिपय स्तूप, चैत्य, विहार, बाहाल-बहिल, मन्दिरहरू जति धर्मका निमित्त महत्त्वपूर्ण छन् उत्तिकै कलाका निमित्त पनि । बौद्ध धर्म नेपाली कलाका निमित्त साधन बनेको छ भने नेपाली कला बौद्ध धर्मका निमित्त पनि साधन बनेको छ । नेपाली जन-जीवनमा धर्म र संस्कृति अभिन्न रूपले सँगसँगै हुर्के । धार्मिक भावनाले कलाकारलाई प्रेरणा मिल्यो र कलात्मक शीपले धार्मिक भावनालाई पनि उठायो ।

चतुर्थत: नेपालको गौरवको वृद्धितिर पनि बौद्ध धर्मको देन कम छैन । यस सन्दर्भमा बुद्धभद्र, भृकुटी अरनिको, लुम्बिनी, तिलौराकोट आदिको उदाहरण प्रस्तुत गर्न सकिन्छ । हाम्रो देशलाई यिनीहरूको कारण जुन गौरव प्राप्त भएको छ त्यसको पृष्ठभूमिमा बुद्ध र बौद्ध धर्म नै रहेका छन् । वैशाख पूर्णिमाका दिनले राष्ट्रिय महत्वका यी तथ्यहरूतिर पनि सङ्केत गर्दछ ।

तर बुद्ध जयन्तीका उपलक्षमा ठाउँ-ठाउँमा आयोजित सभा समारोह एवं प्रवचनहरूमा यस्ता कुराहरूको सम्झना वा बखान गर्दैमा राष्ट्रप्रतिको हाम्रो

कर्तव्य पालन हुने वा बुद्धप्रतिको हाम्रो श्रद्धा कायम हुने होइन । बुद्धका शान्ति र भातृत्वको सन्देश, हिंसा र युद्धको परित्याग, समता र सहिष्णुताको भावना फिंजाउने कार्यमा हामीहरू कतिको सक्रिय छौं- विचारणीय कुरो यही हुन्छ ।

फेरि, आ-आफ्ना धार्मिक स्थललाई सकेसम्म भव्य रूपले सिँगार्ने चलन संसारमा जहींतहीं छ । यस्तो चलन हिजो आजको मात्र होइन । सात आठ हजार वर्ष अगाडि नै उत्कृष्ट सभ्यता र संस्कृति विकसित गरिसकेका आर्मिनियन, सुमिरियन, आसिरियन, बेबिलियनहरूले आ-आफ्ना धार्मिक स्थल भव्य रूपले सजाइसकेका थिए । हामीहरू प्राचीन सुमिरियनहरूका निप्पुर, बेबिलोन, मिश्रवासीहरूका मेम्फिज, थीब्ज, प्राचीन अमेरिकीहरूका युकाटा, आय्जटेक, ग्रीकहरूका आयन्थिजमा बनाइएका कृतिहरू धार्मिक भावनाहरूले कतिका ओतप्रोत छन् भनेर चाख लिंदै तिनबारे पढ्छौं । तर हाम्रो कला, हाम्रो संस्कृतिको कुन पक्षले हामीहरूले आफ्नो लुम्बिनीलाई सजाउन सकेका छौं ? लुम्बिनीलाई विश्वशान्ति र विश्वमैत्रीको मूल तीर्थस्थलको रूपमा निर्माण गर्ने जिम्मेदारी अरूहरूको मात्रै हो कि हाम्रो पनि हो ? अनि लुम्बिनीमा हाल आ-आफ्ना शैलीका चैत्यहरूको निर्माणमा कार्यरत विदेशी मित्रहरू त्यहाँ पानी, सिमेन्ट आदिको अभावमा काम रोकिएको शिकायत गर्छन् । उनीहरूलाई हाम्रा तर्फबाट पुऱ्याउनु पर्ने सुविधाहरूको व्यवस्था किन भइरहेको छैन ?

तिलौराकोटलाई पनि उपेक्षित राख्न मिल्दैन । लुम्बिनी पुगेका कुनै श्रद्धालु यात्रु त्यहींबाट कपिलवस्तु अर्थात् तिलौराकोटका भग्नावशेष हेर्न जान चाहेमा नेपाली भूभागबाट जानु सुविधाजनक हुँदैन । भारतको नवगढ-सोरथागढ भएर तौलिहवा पुग्नु पर्दछ । नवगढ-सोरथगढबाट फेरि नेपाली भूभागमा पसेर तौलिहवा पुगेको अत्तोपत्तो धेरैजसो आगन्तुकहरूलाई हुँदैन । अनि कतिपय विदेशीहरू त तिलौराकोट पनि भारतैमा परेको छ कि भन्ने धारणा लिएर जान्छन् । भारतको पिपरहवामा भैरहेको नयाँ निर्माणले त यस्तो धारणालाई बलियोसँग पुष्टि गर्दछ । त्यसैले पनि यतातिर हाम्रो विशेष सक्रियतामा रहनु पर्दछ ।

जुन देशको भूभागमा बुद्धको जन्म भएको थियो, जुन देशका जनता पर्याप्त संख्यामा बौद्ध छन्, जुन देशका संस्कृतिसँग बौद्ध धर्म उनीएको छ र जुन देशको गौरवसँग बौद्ध धर्म गाभिएको छ त्यस देशमा बौद्ध धर्मको महिमा कति हुन्छ भन्ने कुरा गरिरहनु परोइन । तर पूर्णिमाका दिन माहात्म्य गाएर वा तमाशा मात्र गरेर हामीहरूले बुद्धप्रति सन्मान गरेको ठहरिन्न । बरू उनको विचार, उनको आदर्शलाई बढी मात्रामा व्यवहारमा ल्याउनु नै उनीप्रति हाम्रो सच्चा श्रद्धाञ्जलि हुनेछ । बुद्धका अनुयायी एवं धर्म-प्रचारक सम्राट अशोकको आज भारतले कत्रो आदर गरिरहेछ । अशोकचक्र आज भारतको राष्ट्रिय झण्डामा अङ्कित भएको छ । उनको एउटा स्तम्भमा स्थापित तीन-सिंह मूर्तिको प्रतीक आज भारतको धर्मनिरपेक्ष भारतीय सरकारको राष्ट्रिय चिन्ह बनेको छ । तर आफ्नो एकजना महापुरुषको आदर हामी नेपालीहरूबाट भइरहेको देखिन्न । जेरूसेलम वा मक्का कत्तिको पुण्यभूमि सम्झिइन्छ । त्यहाँ वर्सेनी लाखौं श्रद्धालु यात्रुहरू पुग्छन् । जोर्डन नदीको पानी सम्मको पनि महिमा कत्रो छ । तर लुम्बिनी उपवनको महात्म्य के हामीहरूले स्थापना गर्न सकेका छौं ? यता पच्चीसौं वर्षदेखि लुम्बिनी विकास सम्बन्धी समिति एकपछि अर्को बन्दैछ, विघटन हुँदैछ । तर लुम्बिनीको विकास भने आजसम्म पुरा हुन सकेको छैन । बुद्धको जन्मस्थल लुम्बिनी, बुद्धको प्रारम्भिक क्रीडास्थल कपिलवस्तु-तिलौराकोट विश्वशान्ति र विश्व-मैत्रीको प्रतीकका रूपमा प्रमुख तीर्थस्थल बनाउनु हाम्रो कर्तव्य हो, तर त्यो कर्तव्य हामीले कहिले पूरा गर्ने ? के प्रत्येक साल आउने र मनाइने वैशाख पूर्णिमाले यस कर्तव्यको सम्झना गराउँदैन ?

■

*"मलाई गालि गऱ्यो, मलाई पिट्यो, मलाई हराई दियो अथवा मेरो लगिदियो इत्यादि भनेर जसले आफ्नो मनमा बराबर विचार गर्छ, त्यसको मनमा कहिले पनि वैरभाव शान्त हुने छैन ।"* **- धम्मपद**



Downloaded from http://www.dhamma.digital

# महिलामुख जातक

✍ प्रकाश बज्राचार्य

"आहा ! क्या मजासंग चोरिएछ त आज ?"

"यति पैसा पाउँला भन्ने त आशै थिएन मलाई।"

"त्यो सैनिकलाई नमारेको भए कहाँ यति पैसा आउँछे र ?"

"साँच्चै हगि ? मान्छे मर्नु पनि बेस कुरो रहेछ।"

"आजको जमाना नै यस्तो ! अरूलाई गालि नगरी, नतर्साई, नमारी केही पनि हासिल गर्न सकिदैन।"

"अस्तिकै कुरो नि ! सेठलाई दुई चार मुक्का हानी नतर्साएको भए, मारिदिन्छु भनी नतर्साएको भए के हामीले पैसा लुट्न पाउँथे र ?"

"आखिर जसले जे भने पनि रिसाहा हुनु नै जाति रहेछ। बेला बखतमा मान्छे पनि मारिदिनु पर्दो रहेछ। त्यसैले होला सबै हामीदेखि तर्सेर हामीले भने जस्तो गर्ने।"

"अब भोलि कहाँ लुट्न जाने त ?"

चोरहरूको जमातमा कुरोकानी हुँदै थियो। गुप्त मन्त्रणा सकिएपछि उनीहरू सुत्न गए। अर्को दिन पनि त्यहिं भेला भई चोरहरू मन्त्रणा गर्न बसे। यसरी धेरै दिनसम्म उनीहरू सोही ठाउँमा आई चोरी गर्ने नीति बारे कुराकानी गर्न भेला हुन थाले।

त्यो ठाउँ थियो राजदरवारको हस्तशालाको नजिकै। ती चोरहरूको कुराकानी हस्तशाला रहेको महिलामुख नाउँको एक मंगल हात्तीले सुनिराख्ने गर्थ्यो। पशुको जात न ठहरियो। पर्खालको पारी गरिराख्ने कुरोकानीलाई त्यो हात्तीले उसैलाई उपदेश दिएको भन्ठानेछ। यो संसारमा रिसाहा हुनेलाई, निर्दयी भई अरूलाई मार्नेलाई नै भलो हुँदो रहेछ भन्ने कुरा त्यो हात्तीको मनमा पसेछ।

भोलिपल्ट। बिहान सबेरै हस्तबलमा सफा गर्न आउनेलाई त्यो हात्तीले कुल्चेर ठाडै मारिदियो। खाना ख्वाउन आउने माउतेलाई सुंडले बेरेर भुइँमा पछारिदियो। हात्तीको त्यो पारा देखेर कसैले पनि उसको अगाडि जाने हिम्मत गर्न सकेनन्।

मंगल हात्ती बौलाएछ भन्ने खबर राजदरवारमा पुगे। राजा, मन्त्रीगण र पण्डितहरू बसी विचार विमर्श गर्न थाले। तीमध्ये एकजना विद्वान पण्डितलाई हात्ती बौलाउनुको कारण पत्ता लगाउन आदेश दिइयो।

पण्डितले जाँचबुझ गरे। हात्ती स्वस्थ थियो। कुनै केही खराबी थिएन। चतुर पण्डितले विचार गरे हो न हो कसैले त्यो हात्ती कान फुकिदिएको छ। छानबिन गर्दै भएपछि सुइँको पाइयो कि हस्तशाला नजिकै राती चोरहरू मन्त्रणा गर्न आउँदो रहेछ।

पण्डित भई राजाकहाँ जाहेर गर्न गए, "महाराज ! कोही कोही अरूको कुरो सुनी ठीक बेठीक नछुटाई आँखा चिम्ली काम गर्दो रहेछन्। अरूले भन्यो भन्दैमा पत्याउँदा रहेछन्। महिलामुखी हात्तीलाई पनि त्यसै भएछ। हस्तशालाको नजिकै चोरहरूले कुमन्त्रणा गर्न आउने सुनी हात्तीले पनि त्यही कुलतलाई सुलत मानेछ र त्यसैले रिसाहा भई निस्केको हो।"

राजाले भने, "शाबास पण्डितजी। तपाइँ त हात्तीहरूको मनोविज्ञान पनि बुझ्नु हुँदोरहेछ। अब के उपाय गर्नु पर्ला त ?"

पण्डितले सुझाव दिए, "राजन् ! प्रथमतः ती चोरहरूलाई समात्नु पर्‍यो। दोस्रो कुरा त्यस ठाउँ पण्डितहरू बसाई बारम्बार धर्म चर्चा गराउनु पर्‍यो। यसो गर्नाले हात्तीले राम्रा कुराहरू सुन्ने छन् र तीलाई आफ्नो आदर्श बनाउने छन्।"

तुरन्तै राजाले सोही अनुसार काम गर्न हुकुम भए।

× × ×

**यो जातक अरूको हाहामा लाग्ने एक भिक्षुको सम्बन्धमा बुद्धले बताउनु भएको थियो। यसमा पण्डित हुने बोधिसत्व थिए। ■**

*"इन्द्रिय संयम गरी राम्रो नदेख्ने, भोजनमा मात्र ज्ञान राख्ने र श्रद्धा वीर्य कायम राखेका यस्तालाई, पर्वतको ढुङ्गा बतासले हल्लाउन नसके झैं मारले डगाउन सक्तैन।"* - धम्मपद

# संवेदनाप्रति श्रद्धा र त्यसको प्रत्यक्ष अनुभव

*अनुवादकः दोलेन्द्र रत्न शाक्य, चाकुपाट, ल.पु.*

तिस्सो इमे, भिक्खवे, वेदना । कतमा तिस्सो ? सुख वेदना, दुक्ख वेदना, असुखअदु:ख वेदना । सुखाय, भिक्खवे, वेदनाय रागानुसयो पहातब्बो, दुक्खाय वेदनाय पटिघानुसयो पहातब्बो, अदुक्खमसुखाय वेदनाय अविज्जानुसयो पहातब्बो ।

साधकहरू, तीन प्रकारका संवेदना हुन्छन् । कुन कुन तीन ? सुख संवेदना, दु:ख संवेदना र अदु:ख असुख संवेदना । अन्तर्मनको गहिराइमा दबिएर रहेका सुखद् संवेदनाप्रतिको चाहलाई त्याग्नुपर्छ । अन्तर्मनको गहिराइमा दबिएर रहेका दु:खद् संवेदनाप्रतिको घृणालाई पनि त्याग्नुपर्छ । अनि अन्तर्मनको गहिराइमा दबिएर रहेका अदु:खद् असुखद् संवेदनाप्रतिको मोहलाई पनि त्याग्नुपर्छ ।

*पहाण सुत्त, संयुक्त निकाय, XXXVI 3*

सबै धर्महरूले शील सदाचारको जीवन व्यतित गर्नुपर्छ, मनको मालिक हुनुपर्छ र मनलाई विकारमुक्त बनाउनुपर्छ भनेर शिक्षा दिएका हुन्छन् । धर्मग्रन्थहरूमा यस्ता उपदेशहरूलाई पढ्दा, भक्तहरूले ती उपदेशहरूलाई श्रद्धावश वा बुद्धिको स्तरमा मात्र स्वीकार गर्दछन् । तर स्वीकार्नुले मात्र केही उपलब्धि हुँदैन, वास्तविक फाइदा त अभ्यासले नै दिन्छ । कोरा कल्पना र सुगा-रटाइले केही उपलब्धि हुँदैन ।

पानी के के मिलेर बन्दछ भन्ने कुरा पढेर मात्र हाम्रो प्यास मेट्दैन । रेष्टुरेन्टको मेनु-कार्ड पढेर मात्र हाम्रो भोक शान्त हुँदैन । डाक्टरको प्रेश्क्रिप्शन पढेर मात्र हाम्रो रोग निको हुदैन । न त ध्यान अन्यत्र लगाइदैमा प्यास, भोक र रोगबाट हामीलाई त्राण मिल्दछ । त्यसैगरी जीवनका समस्याहरूलाई बिर्सन खोज्दैमा समाधान मेटिँदैन । न त समस्या समाधानबारे टिकाटिप्पणी गर्दैमा केही हुन्छ । समस्या समाधानको लागि ठोस कदम नचालेसम्म वा धर्मको अभ्यास नगरेसम्म दु:खको भुमरीमा फनफन घुमिरहनु पर्छ नै ।

दु:ख मुक्तिको अभ्यास त्यति सरल छैन । मनको विकारलाई निमित्यान्न पार्न कठीन परिश्रम गर्नुपर्छ । विकारलाई नजरअन्दाज गर्नु, मनलाई पलायन गर्नु तथा अन्य सुखद् आलम्बनमा अल्झाउनु त सरल हुन्छ । तर नजरअन्दाज, पलायन र प्रमाद क्षणिक हुन्छ । तिनको प्रभाव सदा रहिरहँदैन । प्रभाव हट्नासाथ समस्या जस्ताको तस्तै देखिन्छ । अन्तर्मनको गहिराइमा जबसम्म विकार रहिरहन्छ, मन भवरोगबाट सर्वथा मुक्त रहन सक्दैन ।

जब हामी दु:खद अवस्थामा हुन्छौँ, हामी त्यसबाट पलायन हुन खोज्दछौँ । दु:खद् स्थितिबाट उम्कन मनलाई अन्य कुनै सुखद् विषयमा अल्झाउन खोज्दछौँ । दु:ख बिर्सन सघाउ पुऱ्याउने अनेकन साधनहरू पाइन्छन् जस्तै सिनेमा, टेलिभिजन, सर्कस वा प्रदर्शनी इत्यादि । अझ त्यसभन्दा खराब त रक्सी, जुवा र लागूपदार्थ हुन् । यदि यस्तो सुखको आलम्बन नभेटिएमा वा नचाहिएमा धार्मिक नशाकै शिकार भइन्छ जस्तै भजन कीर्तन गर्नु, पूजाआजा गर्नु, जपपाठ गर्नु र कर्मकाण्डमा आफूलाई व्यस्त पार्नु । दु:खका स्रोत मानिने भौतिक आलम्बनभन्दा धार्मिक नशा नै उपयुक्त हुन्छ तर आखिर बन्धन त बन्धन नै हुन् । एकछिन त भौतिक नशाले मनलाई भुलाउन त सक्दछ तर अन्तर्मनमा दबिएर रहेको विकार समय पाएर सतहमा प्रकट हुन्छन् । जति दबाउन खोजियो त्यति शक्तिले विस्फोट पनि हुनसक्छ । मन अन्तै लगाउनु वा दबाउनुले दु:खको कारणलाई निवारण गर्न सकिदैन बरु यसले दु:खको सम्बर्द्धन नै गर्दछ ।

वास्तवमा दु:खको उदयको कारण भित्र हुन्छ, बाहिर होइन । दु:खको कारण हामी भित्रै रहेको विकार वा क्लेशमा छ । बाहिरबाट प्रक्षेपित अनपेक्षित कारणहरूसित सुखद् कारण विनिमय गर्नु आफैलाई धोखा दिनु हो । रोगको उचित उपचार त्यो होइन, त्यो त मनलाई भुलाउने वा फकाउने क्रिया मात्र हुन् ।

दु:खसँग सामना गर्ने उचित उपाय त यसलाई ठीकसित बुझ्नु हो । यस उपायको प्रयोगका लागि जोसुकैले पनि प्रथमत: आफैलाई सोध्नुपर्छ कि म किन



Downloaded from http://www.dhamma.digital

दु:खी छु । अनि स्पष्ट जवाफ पाउन सकिन्छ । जब व्यक्तिले आफूलाई मन नपर्ने बस्तु, व्यक्ति र स्थितिको सामना गर्दछ, उसले ती विषयप्रति दुर्भाव पैदा गर्न थाल्दछ । त्यो दुर्भाव (घृणा) पनि एक प्रकारको राग नै हो अर्थात मन नपर्ने कुराबाट आफूलाई अलग्याउने तृष्णा । मनको स्वभाव ईच्छित बस्तुलाई प्राप्त गर्नु हो र जब अनपेक्षित बस्तुसँग त्यसको सामना हुन्छ, त्यसले द्वेष उत्पन्न गर्दछ । जबसम्म मन तृष्णाको वशमा रहन्छ, द्वेषको वशमा पनि रहिरहन्छ । दुबैले हामीलाई उत्तेजित र दु:खी बनाउँछ । किनकि दुबै दु:खका कारण हुन् । बुद्धिको स्तरमा पनि यसलाई बुझ्नु बेस हुन्छ । तर साँच्चैनै मनलाई दु:खबाट मुक्त गर्नु छ भने बुझेका कुरालाई कार्यान्वयनमा ल्याउनुपर्छ । हामीले राग र द्वेषको स्वभावलाई मूर्तरुप नदिनको लागि केही गर्नै पर्छ । अनिमात्र हामी दु:ख मुक्त रहन सक्दछौं ।

केही गर्न अवश्य सक्छौं अर्थात धर्मलाई अभ्यासको स्तरमा ल्याउन सक्दछौं । तर समस्या सामना गर्ने क्रममा साधक छिट्टै निरुत्साहित हुन पुग्दछ । मैले यसो कहाँ गर्न सकूँला र भन्ने विचार र हतोत्साही मनले यसो भन्न पुग्छ- म यस कामको लागि साह्रै कमजोर छु, मलाई यस कार्यको लागि अदृश्यशक्तिको सहायता चाहिन्छ । यसरी उसले सर्वशक्तिमान ईश्वरको कल्पना गर्दछ र गिडगिडाउँछ- मलाई यस दु:खको खाडलबाट मुक्त गरिदेऊ । उसले आफूमा अन्धभक्ति पैदा गर्दछ र त्यस काल्पनिक शक्तिको नाम जप्यो र उसको दर्शन गऱ्यो भने आफूलाई दु:ख सागरबाट तारिदिन्छ भन्ने विचार मनमा पल्लवित गर्दछ । उ आफ्नै भय र कमजोरीको शिकार बन्दछ । उसले बुझ्दैन कि उ नै सर्वोच्च जीव हो । उ आफैले आफ्नो अपमान र अवमूल्यन गर्न पुग्दछ ।

यदि यस विश्व ब्रम्हाण्डमा कोही सर्वशक्तिमान ईश्वर विद्यमान छ भने उसले बुझ्नु पर्दछ कि सबै प्राणीहरू दु:खमा परेका छन् । यदि उ साँच्चैकै शक्तिस्वरूप हो भने उसले सबै प्राणीहरूलाई दु:खबाट मुक्त गर्न सक्नुपर्छ । यदि यस्ता ईश्वर भनाउँदो आफ्नो नाम जप्नेहरूदेखि मात्र प्रशन्न हुन्छ भने हामीले मान्न कर लाग्दछ कि उ स्वार्थी हो र उसमा करुणा नामको कुनै गुण विद्यमान छैन । आफ्नो नाम धेरैले जपेको आफ्नो गुणगान सबैले गरेको हेर्न सुन्न कसलाई मन पर्दैन ? तर त्यस शक्ति पनि आफ्नो गुणगान गर्नेलाई मात्र केही दिन चाहन्छन् भने उसलाई दया, माया, करुणा र ममताले रिक्तिएको भन्दा अतिशयोक्ति हुँदैन । के सर्बोच्च विधायक यति स्वार्थी स्वभावका हुन सक्लान् ? यदि सर्बोच्च विधायक विद्यमान रहेकै भए पनि धार्मिक अन्धभक्तिले त तिनको अपमान र अवमूल्यन मात्र हुने भयो । उनको अस्तित्व रहेकै भए पनि र नरहेकै भए पनि अन्धभक्ति ठीक छैन ।

तर्कसंगत नभए पनि ईश्वरको नाम जप्यो भने ईश्वरले उनको पाप ताप धोइदिन्छ भन्ने कल्पनाले पनि उसलाई केही मानसिक सान्त्वना दिनसक्छ । त्यसैगरी ध्यानमा बस्दा उनले आफूले पढेको र देखेको मूर्तिको कल्पना गरेर त्यस रुप आकृतिमा ध्यान गर्न पुग्दछ । यी चित्रहरू जुन कागजमा, ढुँगामा र शब्दमा व्यक्त गरिएका हुन्छन् ती पनि कलाकारकै कल्पनाको उपज हुन् जुन उ आफैले देखेको छैन । उसको लागि त्यो मूर्ति आकर्षक हुन्छ किनकि उसले विश्वास गरेको हुन्छ कि यस देवदेवीले नै उसलाई तारिदिन्छ । त्यसैले उसले त्यस मूर्तिलाई मनमा धारण गर्दछ र त्यसलाई ध्यानको आलम्बन बनाउँछ । त्यस्ता काल्पनिक आकृतिलाई ध्यानको आलम्बन बनाइनुले निश्चय पनि हामीलाई सत्यको नजिक पुऱ्याउँदैन ।

त्यस्तै आफ्नो आशाको केन्द्रविन्दु बनाइएका ती स्वनिर्मित ईश्वरको नाम बारम्बार उच्चारण गर्दा रमाइलो मान्दछन् । जपका शब्दको पुनरावृतिले संवेदनाको सृजना गर्दछ जसमा उ मज्जा मान्दछ । ईश्वरले नै आफ्नो ईच्छा पूरा गर्दछ भनेर उ अन्धभक्तिमा डुब्न पुग्दछ र उसलाई आफूद्वारा निर्मित त्यस ईश्वरको नाम बारम्बार दोहोऱ्याउन उत्प्रेरित गर्दछ । तर त्यसबाट उत्पन्न संवेदना जति सुखद् भए पनि नाम जप्नुले मात्र साधकलाई सत्य-सापेक्ष बनाउन सक्दैन ।

हुनसक्छ, यस्तो अभ्यासले केही हदसम्म फाइदा पनि पुऱ्याउन सक्ला । जुन सुखद् संवेदना काल्पनिक र कृत्रिम आलम्बनबाट प्राप्त हुन्छ त्यस उसको मन

डुबुल्कि मार्न खोज्छ । यसले उसलाई दु:खबाट मुक्ति मिले जस्तो भान हुन्छ । तर त्यस्तो हुँदैन, दु:ख जस्ताको तस्तै रहिरहन्छ किनकि मनभित्रै दु:खले जरा गाडेको हुन्छ । त्यो जरा नउलेखिएसम्म दु:खबाट कदापि मुक्ति पाउन सकिंदैन ।

दु:खको जरा उखेल्न, हामी त्यस स्थानसम्म पुग्नुपर्छ र त्यस गहिराइसम्म पुग्नुपर्छ जहाँ विकारको उत्पति हुन्छ । जपले मात्र, पूजाले मात्र वा कल्पनाले मात्र त्यहाँ पुग्न सकिंदैन । हामीले त्यो सत्यको अन्वेषण गर्नुपर्छ जुन हामीभित्रै विद्यमान छ ।

जब साधकले आफूभित्र सत्यको गवेषणा गर्न थाल्दछ, उसले छिट्टै अनुभव गर्दछ कि बाहिरी आलम्बनहरू हाम्रा पाँच इन्द्रियमार्फत मात्र अस्तित्वमा आएका हुन् । ती इन्द्रियहरू पनि शरीरकै परिधिभित्र सीमित छन् । सत्यसँग साक्षात्कार गर्न साधकले आफ्नो शरीरभित्रै हेर्नुपर्छ- बाहिरी आलम्बनमा होइन । काल्पनिक आकृति र कृत्रिम आलम्बनलाई त्यागनुपर्छ, ती जतिसुकै आकर्षक देखियुन् र आफ्नो परम्परासँग मेल खाउन् ।

साधक शोधकर्ता वैज्ञानिक झैं निष्पक्ष बन्नुपर्छ । उसले आफूले आफूभित्र अनुभव गरिएका सत्यलाई जस्ताको तस्तै स्वीकार्नुपर्छ र त्यस सत्यलाई निष्पक्षतापूर्वक अवलोकन गर्नुपर्छ । यसरी कार्य गर्दै लैजांदा, प्रकृतिको सारा रहस्य खुल्दै जान्छ, विधिको विधान सबै स्पष्ट हुँदै आउँछ । दु:ख कसरी उत्पति हुन्छ, कसरी सम्बर्द्धन हुन्छ र कसरी दु:खबाट मुक्त हुन सकिन्छ भन्नेकुरा साधकले बुझ्दै जान्छ । यिनै ज्ञानको सहायताले साधकले दु:खका कारणहरूलाई उन्मूलन गर्न सक्षम हुन्छ । ती कारण वास्तवमा मनको विकार नै हुन् । ती प्रकृयाहरूलाई प्रत्यक्षरुपमा सत्यको दर्शन गरेर अथवा शरीरमा उत्पन्न संवेदनालाई यथाभूत अनुभव गरेर पूरा गर्नुपर्छ ।

सत्यको अन्वेषण गर्दा, साधकले शरीरमा उत्पन्न दु:खद् संवेदनालाई यथाभूत हेर्नुपर्छ । यसो गर्दा स्वयं उसले जबसम्म उत्पाद व्ययको स्वभावलाई स्वयं अनुभव गर्दैन त्यस संवेदनालाई विभाजन गर्ने, टुक्र्याउने, विश्लेषण गर्ने गर्दछ । यसो गर्दागर्दै उसले दु:खद् संवेदनाको यथाभूत अनुभव गर्दै आफ्नो मनबाट द्वेषको संग्रहित संस्कारलाई निर्मूल गर्दछ । यसैक्रममा सुखद् संवेदनाको अनित्यतालाई अनुभव गर्दछ र संग्रहित भएर रहेका रागको संस्कारलाई पनि निर्मूल पार्दछ । अनि अदु:ख असुख संवेदनाको अनित्यतालाई पनि भाविता गरी संगहित मोहका संस्कारलाई समेत निर्मूल गर्दछ ।

सबै प्रकारका मानसिक विकारहरू तीन कुरामा आधारित भई उत्पन्न हुन्छन्- राग, द्वेष र मोह ।

जब यी तीनको उन्मूलन हुन्छ, विकारको कारणले उत्पन्न दु:खहरू पनि क्रमश: समाप्त हुन पुग्छन् । यो कुरा तब मात्र सम्भव हुन्छ जब साधकले आफ्नो मन र शरीरको धरातलमा स्थूलदेखि सूक्ष्मतम सत्यको अन्वेषण गर्दछ । यस अन्वेषण कार्यबाट उसले आफ्नो मन विशुद्ध पार्छ अनि नाम र रूपको क्षेत्रलाई नाघेर अन्तिम सत्यको साक्षात्कार गर्न सक्षम हुन्छ जुन अब उत्पाद व्यय हुने अवस्थादेखि बाहिर छ ।

त्यस भवातीत अन्तिम सत्यको अनुभव गरेपछि, साधक आसंक्तिरहित भई प्रज्ञाको क्षेत्रमा प्रतिष्ठित हुन्छ । कुनै पनि बाधा अडचनले त्यस साधकलाई छेकबार लगाउन सक्दैन । जीवनमा प्रिय वा अप्रिय, सुखद् वा दुखद् जुनसुकै परिस्थिति आइपरेमा पनि उसको मन सदा सन्तुलित रहन्छ ।

यसरी विपश्यनाको अभ्यास गरेर साधक दु:खमुक्तिको मार्गतिर अग्रसर हुँदैजान्छ । जति जति मन विकारमुक्त हुँदैजान्छ, त्यति त्यति साधक दु:खबाट मुक्त हुँदै जान्छ र उसले सच्चा सुखको रसास्वादन गर्दछ ।

आऊ, हे साधकहरू हो । सबै प्रकारको कल्पना र कृत्रिमतालाई त्यागौं । आफ्नो शरीरमा स्वाभाविकरूपमा उत्पन्न भइरहेको संवेदनाको सहायताले सत्यको अन्वेषण आफूभित्रै गरौं अनि सबै मानसिक विकारहरूको समन गरौं अनि सच्चा सुख र शान्ति (निर्वाण) को साक्षात्कार गरौं । यसैमा हाम्रो कल्याण छ । अस्तु !

भवतु सब्ब मंगलं

२०५७।९।१७

*(पूज्य विपश्यनाचार्य श्री सत्यनारायण गोयन्काज्यूको 'Vedana : from Devotion to Derect Experence' को अनुवाद)*



Downloaded from http://www.dhamma.digital

# बुद्ध मूर्तिप्रतिको कुबुद्धि

वसन्तकुमार चौधरी

मूर्ति जोसुकैको होस् यदि त्यसमा कलाकारिता छ भने त्यो सबैका निम्ति कलात्मक महत्व राख्दछ । कलाकारले कुँदेको कुनै पनि मूर्तिप्रति वा कलाप्रति मानव भाव सदा अल्हादित रुपमा पोखिन्छ । त्यसैगरी विश्वका दार्शनिक, चिन्तक, साधु सन्त र महापुरुषहरू चाहे जुनसुकै भूभागका र जुनसुकै सम्पद्रायका होउन् ती विश्वकै साझा आस्थाका पात्र मानिन्छन् । धर्म र देशको सीमा रेखाले कुनै पनि कलाकारिता र महापुरुष सीमित, शंकुचित र घृणित हुँदैन । विश्वका कतिपय महान् व्यक्तिहरू विश्वका सबैका निम्ति अनुकरणीय प्रेरक चरित्र बन्दछन् । यही आस्था भावले नै मानवताको महक फैलन्छ ।

तर विश्व मानव जातिका अगाडि अहिले एउटा कटुता खडा भएको छ- मान्छेका आँखाले देख्न नपर्ने एउटा दृश्य देख्नु परेको छ अफगानिस्तानमा । अफगानिस्तानको तालिवान सरकारले त्यहाँ रहेका प्राचीन बुद्ध मूर्तिहरूलाई चूर्ण पारेर मिल्काउने जुन प्रकारको बर्बरता प्रदर्शन गऱ्यो, त्यो सभ्य, शिष्ट र उच्च मानव इतिहासकै निम्ति एक कलंकित अध्याय हो ।

धर्म र राजनीति ऐतिहासिक संस्कृति र सम्पत्तिभन्दा गौण कुरा हुन् । आदर्श संस्कृति सुमनोहारी कलाकृति र विशिष्ट दार्शनिक व्यक्ति विश्वकै निम्ति उच्च र उज्याला कुरा हुन् । साँढे दुई हजार वर्ष अघि पृथ्वीमा सच्चा मानवका रुपमा जन्मेका भगवान् गौतम बुद्ध, जेसस क्राइस्ट, शंकराचार्य र मोहम्मद जत्तिकै, सम्पूज्य ज्योति हुन् । बुद्धले कुनै धर्मको प्रतिरोध गरेर होइन, बरु मानवीय बोधको अथाह चेतन धारालाई प्रवाहित गरेर विश्व मानव समुदायमै भावनाको उजागर गरेका हुन् । ती बुद्धका बोध र ज्ञान तमाम मान्छेका निम्ति ग्राह्य छन् ।

बुद्ध धर्म वस्तुत: मानवतावादी, शान्तिवादी र सदाचारवादी आदर्श हो । कुनै पनि रंग वर्ण वा धर्मका मान्छेका निम्ति उनको ज्ञान र आदर्श बिझाउने खालको छैन । तर पनि अफगानहरू र तालिवानहरूका निम्ति बुद्ध किन अप्रिय भए र उनको मूर्तिलाई विष्फोटन गर्नुपर्ने कुबुद्धि आयो ? आज विश्वभर यही प्रश्न छ । बुद्धलाई नबुझ्नु र उनलाई नपचाउनु बुद्धिहीनताको पराकाष्ठा हो । बुद्धले हामीलाई बुद्धि र बोधले ओतप्रोत बनाउन खोजेका हुन् र सुमार्गतिर हामी लाग्न सकौं भनेर बुद्धत्वको ज्ञानधारा विश्वभर बगाएका हुन् ।

दुई हजार वर्ष अघि अफगानिस्तानको भूमिमा महान् कला मर्मज्ञ र मानवतावादी दर्शनका अनुयायीहरूले बुद्धका ज्यादै अग्ला र विशाल मूर्तिहरूको संरचना र स्थापना गरे । आज हजारौं वर्ष अधिका आफ्ना पुर्खाले खडा गरेका त्यस्ता निधि र वैभवलाई विध्वंश गरेर हटाउन खोज्नु स्वयंमा आत्मबञ्चना हो, आफ्नै पितापुर्खाको अपमान हो । तालिवानहरूले अहिले जे गरे, त्यो स्वयं आफ्नै अनुहारमा कालो दल्ने काम गरे- मानवतावादी विश्व मानव समुदाय यसै भन्छ ।

बुद्ध हिन्दू, जैन, इसाई र इस्लाम कसैका दुश्मन होइनन् । अनि बुद्ध एसिया, युरोप, अफ्रिका र अमेरिकाको भौगोलिक चरित्र पनि होइन । त्यसैले त उनका बोध सिद्धान्त, उनको बोधिसत्व सबैका निम्ति शाश्वत र सराहनीय छ । त्यसैले बुद्धप्रति लाञ्छना, घृणा वा अपहेलना गर्नु मानवजातिकै निम्ति आत्मघृणा र आत्म कलंकको विषय हो । यसमा कुनै अन्यथा छैन ।

तर पनि मान्छेको बुद्धिमा जब बिर्को लाग्छ- अनि कुबुद्धिले त्यहाँ हुनु नहुनु अनेक हुन्छ । अफगानिस्तानका तालिवानहरूले अहिले जे गरे र गर्दैछन्, त्यसैले आफ्नो कुबुद्धिको प्रदर्शन मात्र गरिरहेछन् । बुद्ध जन्मेको देशका बासिन्दाका नाताले मात्र होइन, विश्व शान्ति, विश्व मानवता, भाइचारा र अहिंसाका हिमायतीका हैसियतले पनि हामी तालिवानहरूको यो कुबुद्धिप्रति ज्यादै अप्रिय भाव राख्दछौं । सहिष्णुता, सज्जनता, शान्ति र सदाचारी भावना हरेक धर्मका शाश्वत विषय हुन्छन् । बुद्धको बोधमा त यो कुरा अझ सर्वोपरिरुपमा चित्रित छ । त्यस्ता बुद्धलाई देख्न नसक्नु शान्ति र मानव समुन्नतिलाई नै देख्न नचाहनु हो । विनासको दिशातिर समय जब जान्छ, तब मान्छेको बुद्धि विपरीत बन्छ । विनाशकाले विपरीत बुद्धि त्यही भएर भनिएको हो । आदर्श महापुरुषहरूका प्रेरक र पुज्य मूर्तिहरूलाई नष्ट गर्नु स्वयं विनाशलाई निम्त्याउनु हो र यो घोर दुर्बुद्धि हो ।

बुद्ध जन्मेको देश नेपाल विश्वकै गर्व गर्दछ बुद्धका नाताले । सबैलाई सद्बुद्धि, ज्ञान र उपयोगी उपदेश दिने बुद्ध कहीं पनि अपमानित हुनु हुँदैन भन्ने हाम्रो मान्यता छ । अफगानिस्तानमा भत्काइएको प्राचीन बुद्ध मूर्तिको विषयलाई औपचारिक विरोध मात्र हैन, बुद्ध जन्मेको देशका नागरिकका नाताले हामीले सशक्त राजनीतिक र नागरिक सचेतना जाग्रत गर्नुपर्ने तथा कार्य कदम अघि बढाउनु पर्दछ भन्ने यो पंक्तिकारलाई लाग्दछ ।

*साभार : दृष्टि साप्ताहिक*

# जीवन : एक नाटक

✍ जनार्दन नेपाल

हिजो जे भयो, भैगो । आज जे हुदैछ, ठीकै हुँदैछ । भोली जे होला, ठीकै होला । भावनामा डुबुल्किएर होइन, प्रकृतिलाई नियाल्छु अनि आफूलाई त्यसमा उभ्याउँछु- यस्तै पाउँछु । यसर्थ आफ्नै जीवनलाई भरसक चिन्ने प्रयासमा जुटेको छु । मानव जीवन किन अनि के-का लागि ? प्रश्न आश्चर्यजनक नभएता पनि गाम्भीर्यता भने अवश्य छ । थुप्रै विद्वानहरूले जीवनलाई अनेकानेक उपाधि दिएका छन् । 'मीठो-मसिनु-' को स्वादमा भुलिरहेछन् । 'दु:ख र पीर-' को उपाधि दिएर आँसु बहाउँछन् । अपितु, मलाई यी सब झन्झटमा नफँसिएर आफ्नै एक छोटो विचार पोख्नु मन लाग्छ । धेरै सोंची मनन गरी हेरें, (हुनता म त्यो चरममा पुगेको छुइनँ जहाँ यी सब विषयमाथि चिन्तन हुन्छ) जीवनलाई एक नाटकको रूपमा चिन्न सक्यो भने संसारलाई एक नाट्यशाला । मानव चाहिं अभिनय प्रदर्शनमा भौंतारिएका प्राणी । कतिको भनाइ यो पनि छ, मानवले प्रारब्ध कर्मबाटै यस जन्मको बागडोर तय गर्छ । यस प्रकारको भनाइलाई प्राथमिकता नदिएर जीवनलाई एउटा भिन्नै दृष्टिकोणले चियाउने प्रयासमा छु । यसलाई जो सुकै जे सुकै टिप्पणी गरुन्, शिरोधार्य छ ।

संसाररुपी रङ्गमञ्चमा विभिन्न श्रेणीका प्राणीहरू जीवन धारण गर्छन् । जन्मन्छन्, मर्छन् । सृष्टिको शुरुआतदेखिकै यो क्रमलाई लेखा जोखा गर्न नसकिएला । उनीहरूमा विवेकको कमी भएको कुरा सम्म चाहिँ बुझ्न सक्छौं । ती जीवनधारीहरूले जीवनरुपी नाटक पाए तापनि विवेकहीन भएर मानवको प्रपञ्चमा बाँधिएर अभिनय भैरहेको आँखादेखि लुकेको छैन । प्रकृतिको संरचना नै यस्तो रहेछ भनेर आफू चाहिं ढुक्क परेको छु । मानव जीवन विवेकशील छ । असम्भवलाई सम्भव बनाउन सक्ने क्षमता उसमा छ । अत: मानवजीवन सौभाग्यशाली होइन भन्न नपरोस् ।

सन् १९९२, अक्टोबर ४ को कुरा । फिल्म हलमा म थिएँ, साथीहरू थिए । वरिपरि अरू को-को थिए, त्यो म जान्दिनँ । चलचित्र शुरु भयो । प्रत्येक दृश्यमा प्रभावित भएर नजिकैका दर्शकहरू-कहिले 'च्च, च्च च्च', कहिले 'ला !' कहिले 'अहा !' इत्यादि आवाज निकाल्थे । दृश्यको नराम्रो पक्षलाई धिक्कार्नु अनि राम्रो पक्षलाई जोड दिनु दर्शकहरूको विशेषता थियो । चलचित्रको समाप्तीपछि आ-आफ्नो घर लागियो । यस प्रसंगबाट के स्पष्ट हुन्छ भने, कथानक वास्तविक होस् चाहे अवास्तविक, अभिनेताको सठीक अभिनयमा नै दर्शक लालायित रहेको हुन्छ । वास्तविक जीवनमा पनि मानवले राम्रो पक्षलाई नै चुनिरहेको हुन्छ । यो कुरा जाहेर होस् कि दर्शक (जो फिल्म हलमा थियो) स्वयं नै संसाररूपी नाट्यशालाको स्वतन्त्र अभिनेता । अभिनेत्री हो । फिल्म जगतमा भूलिएर आफ्नो वास्तविक जीवनलाई ख्याल नगर्नु मूर्खता मात्र हुन्छ । मानिसले पनि व्यस्तै अभिनय गरेर संसाररुपी रंगमञ्चमा अघि बढ्न सक्यो भने दुनियाँले प्रशंसा नगर्ला भन्न सकिन्न । सम्भवत: जीवनरुपी नाटक मानवीय अभिनयबाट ओतप्रोत छ ।

कुनै पनि ठाउँमा, कुनै पनि परिस्थितिमा अरूलाई साथै आफूलई लाभ हुने कर्म गर्नुपर्छ जसको परिणाम सर्वदा सुखदायी हुन्छ । प्रशंसाप्रद हुन्छ । कति प्राणीहरू यस्ता पनि छन् जो जीवनको नाट्य शैली नमिलेर पलायन हुन्छन् । यसरी यहाँ डराएर भाग्नुपर्ने कारण मैले देखेको छुइनँ । जीवन नाटक न हो ! अझ यसमा डटेर अभिनय गर्न पाउनु ता मानव जातिले गर्व गर्नुपर्छ । यसोस्ले म चाहन्छु, असल अभिनय गर्न पाऊँ, बस् यत्ति ।

मानवले गम्भीर चिन्तन गरेर प्रकृतिलाई नियाल्नु हो भने आफूलाई एक अभिनेता (अभिनेत्री) - को रुपमा पाउनु अस्वभाविक होइन नकि जीवनलाई एक नाटक अनि संसारलाई एक नाट्यशाला । मानवमा जति ज्ञान छ, जति बुद्धि छ, अरू कुनै प्राणीमा छैन । विवेकहीन प्राणीहरू पनि संघर्षशील छन् तर ज्ञानरहित संघर्ष जीवनदेखिको मृत्युसम्म मात्र सीमित रहन्छ । त्यस उपरान्त उनीहरू शून्य रहन्छन् । मानव जीवन



Downloaded from http://www.dhamma.digital

सुन्दर छ, कुरुप पनि छ । स्वादिलो छ, बेस्वादिलो पनि । सरल पनि छ, सहज पनि । सुन्दर छ भनेर गद्‌गद्‌ हुने होइन, अभिनय खट्‌किएको खण्डमा आँसु बहाउन पर्ने स्थिति प्रादुर्भाव हुन्छ । कुरुप छ भनेर अश्रु बहाउन पर्ने होइन, अभिनयको सफलतामा परम आनन्दको प्राप्ती हुन्छ । यस्तो सुन्दर जीवनमा हामीले मानव मात्रको हित नचिताएर सम्पूर्ण जीवधारी प्राणीको हित चिताउनु अनिवार्य देखिन्छ । हामी (मानव) ले अति छोटो समयमा आफ्नो अभिनयको प्रतिभा प्रदर्शन गर्ने अवसर पाएका छौं, त्यही पनि दानवीय आचरण अपनायौं भने त सायदै सत्चरित्रको अभिनेता (अभिनेत्री) बन्न विफल भइन्छ । अत: सो विफलतामा आफू पनि मुछिनु पर्ला कि भनेर आफूलाई एकप्रकारको चिन्ता लाग्छ ।

जीवन दु:ख र सुखको सम्मिश्रण हो भन्ने कुरो विदित नै छ । अनि यो पनि विदित छ कि नाटक पनि दु:ख र सुखको सम्मिश्रण हो । जुन नाटकमा दु:ख र सुखको तारतम्य मिलेको छैन, नाटक निरर्थक बन्न जान्छ । जीवनकै तल-माथि, दु:ख-सुखको सेरोफेरोलाई अंगालेर नाटकको रुप सृजना गरिन्छ । दु:खै दु:खमा मात्र जीवन नाटक सजिएको छैन नकि सुखै सुखमा । कुकर्म र सुकर्मको फलस्वरूप जीवन-नाटकको उज्यालो अँध्यारो तय हुन्छ ।

मैले जे पाएको छु- ठीकै पाएको छु । जे पाउनेछु ठीकै पाउनेछु । रत्तिभर चिन्ता छैन । मैले पाएको भन्दा अरूले धेरै पाएका होलान्‌ - सन्तुष्ट छु । पुछारमा, त्यहीकुरा दोहोऱ्याउँछु- साँचो अभिनेता (अभिनेत्री) को रूपमा मानव तब उभिन्छ जब उसले आफ्नो सम्पूर्ण अभिनय प्रदर्शन साँचो अर्थमा प्रयोग गर्छ । जीवनलाई नाटकको रूपमा चिनाउने क्रममा यी गन्थनहरू तर्फ लागें । धेरै मात्रामा अरूसँग मानवताको नाता गाँस्ने जमर्को गर्दै यो गन्थन यहीं टुंग्याउँछु ।

सन्तोषं परमं सुखम्‌ ।



BEST WISHES !

Sports point

SPORTS & MUSICAL GOODS

Wholeseller & Retailer

Kantipath, Jyatha
KATHMANDU, NEPAL

Phone: 267069, 248856
Res.: 259870
Fax: 00977-1-269284




शान्ति नायक गौतम बुद्धको
जन्म, सम्बोधी तथा महापरिनिर्वाण
सँगालेको
२५४५ औं वैशाख उत्सवमा सबैको
मंगल कामना गर्दछौं ।

जुजु रेडीमेड गार्मेण्ट
न्यूरोड
फोन: २२३००४

जुजु कलेक्सन
खिचापोखरी
फोन: २२१६६५

XYZ फेन्सी रेडीमेड पसल
खिचापोखरी
फोन: २२४६६४




**Best Wishes to**
**Dharmakirti Buddhist Study Circle**
**& all**
**on the auspicious occasion of the**
**2545 Vaisakh Purnima**

Last
Frontiers
Trekking (P) Ltd.

P.O. Box: 881, Lainchaur
Kathmandu, Nepal

Tel: 4-16146 (Off.) 258888 (Res.)
Fax: 977-1-431512
e-mail: mdsherpa@mos.com.np


Downloaded from http://www.dhamma.digital

# मैले पितालाई पिण्ड दिन छोडें

✍ डा. दिल्लीरमण रेग्मी

मेरा पिताजी २०३२ सालमा स्वर्ग हुनुभयो । उहाँ बितेका दुई वर्षसम्म पिण्ड दियो भने पाउनुहुन्छ भन्ने लाग्थ्यो । त्यसैले मैले दुई वर्षसम्म उहाँलाई पिण्ड दिएँ । उहाँ स्वर्ग भएको बेला म खुब रोएँ पनि । पिताको एउटै मात्र छोरो, सारा वात्सल्य मैमाथि थियो । दुई वर्षपछि मलाई लाग्यो मातापिता भनेको पनि एउटा मौकाको कुरा रहेछ । त्यसपछि मैले पिण्ड दिन छोडे पनि पितामाताप्रतिको भक्ति जस्ताको तस्तै छ । आफ्ना मातापिताप्रति त छदैंछ, हरेक व्यक्तिको दायित्व समाजप्रति बढी छ । हाम्रो पालन-पोषण सबै समाजले गरेको छ । त्यसकारण हाम्रो कर्तव्य समाजप्रति अध्याधिक छ ।

हाम्रो निर्माण समाजले गऱ्यो, त्यो समाजमा म विश्वलाई नै समावेश गर्छु । यो सानु समाज होइन, गाउँ होइन, परिवार होइन, देश होइन, विश्व नै । मैले पढेका किताबहरू कोही अमेरिकामा लेखिएका होलान्, कोही बेलायतमा र कोही चाहिं अन्यत्रै । बट्र्याण्ड रसेल, बर्नाड शा, आइन्सान्स्टाइन, कार्ल मार्क्स, लेलिनले जस्ता दार्शनिक र बैज्ञानिकका विचारले मलाई प्रभावित गरेको छ । आज म अर्कै रुपमा आएको छु, मेरो पहिलेको रुप छैन । पचास वर्ष अघिको रूप पनि मेरो आज छैन । आज म दया, करुणा, क्षममा विश्वास गर्छु । मेरो कुनै धर्म छैन । महावीरले मलाई सिकाउनु भएको छ । उहाँको चेलाले सोध्यो, 'धर्म भनेको के हो ?' उहाँले भन्नुभयो, 'धर्म भनेको सम्प्रदाय होइन, सम्प्रदाय भनेको एउटा जेलखाना हो, जेलखानाभित्र नजाउ । चाहे जुनसुकै धर्मले आफूकहाँ आउन भन्छ । महावीरले यो जेलखानाभित्र नजाउ भन्नु भएको छ । 'अहिंसा परमोधर्म', महावीर भन्नुहुन्छ । पुराना ऋषिमुनिहरूले उपनिष्दकालदेखि जे भन्दै आए त्यसैलाई महावीरले पनि दोहोऱ्याउनुभयो । त्यो छाप पनि ममा परेको छ ।

विश्व काल अनुसार बदलिन्छ । महावीरको पालामा अहिलेको जस्तो विश्व थिएन । आज विश्व महान भएको छ । बुद्धसँग चेलाहरूले सोधे, 'ईश्वरको कल्पना के हो ? आत्माको कल्पना के हो ?' 'तिमीले दया, करुणा, क्षमा देखेका छौ, यही हाम्रो धर्म हो । हामीले यसैको पछि लाग्नुपर्छ', बुद्धले भन्नुभयो । बुद्धको समयभन्दा आजको समय विशाल पनि भएको छ । यही विशालतामा भातृत्व पनि छ र खुम्चेर सानो टुक्रा जस्तो पनि भएको छ । मैले सारा विश्वलाई यी दृष्टिले हेरिरहेको छु । म विश्व भातृत्वको एउटा अंग हुँ । भर्खरै मकहाँ दुई जना मुसलमान प्राध्यापक आए । मैले म तिमीहरू मुसलमान हौ भनेर चिन्दिन, तिमी त मानव मत्र हौ भने । अर्का हिन्दू प्राध्यापक पनि सँगै थिए । मैले उनलाई पनि भनें म तिमीलाई हिन्दूका रुपमा जान्दिन । हिन्दू, मुसलमान आदि भनेका आवरण मात्र हुन् ।

रुख कुनै हतियारले काट्दा ऐइया भन्छ रे ! हामीलाई विज्ञानले धेरै पर पुऱ्याइसकेको छ । त्यसकारण जंगलको रक्षा गर्नुपर्छ, आवहवाको रक्षा हुनुपर्छ । मेरो सुरुदेखि नै यस्तो चेतना आएको छ । मेरो आफ्नै कुनै परिवार छैन । मेरो लागि विश्व नै परिवार हो । म आज विश्व मानव हुँ । पहिले म पनि अन्धविश्वासी थिएँ । त्यसैले पिताले पाउनुहुन्छ भन्ने ठानी पिण्ड पनि दिन्थे । तर, अव त्यस्तो अवस्थामा म छैन । यहाँ त दूधको मुण्टा समेत बालकको मुखमा बाहिरको मानिसले आएर लगाइदिने काम गर्छन् । यो सारा अनुभव प्राप्त गरेका कारण आजको म बनेको हुँ । म अहिले ८८ वर्षको भएँ, मलाई बनाउन कमसेकम ६० वर्ष लागेको छ । पितामाताप्रति जुन भक्ति छ, त्यो ममा जस्ताको तस्तै छ । मानवको जीवनमा पितामाताको मात्र होइन सबैखाले विचारको उत्तिकै महत्वपूर्ण देन हुन्छ । त्यसकारण मेरो समाजप्रति बढी उत्तरदायित्व छ । सबै समाजकै निम्ति गर्नुपर्छ । यो भावना मेरो मनमा हमेसा छ । अमरसिंह थापा, भक्ति थापाको जमाना अर्कै थियो, अंग्रेजहरू भारतमा आएका बेला जमीनका निम्ति लडाइँ भयो । तर मेरो संघर्ष भने सिद्धान्तका निम्ति भयो । मैले आफूलाई विश्वको प्राणीका रुपमा देखेको छु । मेरो तरिका बदलिएको छ । गान्धीको युग, बर्ट्रयाण्ड रसेलको युग, आइन्टाइनको युग, कपर्निकसको युग, पृथ्वी

च्याप्टो छ भन्ने युग, पृथ्वी गोल रहेछ भन्ने युग पार गरेर म आज युग सापेक्ष छु, अत्याधुनिक भएको छु ।

आजकल म सुन्दछु, बंगलामुखीमा बिहिवार-बिहिवार ठूलो भीड लाग्छ रे ! मलाई हाँस उठ्छ । 'बंगलामुखीमा गएर सन्तान छैन माता' भन्दा सन्तान हुन्छ रे ! यो हुने कुरा हो ? अब अहिले यस्तो युग आइसक्यो । यस्ता कुरा कसैले पत्याउँदैनन् । बुद्धका बारेमा अनेकानेक किंवदन्ती छन् । त्यो बदलिइसक्यो । महात्मा गान्धीले आफ्नै जीवनकालमा भन्नु थाल्नु भएको थियो, हरे म उपदेश दिँदैछु सुन्ने कोही भएन । उपदेश दिन त सजिलो छ, तर त्यसलाई आत्मसात गर्न गाह्रो छ । तर, म जुन कुरा भन्छु त्यो गर्छु । मैले आजसम्म यसलाई पालना गर्दै आएको छु र अन्तिम समयसम्म पनि पालना गरिरहनेछु । यी सबैका लागि लामो समय लगाएर यो बिन्दुमा आइपुगेको छु । मेरो जीवनको परिवर्तनका लागि धेरै चाहिं गान्धीकै प्रभाव छ । मैले धेरै कुरा पनि उहाँकै सुनेको छु ।

*(साभार: कान्तिपुर दैनिक - कान्तिपुरसँगको कुराकानीका आधारमा)*




२५४५ औं स्वायाँ पुन्हीया लसताय्

सकल नेपामी पिन्त सुख शान्ति एवं

समृद्धि जुइमा धका दुनुगलं निसें

भिन्तुना देछाया च्वना ।

**पञ्च बुद्ध**

**नघल टोल, काठमाडौं**

२५४५ औं बुद्ध पूर्णिमाको

सुखद उपलक्ष्यमा

सम्पूर्ण ग्राहक वर्गमा

हार्दिक शुभ कामना ।

(इट्टा, वालुवा तथा सिमेन्टको लागि सधैं सम्झनु होस्)

**बुद्धकाजी मानन्धर**

**मानन्धर इट्टा तथा वालुवा बिक्री डिपो**

**चाँदनी चोक, बनेपा-८**

**फोन नं. ६२२४१**



शान्ति नायक गौतम बुद्धया

जन्म, सम्बोधि व महापरिनिर्वाण चुलागु

स्वाँया पुन्हीया लसताय् भिन्तुना

**बुद्ध सम्वत् २५४५**

स्टेशनरी सेण्टर

**न्यूरोड, काठमाडौं**

**फोन: २२३९४९**





Downloaded from http://www.dhamma.digital

# मैत्री भावना

✍ *लोकबहादुर शाक्य*

आजको वैज्ञानिक युगमा भौतिक विकासद्वारा मानवले जलथल आकाश उपर विजय प्राप्त गरिसकेको छ । तर आफ्नै षड् इन्द्रिय नियन्त्रण गर्न नसकी कैयौं व्यक्तिहरू कर्म व्यवधानतिर लाग्ने गरेको पाइन्छ । अझ विश्वको परिस्थितिलाई गम्भीर रुपले अध्ययन चिन्तन मनन गर्दा धर्मको नाममा पनि मानिसले मानिस उपर संहार गरिएको घटना यत्रतत्र देखिन्छ अत: शान्तिपूर्ण तथा समुन्नत समाज सिर्जना गरी विश्व शान्तिको लागि भौतिकवादको साथसाथै आध्यात्मिक विकास पनि अनिवार्य भएको सिद्धान्त अपनाएको पाइन्छ ।

आत्यात्मिक क्षेत्रमा अग्रसर हुनको निम्ति यथार्थ रुपमा धर्मचित्त उत्पत्ति गर्न अत्यावश्यक छ । धर्मचित्त उत्पत्ति गर्नको लागि पहिलो खुडकिलोको रुपमा मैत्री भावना विकसित नभै हुन्दैन । प्राणीहरूको मङ्गलमय सुख कामना गर्नु मैत्री भावनाको मूल लक्ष्य भयो । पूर्वजन्म र पूनर्जन्ममा विश्वास हुने मानवको असंख्य जन्मको क्रममा यावत प्राणीसंग कहिले आमा बाबु, कहिले छोराछोरी कहिले दिदी बहिनी, दाजु भाई भएर जन्मेको होला भनी विचार गर्न सकिने हुँदा सवै प्राणी आफ्नै परिवारका सदस्य हो भनेर लंकावतार ग्रन्थमा उल्लेख गरिराखेको कुरो बुझि व्यवहारमा उतार्नसके उपयुक्त तरिकाले मैत्री भावना विकसित गर्न सक्ने गुञ्जायस छ ।

भिक्षु सुदर्शन महास्थविरले सम्पादन गर्नुभएको महापरित्राण ग्रन्थमा उल्लेख भए बमोजिम एक समयमा शाक्यमुनि बुद्ध श्रावस्ती जेतवन विहारमा विराजमान हुनु भएको बेलामा भिक्षुहरूलाई "जुन मैत्री स्वरूप चित्तको विमुक्ति छ त्यसको अभ्यास गर्दा, भावना गर्दा, वृद्धि गर्दा, त्यसमा विपुलता प्राप्त गर्दा, त्यसलाई सम्यक दृष्टिले बोध गर्दा, त्यसलाई राम्ररी चर्या गर्दा, एघार आनिशंस (सुफल) प्राप्त हुन्छ" भनी धर्मदिशना गर्नुभयो । उक्त सुफलमा " आराम साथ निदाउन सक्ने, सुखपूर्वक विउँझन सक्ने, नराम्रो सपना देखिन्दैन, मानवहरूबाट लोकप्रिय हुने, अमानवहरूबाट पनि मनपर्ने हुन्छ, देवताले रक्षा गर्दछ, आगो विष अथवा शस्त्रबाट उसको शरीरमा आघात हुने छैन, उसको चित्त एकाग्र भएर रहन्छ, मुखको वर्ण प्रसन्न हुन्छ, स्मृति पूर्वक देहावसान हुनेछ, अर्हत्व प्राप्त नभए पनि व्रह्मलोकगामी हुने" समेत समावेस हुनेछ ।

फेरि मैत्री आनिशंस सूत्र मुताविक जसले मित्र-द्रोह गर्दैन उनलाई तल उल्लेखित फल प्राप्त हुने हुन्छ :-

१. आफ्नो घरमा र परदेशमा जांदा खान पिनको कमी हुन्दैन, अधिकांशको जीविका आश्रय पनि हुन्छ ।
२. जनपथ, निगम, राजधानी जहां गए पनि आदर सत्कार हुनेछ ।
३. चोरले जवरजस्ती गर्दैन, राजा महाराजाले हेप्ने छैन, तमान् शत्रुउपर नियन्त्रणा गर्न सकिनेछ ।
४. शान्तपूर्वक आफ्नो घरमा फर्केर आउन सकिनेछ । सभामा प्रसन्न हुनेछ, नाताकुतुम्व बीच श्रेष्ठ व्यक्ति सम्झिनेछ ।
५. अरूलाई सत्कार गरेर आफ्नो सुसंस्कृत हुनेछ, अरुलाई गौरव राख्न सक्ने भएर आफ्नो पनि गौरव र गुण कीर्ति फैलिन्छ ।
६. अरुको पूजा गरेर आफूपनि पूज्य हुन्छ, अरुलाई वन्दना गरेर आफ्नो मान मर्यादा यश र कीर्ति प्राप्त हुन्छ ।
७. आगो प्रज्ज्वलित भए जस्तै प्रज्ज्वलित हुनेछ, देवता अनुरुप प्रकाशमान हुनेछ, श्री सम्पतिको व्यवस्था हुनेछ ।
८. जग्गामा राम्रो बाली फल्छ, फलेको खाना उपलव्ध हुन्छ ।
९. खाडलमा खस्दा, पहाडबाट खस्दा, रुखबाट खस्दा पनि ठूलठूला घाउचोट लाग्नुबाट बचिन्छ ।
१०. शत्रुद्वारा भेटाउन सक्दैन, विर्गान सक्दैन ।

मानव मानवबीच सम्पर्क हुंदा वोलिवचनद्वारा शुरू हुने भएकोले मैत्री भावनापूर्वक सद्व्यवहार गर्नु उत्तम शिष्टाचार हो । तर कसैले कुरा गर्दा मित्र-द्रोह हुने गरेको पनि देखिन्छ । चित्त राम्रो भएमा वचन राम्रो हुन्छ भन्ने कुरो स्मरणीयछ तर कोहीत बोली राम्रो भए पनि चित्त कालो भएको देखिन्छ । धर्म चित्त उत्पत्ति गर्न

दिलैदेखि मैत्री भावना नभै हुन्दैन । मन नपरेकालाई शत्रु सम्झेर चित्त शान्त र सुख हुन्दैन, मैत्री भावना पनि विकसित हुन्दैन । यथार्थमा मन वचन कर्म असल हुनुपऱ्यो । यहाँ तलका बुद्ध वचनामृत आचरण गर्न अति योग्य भएको पनि मैत्री भावनामा गणिन्छ ।

**नही वेरेन वेरानि-सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति - एस धम्मो सनन्तनो ।।**

अर्थ- वैरभावबाट वैर कहिले पनि शान्त हुन्दैन, अवैरभावले मात्र वैर शान्त हुन्छ, यही पहिले देखि चलिआएको धर्म हो ।

भिक्षु भिक्षुणी उपासक उपासिकाहरू रथको चार पाङ्ग्रा भएकोले एक पाङ्ग्रा मात्र नचलेपनि रथ चाल गर्न नसक्ने हुन्छ । रथ सुचारु रुपले संचालनको निम्ति सवै पाङ्ग्राको आपसि समझदारी राखी मजबुत पार्न अनिवार्य छ । आपसि समझदारी नभएमा बौद्ध शासन संचालनको लागि बाधा उत्पन्न हुन्छ । यहां यो कुरा पनि चिन्तन मनन गर्न सामयिक छ कि यथार्थ रुपमा धर्म बुझेर चर्या गर्न सकेमा कुनै किसिमको झैं झगडा बाधा अडचन नभै शान्त वातावरण सिर्जना हुन्छ । धर्म धर्म भनेर पाठ गर्दैमा धर्म हुने होइन । सवभन्दा महत्वपूर्ण कुरो त चरित्र सुधार गरेर कुशल कर्म गरी जगत कल्याण कार्य गर्नु नै धर्म हो ।

दाताको अपार श्रद्धाद्वारा ठाउं ठाउंमा महापरित्राणको पाठ गराउने प्रचलन अति प्रशंसनीय छ तर श्रोता वर्गले वुझ्न नसकिने भाषाबाट पाठ गर्दा कामयावी हुन्दैन । श्रद्धा, भक्ति मार्गमा सिमित रहीरहेमा ज्ञानमार्ग तर्फ अग्रसर हुन नसक्ने हुन्छ । अतः औपचारिक रुपमा पाली भाषामा मौलिक सूत्र पाठ गरे पनि त्यसको अर्थ बोध गराएर धर्मद्वारा जनचेतना जगाउने पाइला चाल्न जरुरी भैराखेको छ । माथिका धर्म शास्त्रका ज्ञानगुण भावना गृहस्थी वर्गले पनि आचरण नगरेमा मनुष्य जीवन सफल नहुने हुँदा विशेषगरी चतुर व्रह्म विहारको पहिलो दर्शन मुताविक अतिनै महत्वपूर्ण भैराखेको मैत्री भावनालाई चित्तद्वारा नै ग्रहण गरी व्यवहारमा उतार्न सक्नु परेको छ अझ स्पष्ट गर्ने हो भने भिक्षु भिक्षुणी उपासक उपासिका सवैले आफ्ना आफ्ना विनय नियम शील पालन गर्नु गराउनु पर्ने स्वच्छ वातावरण सिर्जना गर्नु समयको माग छ । ■


शान्ति नायक गौतम बुद्धया जन्म, सम्बोधि
व
महापरिनिर्वाण चूलागु वैशाख पुन्हिया लसताय्
सकलया कल्याण कामना ।

**काठमाडौं टेक्नोक्राफ्ट (प्रा) लि.**
चाँदीका गहनाहरु, नेपाली कागज र
हस्तकलाका सामग्रीहरु शिल्पकार तथा निर्यात गरिन्छ ।
६/२४ नयाँ सडक, पोष्ट बक्स ५२५५, काठमाडौं, नेपाल
फोनः (पस) २४४६५९, (छैं) २७२१६७, २२३६४८
फ्याक्सः ९७७-१-२४४६५७
e-m@il: ktcraft@bs.wlink.com.np

**काठमाडौं जेम्स**
बहुमूल्य रत्न, जवाहिरात, नेपाली गर-गहनाहरू र
हस्तकलाका सामग्रीहरू उपलब्ध छन् ।
६/२४ नयाँ सडक, पोष्ट बक्स ५२५५, काठमाडौं, नेपाल
फोनः (पस) २२३६४८, (छैं) २७२१६७





All the Best Wishes
On the auspicious occasion of
Vaisakh Festival
2545

**Ashish**
**READY MADE**
A fashion house to keep you in trend
Bhotahity, Kathmandu
Tel.: 222392, 231642




Downloaded from http://www.dhamma.digital

# 'प्रतिभा' जन्मजात हो या साधनाको परिणति ?


हरेक व्यक्तिमा आफ्नै किसिमको शील्प, कला र क्षमता हुन्छ, जसलाई हामीले प्रतिभा भन्दछौं भने प्रतिभा भएका व्यक्तिहरूलाई प्रतिभावान् शिल्पीका रुपमा चिनिन्छ । सबैमा जिज्ञासाको विषय के रहेको छ भने प्रतिभा भन्ने विषय जन्मजात क्षमता हो या यो समय, सन्दर्भ, परिस्थिति, वातावरण र निश्चित घटनाक्रमहरूसँगै विकसित हुने विषय हो । हरेक व्यक्तिमा केही न केही प्रतिभा र क्षमता भएकै हुन्छ भन्ने आम मान्यता रहिआएको छ । तथापि यो प्रतिभा जन्मैदेखि अर्थात् वंशानुगत संक्रमणले प्राप्ति हुने विषय हो कि हैन ? यदि जिनबाट प्राप्ति सम्भव छैन भने कुन तौर र तरिकाद्वारा यो सम्भव हुन सक्छ त ? त्यसमाथि दुःख र मेहनतकै भरमा हरेक व्यक्ति प्रतिभावान् बन्न सक्छ होला त ? यस किसिमका जिज्ञासाहरू सबैका मनमा उठ्ने गरेका हुन्छन् ।

प्रतिभाकै विषय र सन्दर्भलाई लिएर विश्लेषण गर्नुपर्दा प्रसिद्ध वैज्ञानिक थोमस एल्बा एडिसनको तत्सम्बन्धी विख्यात अभिव्यक्तिलाई कदापि बिर्सनुहुँदैन । उहाँ भन्ने गर्नुहुन्थ्यो- "प्रतिभा कुनै जन्मजात विषय होइन । यसको प्राप्तिका लागि त एक प्रतिशत प्रेरणा (इन्स्पिरेशन) र बाँकी उनान्सय प्रतिशत परिश्रम (पर्सपिरेशन) को आवश्यकता छ ।" तर उहाँको अभिव्यक्तिमा वर्तमान नयाँपिँढी हुबहु सहमत छैन । आजको पिँढीले प्रतिभा धेरै हदसम्म जेनेटिक्स र फिजियोलोजीसँग सम्बन्धित हुने कुरामा विश्वास गर्दछ । यसअनुसार भन्नुपर्दा उत्तम स्तरको जेनेटिक्स अर्थात् वंशानुगत गुण प्राप्त नगरेको व्यक्तिले जतिसुकै कडा मेहनत गरे पनि उच्च प्रतिभा हासिल गर्न असम्भव प्रायः छ भने उत्कृष्ट 'जिन' ग्रहण गरेको व्यक्ति सानो परिश्रमले उच्च प्रतिभावान् बन्न सक्ने हुन्छ । यद्यपि निकै संख्याका चिकित्सक एवं मनोविश्लेषकहरू भने उपर्युक्त तर्कको विपक्षमा समेत रहेका छन् । उनीहरूका अनुसार हरेकमा आन्तरिक रुपमा प्रतिभा लुकेको हुन्छ र जसले कोसिस या कडा मेहनत गर्छ, त्यसको मात्रै उक्त विलुप्त प्रतिभा प्रस्फुटित हुन पुग्दछ । तर यथार्थमा भित्री प्रतिभा भने सबैको एकै किसिमको हुन्छ ।

फ्लोरिडा विश्वविद्यालयका मनोवैज्ञानिक एण्डर्स एरिक्सन प्रतिभामा जन्मजात आधार नरहने र हरेकमा आन्तरिक प्रतिभा पक्कापक्की रूपमा हुने कुरामा विश्वस्त छन् । यस सम्बनधी लगातार दश वर्षको खोज र अध्ययनले उनलाई यो निष्कर्षमा पुऱ्याएको छ कि 'हरेक व्यक्तिमा प्रतिभा हुन्छ तर प्रस्फूटनका लागि भने कडा परिश्रम अवश्य आवश्यक छ ।' उनका अनुसार आफूलाई योग्यता र प्रतिभा नै नभएको ठान्ने कैयौं व्यक्तिहरूलाई साधना र परिश्रमबाट उच्च प्रतिभावान् तुल्याउन सकिन्छ भने आफूलाई निकै 'जेनियस' ठान्नेहरू पनि परिश्रमबिना छिट्टै लाखापाखा लाग्न सक्दछन् । तर बोस्टन कलेजका मनोवैज्ञानिक एलेन विजर भने एरिक्सनको विचारसँग पूर्णतः सहमत छैनन् । उनका अनुसार सबैमा समान प्रतिभा कदापि हुँदैन र त्यसको प्रकाशनका लागि कडा मेहनत नै गर्नु आवश्यक छ भन्ने पनि होइन । उनी सम्बन्धित क्षेत्रमा उत्सुक एवं तीव्र इच्छा शक्ति सम्पन्न व्यक्तिहरू तुरून्तै प्रतिभाशाली भएर निस्कन्छन् भने इच्छाशक्ति र रुचिबिना प्रतिभा प्राप्ति निकै गाह्रो विषय हो भन्ने विचार राख्छन् ।

प्रतिभाका सम्बन्धमा विभिन्न व्यक्तित्व एवं विश्लेषकहरूमाझ यस्ता किसिमका परस्परमा विरोधाभासपूर्ण एवं विपरीत दृष्टिकोणहरू रहेका छन् । तर अत्यधिकका मतमा चाहिँ प्रतिभा न त जन्मजात योग्यता हो, न त जन्मजात योग्यता होइन नै, अर्थात् केही हदसम्म दुबै हो । प्रतिभावान् हुनका लागि एकातिर जिन र जेनेटिक्ससमेत उच्चस्तरको हुनु अवश्यक छ भने अर्कोतिर नियमित साधना र कठोर अभ्यासको पनि उत्तिकै जरुरी देखिन्छ । अतः प्रतिभावान् बन्ने तीव्र अभिलाषा बोकेका समस्त साधकहरूले यी दुबै पक्षमा आफूलाई समक्ष सावित गराउनु अपरिहार्य देखिन्छ । ■

*(स्रोतः नभाटा) नयाँ सडक*




Downloaded from http://www.dhamma.digital

# धम्मपद-१३७

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**हीनं धम्मं न सेवेय्य - पमादेन न संवसे**
**मिच्छादिट्ठिं न सेवेय्य - न सिया लोक-वड्ढनो**

अर्थ- पाप कर्म नगर प्रमादी (वेहोशी) भएर नरहनु, गलत धारणा नराख्नु संसारिक आवागमन बढाउने काम नगर्नु ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले कुनै एक युवक भिक्षुको कारणमा भन्नुभएको थियो ।

एक समय, कुनै एक युवक भिक्षु आफ्ना गुरु स्थविरसँगै बिहानै विशाखा महाउपासिकाको घरमा गए । विशाखाको घरमा पाँचसय भिक्षुलाई खान पुग्ने गरी ठाउँ मिलाइएको थियो र दिनहुँ 'यागु' नामको खाद्य पदार्थ (चामलको जाउलो) दान दिइन्थ्यो । त्यस दिन यागु खान सिद्धिएपछि जेष्ठ स्थविर त्यस युवक भिक्षुलाई त्यहिं छोडेर अन्त कतै गए । त्यहाँ एउटी तरुणी केटी जो विशाखाकी नातिनी थिइन तिनले भिक्षुहरूलाई खाई सकेपछि चुथोल्न पानी दिईरहेकी थिइन् । त्यस युवक भिक्षुलाई पानी दिईरहँदा ती केटीले आफ्नै अनुहार पानीमा देखेर हाँसिन् । केटी हाँसेको देखेर ती युवक भिक्षु पनि उसलाई हेरेर हाँसे । भिक्षुले आफूलाई हेरेर हाँसेको देखेर ती केटीले अन्यथा सम्भिन् र रिसाएर भिक्षुलाई बेस्करी गालि गरिन्- 'अय् टाउकोमा केश नभएको मुडिएको टाउको भएको भिक्षु, मलाई देखेर किन हाँसेको ? युवक भिक्षुलाई पनि रीस उठ्यो "तेरो पनि टाउको मुडिएकोछ, तेरो आमा बाबुको पनि टाउको मुडिएको छ ।" यसरी उनीहरू भगडा गर्न थाले । ती केटी रुँदै आफ्नी बज्यै विशाखाकहाँ गइन् । विशाखाले सबै कुरा सुनेपछि बाहिर आएर भिक्षुसँग भनिन् - "कृपया मेरी नातिनीसँग नरिसाउनु होला । तर एउटा भिक्षुको कपाल काटेर टाउको मुडिएको हुन्छ, हात खुट्टामा नङ काटिएको हुन्छ, टुक्रा टुक्रा जोडिएको चीवर लगाएको हुन्छ, हातमा पात्रो लिएर भिक्षा गइरहेको हुन्छ । मेरी नातिनीले भनेको कुरा सही त हो नि ।" युवक भिक्षुको रीस उस्तै बाँकि छ र भने - "यो त ठीक हो । तर यसमा हाँसेर खिल्लि उडाउनु पर्ने कुरा के छ र ?" विशाखा उपासिकाले न त आफ्नी नातिनीलाई सम्भाउन सकिन् न त भिक्षुलाई । त्यतिन्जेल त्यस युवक भिक्षुका गुरु स्थविर पनि फर्केर त्यहीं आइपुगे । स्थविरले पनि सबै कुरा सुनेपछि आफ्ना चेलालाई सम्भाउन प्रयास गरे । यसप्रकार न त विशाखाले न त स्थविरले उनीहरूलाई सम्भाउन सके ।

त्यही समयमा भगवान बुद्ध त्यहाँ आईपुग्नु भयो । भगवान बुद्धले भगडाको वृतान्त कुरा सुन्नु भयो । त्यस समय यदि सम्भाएमा त्यस युवक भिक्षुले स्रोतापति मार्ग फल प्राप्त गर्न सक्ने क्षमता रहेको जान्नु भयो । अत: भगवान बुद्धले युवक भिक्षुकै पक्ष लिएर भन्नुभयो- "विशाखा तिम्री नातिनीले मेरा शिष्य भिक्षुलाई यसरी मुडिएको टाउको भनेर गिज्याउन ठीक छैन । आखिर तिनले मेरो धर्म शिक्षामा दिक्षित हुन त टाउकोमा कपाल काटेर मुडिएको होइन् र ?" भगवान बुद्धले आफ्नो पक्ष लिएर बोली दिनु भएकोमा खुशि भएर त्यस भिक्षुले घुँडा टेकी भगवान बुद्धलाई वन्दना गरेर भने-"भो शास्ता, केवल तपाईंले मेरो कुरा बुझ्नु भएको छ । न मेरा गुरुले बुझ्न सके, न विशाखा उपासिकाले बुझ्न सकिन् ?" त्यसबखत युवक भिक्षुको मनस्थिति राम्रो रहेको जान्नु भएर भगवान बुद्धले भन्नुभयो "कुनै काम गुणको कारणले हाँस्नु भनेको दीन-नीच कार्य हो । हीन धर्म अपनाई बेहोशी भएर रहेकासँग बस्नु उचित छैन ।" भगवान बुद्धले केवल एक हाँसोको कारणले यसरी उपदेश दिनु भएको सुनेर उक्त युवक भिक्षु स्रोतापति मार्गमा प्रतिष्ठित भए । (हृदय परिवर्तन भए ।) यस उपदेशको साथ साथै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

---

*"जस्तो राम्रोसंग छाएको छानाबाट पानी चुहँदैन त्यस्तै शुद्ध चित्तमा राग चुहँदैन ।"*

*- धम्मपद*

# गाउँमा परिवर्तन आयो, घरमा आएन

✍ जोशिला देवकोटा

डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँ विकास समितिको चुनाभट्टी गाउँ अहिले निकै फेरिएको छ। माटो र ढुंगाको गारो लगाएर बनाइएका चिटिक्क परेका घरहरू रातो र सेतो माटोले मिलाएर लिपिएका देखिन्छन् । प्रत्येक घरको आँगनछेउमा अम्बा, आँप, मौसम र केराको बगैंचा छ । आँगन गोबरमाटोले लिपिएको छ भने भैंसी बाँध्ने गोठचाहिं अलि टाढा देखिन्छ । आँगनमा फल्याक अड्याएर बस्ने ठाउँ बनाइएका छन् । आँगनकै एक छेउमा तुलसाको मोठ देखिन्छ ।

यो गाउँ यति सफा र राम्रो देखिन थालेको एक वर्ष जति मात्रै भयो । अहिले यो गाउँमा युनिसेफ र जिल्ला विकास समितिको संयुक्त कार्यक्रम डीपीसीपी लागू भएको छ। युनिसेफ जस्तै दुई सयजति संस्थाहरूले डडेल्धुरामा काम गरिरहेका छन्। त्यसैले पनि गाउँको विकास भएको हो भन्नुहुन्छ जिल्ला विकास समिति, डडेल्धुराका उपसभापति भोजराज भट्ट ।

उपसभापति भट्टका अनुसार पहिले पहिले गाउँ सफा देखिँदैनथ्यो । बालकहरू पनि अति नै फोहोरी देखिन्थे । आइमाईहरू पनि एउटा पेटीकोट र गम्छाको भरमा हिंड्थे । स्थिति पहिले जस्तो नभए पनि महिलाहरूमा परिवर्तन आएको छ भन्न चाहिँ गाह्रै पर्छ। पहिले पहिले नयाँ मानिससँग बोल्न डराउने र सामाजिक काममा अघि नसर्ने महिलाहरू अहिले पुरुषहरूभन्दा आफूले धेरै काम गर्नुपर्छ भनेर आफ्नै श्रीमानहरूका अगाडि भन्न सक्छन् । मथरीदेवी भट्ट आफू र आफ्ना साथीको कामको लेखा गर्दै भन्नुहुन्छ चारबजे उठेर जाँतोमा अन्न पिस्छौं, धान कुट्छौं, पानी ल्याउँछौं र घाँस दाउरा गरेर जंगलबाट बेलुका मात्र घर आइपुग्छौं। वनबाट आयो फेरि घरको काम गर्‍यो। तर खाने बेलामा सासूको कचकच सुन्नुपर्छ ।

भट्टका अनुसार परिवर्तन त पहिलेभन्दा धेरै भयो, तर आजसम्म पनि कसैकसैको घरमा परिवर्तन आएको छैन ।

मथरीदेवी भट्टले भने जस्तै दुईतीन वर्ष अघिसम्म नवदुर्गा गाविसका महिलाहरू आफ्नै जीउको सरसफाइ गर्ने फुर्सद पनि पाउँदैनथे र समयमा खान पनि। रोटी र नुनखोर्सानी पटुकामा बाँधेर घरबाट निस्किएपछि बेलुका ६ बजे मात्र घाँस दाउरा बोकेर घर फर्कन्थे। त्यसपछि पनि महिलाहरूले घरभित्रको काममा लाग्नुपर्थ्यो। खाना पकाउने, भाँडा माझ्ने, जाँतोमा अन्न पिस्ने, ओखलमा धान कुट्नेजस्ता काम सकेपछि मात्र उनीहरू थकाइ मार्न आफ्नो ओछ्यानमा पुग्थे । तर, ओछ्यानमा पनि सन्चले बस्न पाइन्थ्यो। सधैं लोग्नेको कुटाइ बेहोर्नुपर्थ्यो बिस्नादेवीले । लोग्ने रक्सी पिएर आएपछि रोटी मीठो भएन भनेर बिस्ना र बिस्नाका साथीले लोग्नेका हातको कुटाइ खान्थे ।

तर अहिले त्यस्तो छैन । नवदुर्गा गाविसको चुनाभट्टीगाउँका महिलाहरूले अहिले लोग्नेको कुटाइ नखाएपछि डडेल्धुराकै बगरकोट गाविसका महिलाहरूमा भने आजसम्म पनि परिवर्तन आएको छैन । बगरकोट गाउँकी भागिरथीदेवीका श्रीमान् पेसाले मास्टर हुन्, तर सधैं रक्सी पिउँछन् । भागिरथीलाई भने ५ जना छोराछोरीलाई अब कसरी हुर्काउने भन्ने चिन्ताले सताइरहन्छ ।

लोग्नेले रक्सी खान्छन्, भनेर भागिरथी चिन्ता त गर्नुहुन्छ, तर लोग्नेले दिने जस्तोसुकै यातना पनि रुँदै सहनुहुन्छ ।

तर, भागिरथी जस्तै नवदुर्गा गाविसका महिलाहरू भने हिजोआज लोग्नेको यातना सहँदैनन् । युनिसेफ र जिल्ला विकास समितिको संयुक्त कार्यक्रम महिला तथा बालबालिकाका लागि विकेन्द्रित योजना अर्थात् डीपीसीपी लागू भएपछि यहाँका महिलाहरू समूहमा संगठित हुन थालेका छन् । हिजोआज लोग्नेले रक्सी पिएर आयो भने पनि समूहमा लगेर सम्झाउँछौं भन्नुहुन्छ नवदुर्गा गाविस चुनाभट्टीकी बिस्नादेवी ।

महिलाहरू समूहमा संगठित हुन र सामाजिक काममा अघि सर्न थाले पनि यहाँका महिलाहरूमा



Downloaded from http://www.dhamma.digital

कामको बोझचाहिं घटेको छैन, किनकि पुरुषहरू आज पनि महिलाहरूले गर्ने कामलाई सघाउन चाहँदैनन् । मदन सिङ्याल भन्नुहुन्छ- महिलाले गर्ने काम हामी गर्दैनौं, हाम्रो काम हलो जोत्ने र कोदालो खन्ने मात्रै हो ।

यहाँका लोग्नेमान्छेहरू कहिल्यै मल अथवा परसु बोक्दैनन् । मल बोक्नु भनेको आफ्नो अपमान गर्नु हो भन्ठान्छन् । तर महिलाहरूले गर्ने कामको भने लेखाजोखा नै छैन । बिहान उठेर घर बढार्नु, चुलोमा आगो जोर्नु, गाईभैंसीलाई कुँडो पकाउनु, पानी ल्याउनु, खाना पकाउनु, छोराछोरीको सरसफाइदेखि खेतको डल्ला फोर्नु, गाईभैंसीलाई घाँस काट्नु, दूध दुहुनु सबै महिलाहरूकै भागमा पर्छन् । महिलाहरूमा यति धेरै कामको बोझ भए पनि यो बिस्तारै घट्छ भन्ने आशा गर्नुहुन्छ जिल्ला विकास समिति, डडेल्धुराका उपसभापति भोजराज भट्ट ।

भट्ट भन्नुहुन्छ - पहिले छोरीहरूलाई स्कुल पठाउने चलन थिएन, सात बर्षकै उमेरमा छोरीको विवाह गरिदियो भने धर्म कमाइन्छ भन्ने चलन थियो । अहिले बिस्तारै ती सबै हराउँदै छन् । छोरीहरू स्कुल जान थालेका छन् । अब बिस्तारै शिक्षाको विकास हुन्छ, त्यसपछि त महिलाहरूको काममा पनि परिवर्तन आउनेछ ।

तर महिलाहरूले कामको भार घट्ला भन्ने आशा परम्परा, संस्कृति र चालचलनमा परिवर्तन नभई पूरा हुँदैन । यसका लागि गैरसरकारी संस्थाहरू मात्र लागेर हुँदैन, स्थानीय मानिसहरू नै जागरुक हुनुपर्छ ।

*[साभार : हाकाहाकी रेडियो पत्रिका, रेडियो नेपाल); कान्तिपुर]*


**बुद्ध सम्वत् २५४५ या उपलक्षस**

**सकल नेपामी पिन्त भिन्तुना !**

**✪ न्यू जेम्स रेय् ट्रेडर्स**

न्हू सतक, यें

फोनः २४४-७५१

**✪ जीत अर्नामेन्टस्**

वनबहाः, गाबहाः यल ।

फोन : ५४०-७५७

*If jewellery is your pleasure, your trust in our treasure*


*"जस्तो अर्काको गाई चराउने गोठालाले दूध भेटाउन सक्तैन, त्यस्तै धेरै धर्मको कुरा गर्न जानेर पनि तदनुसार आचरण नगर्नेलाई श्रमणत्व फल प्राप्त हुन सक्तैन ।" - धम्मपद*

# बुद्ध-एक आधुनिक दार्शनिक

✍ जोहन वाल्टर्स

कुनै पनि चीज छैन । हरेक कुरा भईरहेको मात्र छ । वर्तमान काल छैन- परिवर्तन मात्र छ । यो विचारहरूमा बुद्धको प्रज्ञाले त्यो कुरा देख्यो जुनकि पछिका दार्शनिक एवं वैज्ञानिकहरूले अरुलाई सिकाउने थियो । हेराक्लाटस भन्ने ग्रीक दार्शनिकले यो सिकायो कि हरेक कुरा प्रवाहको रुपमा बगिरहेका छन्, सधैंनै नयां अवस्था लिन खोजिराख्छन् । आधुनिक दर्शनमा पनि डेकार्टसले भन्नु भएको छ कि सारा अस्तित्व बगिरहेको प्रवृत्तिका छन् ह्युमले पनि आत्मा र पदार्थको सम्वन्ध अस्वीकार गर्नुभयो तथा चेतनालाई मानसिक अवस्थाहरूको एक निरन्तर प्रवाहको रुपमा देख्नुभयो; तथा हेगलले लेख्नु भएको छ कि "सबैकुरा भईरहेका मात्र छन् ।"

इन्कार गरेतापनि दार्शनिक स्कोपेनहायरले 'वर्ल्ड आयज विल एण्ड आईडिया' आफ्नो पुस्तकको लागि धेरै विचारहरू बौद्ध विचारबाट पाएको हुनुपर्छ । उ आफ्नो लेख्ने टेबुलमा बुद्धको चित्र राख्ने गर्थ्यो विलियम जेम्सले पनि चेतनालाई एक धारा प्रवाहको रुपमा देख्यो । उहाँले लेख्नु भएको थियो, "सजग चेतनाको साँच्चै प्रमाणित तथ्यहरूका लागि आत्मवाद बदला नचाहिंदो कुरा मात्रै हो" बर्गसनले चेतनाको अवस्थालाई कहिल्यै नरुक्ने परिवर्तन भनेको छ । असाधारण कुरा यो छ कि कपिलवस्तुको राजदरवारबाट आएको गुरुले २५०० शताव्दी पहिले नै यस्ता विचाहरू बारे आफ्ना शिष्यहरूलाई भनेको थियो- हालका कुनै पनि आधुनिक दार्शनिकहरू जन्मनुभन्दा अगाडि नै ।

*(आनन्दभूमि वर्ष ७, अंक ५,६ बाट)*


Our Hearty Felicitation to

**Dharmakirti Buddhist Study Circle**

& All

On the Auspicious Occasion of

***Vaisakh Festival 2545***

**International Trekkers Pvt. Ltd.**

P.O. Box: 1273, Dhumbarahi, Kathmandu, Nepal
Tel.: 371397, 370714, 371537, Fax: 977-1-371561
E-mail: nepal@intrek.wlink.com.np




Downloaded from http://www.dhamma.digital

*पिण्ड दिन छोरा नै चाहने दम्पति भन्छन्*

# 'एघारवटी छोरी जन्मे, तै पनि छोराको आशा छ'

*✍ धर्मप्रसाद पौड्याल*

लहरे, हाङद्रुङ (ताप्लेजुङ) दुई सन्तान ईश्वरका बरदान, छोराछोरीमा कुनै भेदभाव नगरौं जस्ता आकर्षक नारासहित सरकारले परिवार नियोजनको नाममा वर्षेनी लाखौं रुपैयाँ खर्च गरे पनि जिल्लाको सदरमुकाम फुङलिङका एक तामाङ परिवारलाई नियोजनको नाराले छोएन ।

जिल्लाको सदरमुकाम फुङलिङ स्थित लहरे, हाङद्रुङ निवासी ४५ वर्षीय टेकबहादुर तामाङ परम्परावादी सोचबाट ग्रस्त छन् । मरेपछि पिण्ड दिन छोराको आशमा उनले एघार जना छोरी जन्माइसकेका छन् त्यतिले नपुगेर उनले अरु प्रयास गर्न छाडेका छैनन् ।

एघार जना सन्तान जन्माएर थाकिसकेकी ४० वर्षीय सरस्वती रोगी बन्न थालिसकेकी छिन् । उनी श्रीमानको छोरा जन्माउने चाहनालाई मर्न नदिन अझै पनि सुत्केरी बन्न तयार छिन् ।

छोरा पाउन धेरै पटक धामी, झाक्री, ओजुवा, बिजुवा, लामा, फेदङवा लगाइसकेका छन् । छोराकै लागि देवी देउरालीलाई बोका चढाउने भाकल गरी बली चढाउने यो परिवारले आफ्नो रिती-रिवाज अनुसार व्रतसमेत लिंदै आएका छन् ।

समाजमा हुने खानेको नाममा गनिने यो परिवारले ३ वटा छोरीको जन्म हुँदा परिवार नियोजन गरौं कि भन्ने निर्णयमा पुगे पनि छोरा भै हाल्छ की पर्खौं भन्दा, भन्दै एघारवटी पुगेको सरस्वती बताउँछिन् । 'मैले त तीनवटा हुँदा नै बन्द गरौं भनेकी थिएँ तर छोरीलाई बिहे गरेर पठाएपछि यत्रो सम्पतिको रक्षा कसले गर्छ ? मरेपछि पिण्ड कसले दिन्छ ? जस्ता प्रश्न गरेर परिवार नियोजन गर्न श्रीमानले मान्नु भएन' सरस्वतीले दुखेसो पोखिन् ।

जिल्लाको सदरमुकाम बजारदेखि ३ घण्टा ठाडो झरेपछि पुगिने यो परिवारमा परिवार नियोजन गर्नुपर्छ भनेर हालसम्म कुनै सरकारी, गैरसरकारी कर्मचारी पुगेका छनन् । वडाका वडा सदस्य लोकेन्द्रवहादुर श्रेष्ठले आफ्ना चार छोरी र दुई छोरा हुँदा हेरबिचार गर्न नसकेको भन्दै टेकबहादुरलाई परिवार नियोजन गर्न सुझाव दिंदा 'मेरा छोरीको किन आरिस गर्छस् तैंले मेरा छोरीलाई पाल्नुपरेको छैन' भनेर हप्काएपछि उनलाई परिवार नियोजनको सुझाव कसैले दिन चाहँदैनन् ।

टेकबहादुर छोराको आशाभा पागल झैं भएका छन् । मरेपछि पिण्ड कसले दिन्छ ? यत्रो सम्पत्ति कसले खान्छ ? यस्तै प्रश्नको खोजीमा उनी भौंतारिरहेका छन् तर उनलाई छोराछोरी समान हुन भन्ने शिक्षा दिएर परिवार नियोजन गर्न प्रेरित कसैले गरेको छैन ।

त्यसो त यस्तो अन्ध विश्वास तामाङको परिवारमा मात्र हैन जिल्लाका अन्य निकट गाउँमा पनि रहेको छ । सदरमुकामबाट २२ कोस पूर्वमा पर्ने तल्लोक गाउँका काल्दाई नामले चिनिने भट्टराई परिवारमा झनै आश्चर्य-लाग्दो अन्धविश्वास देखिएको छ । काल्दाई भट्टराईका ६ छोरी भइसक्दा पनि उनलाई गाउँलेले परिवार नियोजन गर्न सुझाव दिंदा इन्कार गरेर छोरा पाई छाड्ने बताउँछन् ।

लाइन्स क्लब अफ ताप्लेजुङकी कोषाध्यक्ष मैया श्रेष्ठ परिवार नियोजनका लागि ग्रामिण क्षेत्रमा गएर उपदेश र सूचना दिन स्वास्थ्य कर्मचारी अल्छि भएको बताउँछिन् ।

सुत्केरी स्याहार नपाएर कुपोषणको सिकार भएकी जिल्लाको खेजेनिम गाउँकी आइतरानी लिम्बूले सुत्केरी हुँदाको समयमा धेरै कुरा थाहा नपाउँदा नवजात शिशु कुपोषणको सिकार भएका छन् । उनले पनि छोराको प्रतीक्षामा परिवार नियोजन गर्न नमान्दा ८ वटी छोरी भएका छन् ।

परिवार नियोजन सम्बन्धी प्रचार सामग्री जिल्लाको सदरमुकामबाट पुग्न पनि गाह्रो हुन्छ । यदी पुगेको अवस्थामा पनि घरभित्र टासिएको अवस्थामा देख्नसकिन्छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख भानु एङदेन भन्छन्- 'बजेट पनि कम आउँछ, प्रचार सामग्री पनि धेरै कम आउँछ, भौगोलिक बिकटताले पनि प्रचार सामग्री पुगे नपुगेको र पुनरावलोकन गर्न नसकिएको हो ।' ■

*(साभार: कान्तिपुर दैनिक)*

(कथा)

# आफूले आफैंलाई छल्न सक्तैन

✍ भिक्षु संघरक्षित

पहिला-पहिला एक व्यक्ति थिए । आफैले बृहत् शिक्षाध्ययन गरे पश्चात एउटा गुरुकुल बिद्याश्रम संचालन गरी धेरै शिष्यहरूलाई पढाउने सिकाउने गर्नथाले । उक्त बिद्याश्रममा दूर-दूरबाट शिल्प-बिद्या अध्ययन हेतु आउने गर्थे ।

त्यो ऋषीको भर्खर जवानीको वैंशमा चढ्दै गरेकी एक पुत्री पनि रहेछ । आफ्नो अति नै प्रिय छोरी भएकीले नराम्रो कुलमा पर्ला भनी पीर र चिन्ता लागि नै रहन्थ्यो । एकदिन उसले विचार गरे- "आफ्नी पुत्रीलाई आफ्नै शिष्यहरूमध्ये बिद्वान, सुविनित एकलाई छनौट गरी विवाह गरिदिनु पर्ला ।"

आफ्नो परिकल्पना साकार तुल्याउन सम्पूर्ण शिष्यहरूलाई जमघट गराई घोषणा गरिदिए - "तिमीहरू सबैमध्ये जो कोहीले पनि आफ्नो घरबाट वा कुनै ठाउँबाट पनि वस्त्राभरण आदि चोरेर मेरी छोरीलाई टक्राउनेछ, उसैसँग मेरी छोरीको विवाह सम्पन्न गरिदिनेछु ।"

ऋषी-पुत्री अति नै राम्री, परमसुन्दरी थिई । तसर्थ, सम्पूर्ण शिष्यहरूले आफैंसँग तिनको विवाह भए हुन्थ्यो भन्ने सोचाई । तब त; सम्पूर्ण शिष्यहरू विवाहका शर्त परिपूर्ण गर्न आ-आफ्नो बाटो लागे । नजाने शिष्यहरू कोही-कोही पनि देखा परेन ।

केही दिन पश्चात नै गुरु समक्ष शिष्यहरूले आ-आफूले चोरेर ल्याएको गर-गहना, वस्त्र बडो पुरुषार्थ प्रदर्शन गर्दै आ-आफूले नै देखाउन थाले । सबैको आशा- "अब त मैले विवाह गर्न पाउँला कि !" तर गुरुले कुनै शिष्यलाई पनि आफ्नो पुत्री योग्य वर सम्झन सकेन । उसको मुहार निराशमय हुनथाल्यो ।

सकल शिष्यहरूले आ-आफ्नो चोरेर ल्याएका सामानको थुप्रो लगाउँदै एक कुनामा बसिरहे; किन्तु आश्चर्य ! मात्र एकजना शिष्य मौनाभाषमा उभिरहे । केही-केही पनि "यति चोरेर ल्याएँ" भनी अगाडी राख्न नि ल्याएन ।

"अरे ! सबै-सबै शिष्यहरूले कत्ति-कत्ति बस्तु त चोरी ल्याएर मेरी पुत्री विवाह गर्न यहाँ राखे । परन्तु तिमी रित्तो हात फर्क्यो । के तिमीलाई मेरी पुत्रीसँग विवाह गर्न मन लाग्दैन ?" उत्सुकतामय भाव प्रदर्शन गर्दै गुरुले सोधिहाले ।

"मैले विवाह गर्न मन नलागेर केही नल्याएको होइन, गुरुदेव !"

"त्यसो भए, के कारणले चोरेर नल्याएको त ?"

"भो गुरुदेव ! मैले धेरै प्रयास गरें चोर्नलाई, किन्तु जति पटक चोर्न लाग्दा पनि एकले देखि नै रहन्थ्यो । त्यो देखिरहने अन्य कोही होइन; स्वयं मेरो नै मन हो । यस उसले; मैले केही पनि चोर्न सकिन तथापि तपाईंकी पुत्रीलाई केही ल्याउन सकिन ।"

"हः !" गुरुको मुहार प्रशन्नताले प्रफूल्लित हुनथाल्यो "...तिमीले मेरो शिक्षालाई राम्ररी बुझेका रहेछौ । तिमी मेरो परिक्षामा पनि उत्तिर्ण भयौ । तिमीसँगै मेरी पुत्रीको विवाह हुनेछ ।" यति भन्दै उक्त शिष्यको प्रशंसा गर्दै अन्यान्य सम्पूर्ण शिष्यहरूलाई पनि राम्रोसँग हृदय छुनेगरी उपदेश दिए । ■






Downloaded from http://www.dhamma.digital

२०५२ सालको गोरखापत्र सम्पादकीयबाट

*"बुद्धले प्रतिपादन गरेका सिद्धान्तहरू हाम्रो आफ्ना आन्तरिक समस्याहरू सुल्झाउन मात्र उपयुक्त नभई विश्वका विद्यमान जटिल समस्याहरू समाधान गर्न पनि उपयुक्त छन् ।"* - श्री ५ वीरेन्द्र

# आजको दिनको महत्त्व

आजकै दिन आफ्नो राजपाट, सुखशयल सबै त्यागेर महाभिनिष्क्रमण गर्ने महामानव सिद्धार्थले बोधिगयामा पुगी जीवनको वास्तविक अर्थ र सत्यको खोजी गर्ने कार्यमा आफूलाई आत्मचिन्तनमा लीन गराएकोले नै बोधि-ज्ञान प्राप्त गर्न सफल भई बुद्धत्व हासिल गरेको तथ्यसँग हामी सबै परिचित नै छौं । वैशाख पूर्णिमाको दिनमा जन्मेर यही पूर्णिमाका दिन भौतिक सुख-सुविधा सबै त्यागी मानव कल्याणमा समर्पित सिद्धार्थले वैशाख पूर्णिमाकै दिन बोधि-ज्ञान प्राप्त गरी महापरिनिर्वाण समेत प्राप्त गरेकाले पनि हामीले आजको दिनलाई पावन दिनका रूपमा आत्मसात् गर्ने गरेका छौं । बुद्धले हासिल गरेका ज्ञान र त्यसमा आधारित उपदेशहरूले बौद्ध धर्मकै स्वरूप प्राप्त गर्नसकेको तथ्यसँग सबै राम्ररी परिचित पनि छौं ।

मानव सभ्यता र संस्कृतिको विकासमा भगवान् बुद्धले दिनुभएको असीमित योगदान र विश्व-शान्ति एवं विश्व भ्रातृत्वको सम्बन्ध विकसित गर्ने कार्यमा उहाँले खेल्नु भएको अद्वितीय भूमिकाको संस्मरण गर्दै आजका दिन देश-विदेशमा ठूलो उल्लास र उत्साहका साथ मनाइने बुद्ध जयन्तीले विश्वका मानव-हृदयमा विशेष स्थान ओगट्न सक्नुले यसले एउटा पवित्र पर्वकै स्थान ग्रहण गर्नसकेको छ । यस धर्मले देखाएको बाटोको अनुसरण गरेमा सांसारिक जीवनमा व्याप्त दु:खले मुक्ति पाउन सक्ने र आफू बसेको समाजमा सन्तुलन र समानता कायम हुनसक्ने एवं प्रत्येक मावनमा मानवीय चेतनाको उद्‌बोधन गराउने कार्यमा समेत यो धर्मको निकै महत्त्वपूर्ण स्थान रही आएको छ । सुखको लिप्सामा भौंतारिई रहेको मानिसलाई सुखको खोजी गर्नु नै दु:खको मूल कारण हो भन्ने सन्देश दिने 'त्रिपिटक' जस्ता बौद्ध धार्मिक ग्रन्थले आजको भौतिक युगको अन्धकारमा प्रकाश छर्ने काम गरिरहेका छन् र यसले विश्वमानवलाई विश्वशान्ति र समाज-कल्याणका दिशामा अभिभूत गराउने प्रेरक भूमिका समेत निर्वाह गर्दै आएको छ ।

नेपालका मानसपुत्र बुद्धले प्रतिपादित गर्नुभएको बुद्ध धर्मले प्राप्त गर्न सकेको आजको ख्याति एवं उहाँले दिनुभएका उपदेशहरूलाई कतिपय देशका वासिन्दाले आफ्नो धार्मिक अनुष्ठानका रूपमा आत्मसात् गरेको तथ्य हृदयंगम गर्दा मूल रुपमा मानव-शक्तिको दुरूपयोग नगरी समस्त प्राणीको कल्याण गर्ने आवश्यकतामाथि यो धर्मले पार्नसकेको समीचीन प्रकाश नै हो । दया, शान्ति, सत्य-वचन, कर्तव्य-पालन, असल व्यवहार आदिका माध्यमबाट समस्त प्राणी-जगतको कल्याणकारी कार्यमा अघि बढ्न मानव-समुदायलाई उत्प्रेरित गर्ने बुद्धका उपदेशका कारण नै विश्वमा बुद्धलाई "शान्तिका अग्रदूत" का रुपमा पुजिने गरेको पनि छ । र यिनै कारणहरूले गर्दा 'बुद्धं सरणं गच्छामि', 'धम्मं सरणं गच्छामि', 'संघं सरणं गच्छामि' को उद्‌घोषले आज पनि विश्व-क्षितिज गुञ्जायमान हुने गरेको छ । त्यसैले भगवान् बुद्धले देखाउनु भएको यही सत्मार्गको ज्ञान-ज्योतिले हाम्रो समाजलाई मानवीय जीवनको धर्म र शान्तिको मार्गमा डोऱ्याउँदै अघि बढाउन आजको दिन अझ प्रेरणादायी बन्नसक्ने तथ्यमा हामी विश्वस्त छौं । ■

---

*"टाढा-टाढासम्म पुग्न सक्ने एक्लै हिंड्ने, बिना शरीरको गुफामा बस्ने चित्तलाई वशमा राख्न सक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन्छ ।"* - धम्मपद

# क्षान्ति र मैत्री-४

*- भिक्षु अश्वघोषद्वारा लिखित*
*वीर्यवतीबाट अनुदित*

अनागामी नभएसम्म धेरैजसो व्यक्तिहरूमा रीस उठ्ने छ । तैपनि सत्संग राम्रो गरी राम्रो शिक्षा लिइरहेका पृथगजन (साधारण मानिसहरूमा) पनि रीस हराएर गएको देखिन्छ। रीसलाई हटाउन सकिन्छ। सहेर बस्न सकिन्छ। समाजमा थुप्रै मानिसहरू यस्ता पनि छन् जसले अरुलाई अहित र दुःख कष्ट दिइरहन्छन्। त्यस्ता व्यक्तिहरूसंग रहँदा धेरैजसो कलह झैंझगडा भइरहन्छ। सहने क्षमता भएन भने जहिले पनि अशान्त जीवन बिताउनु पर्ने हुन्छ। अरुले आफूलाई गालि गर्ने, निन्दा गर्ने, आदिलाई सहन सकेन भने, आफूले पनि गाली गरी नराम्रो काम गरेर हिंड्यो भने टाउको फोडाफोड गरी झैंझगडा गरी आफ्नो जीवनमा हानी पुऱ्याउनु पर्ने हुन्छ । फलस्वरूप बन्धनागारमा बसी कठोर दण्ड पनि भोग्नु पर्ने हुन्छ।

विद्वान उत्तम पुरुषहरूको उपदेश र राम्रो शिक्षा सिक्नुपर्छ। यस्तो बानि बसाल्न सकेमा र सहने अभ्यास भएमा बलेको आगोमा घ्यू थप्ने बानी होइन शीतल पानी राखी आगो निभाए जस्तै रीस रुपी आगोलाई सहनशीलता रुपी पानीले निभाउन सकिनेछ। सहने गुण वृद्धि गरी सानो कुरामा झैंझगडा नगरी शत्रु भावलाई निर्मुल पारी आनन्दपूर्वक जीवन बिताउन सकिने छ। शत्रुलाई जित्न सक्नेछ। त्यसैले संयुक्त निकायमा यसरी उल्लेख गरिएको छ।

**तस्सेव तेन पापियो यो कुद्धं पटि कुज्झति**
**कुद्धं अप्पटि कुज्झन्तो सङ्गामं जेति दुज्जयं।**

अर्थात- कसैले रिसाइरहेको व्यक्तिलाई आफुले पनि रिसाई क्रोध गऱ्यो भने त्यो व्यक्ति पहिले रिसाउने व्यक्तिभन्दा पनि बढि पापी हुनेछ । रिसाइरहने व्यक्तिलाई रिसाएर नै जवाफ नदिने व्यक्ति मात्र एकदम कठिन क्रोध संग्राममा विजयी बन्नेछ।

*सहनुमा पांचवटा फलहरू छन् :-*

**"पञ्चिमे भिक्खवे आनिसंसा खन्तिया"**

अर्थात् - "भिक्षुहरू ! सहनुमा ५ वटा फलहरू छन्" भनी गौतम बुद्धले आज्ञा हुनु भएको छ।

*(अंगुत्तर निकाय)*

१. सहन सक्ने व्यक्तिलाई धेरेजसो मानिसले मन पराउँछन्। मान सम्मान पाउँछ।
२. साथी वा मित्रहरू धेरै हुनेछन्।
३. अपराध र खराब कार्य नगर्ने हुन्छ।
४. सधैं होशियारीपूर्वक रहन्छ । बेहोश भई मर्नु पर्ने हुँदैन।
५. उसको गति राम्रो हुनेछ।

यसरी सहनुको गुण ५ वटा भनिए पनि आजको समाजमा त्यसै पनि शत्रुहरू देखा पर्छन् । सहेजस्तै शत्रुहरूको मन परिवर्तन हुँदैन । अझ टाउकोमा टेक्न आउने मानिसहरू मात्र धेरै छन्। तैपनि सहनुमा फल धेरै छ भन्ने विषयलाई नै मान्यता दिनु पर्दछ । सहेर झगडा निर्मुल भएको मात्र होइन मानिसहरूको मन समेत बदलेको एक दुईवटा घटनाहरू यहाँ प्रस्तुत गदैछु।

## सहनशीलताले गरेर सासुको स्वभाव बदलियो

एक तरुनी बुहारी आफ्नो श्रीमानको घरमा गइन्। तर त्यहाँ सासु परिछन् धेरै मापाकी। उनकी सासु दिनको दुईपटक छिमेकीहरूसंग झगडा नगरीकन बस्न नसक्ने रहिछन्। घरमा दुलही भित्रिएदेखि उनीले विचार गरिन् - बाहिर गएर किन झगडा गर्ने ? अब त आफ्नै बुहारीसंग झगडा गरे पनि पुगिहाल्यो नि। उमी बिहानैदेखि बुहारीलाई गाली गरिरहन्थी - तेरो बुबाले सिकाएको शिक्षा यही हो ? तेरी आमाले दिएको शिक्षा यही हो ? तिमी जस्तो मूर्ख त अरु कुनै देखेकी छैन।

बुहारी भने चुपचाप सासुको गाली सुनिरहन्थिन्। सासु चाहिं रिसाउँदै भनिरहन्थिन् - "तेरो मुखमा जीब्रो पनि छैन कि क्या हो ?" तर बुहारीले केही जवाफ लगाउँदैनथ्यो। यसरी दिनको दुई तीन पटक त झगडा गरिरहन्थिन्। सासुले जे जस्तो भने पनि बुहारी चाहिं चुपचाप सहेर बस्थिन् (बुहारीको यस्तो बानी देखेर) सासुले भनिन् - जमीनमा खुट्टा बजाऱ्यो भने आवाज त आउँछ। म यस्तरी ठूलठूलो स्वरले कराइराखे पनि तैंले त बोल्दै बोल्दिनस्। तं त माटोभन्दा पनि नीच रहिछस्।



Downloaded from http://www.dhamma.digital

यसरी कराइरहेको नजिकैको एक महिलाले सुनेपछि उनीले सहनै सकेनछ । उनीले विचार गरिन् - नौलो बुहारीलाई कस्तो कष्ट दिइरहेकी यिनले । यो दुष्ट महिलालाई मैले ठीक पार्नेछु भन्दै बाहिर आएर गाली गर्न थालिन - ए बुढी ! झगडा गर्न मन लाग्छ भने बाहिर निस्केर मसंग झगडा गर्नु । तिम्रो इच्छा मैले पुरा गरिदिनेछु । विचरो अशरण बुहारीसंग किन कराइरहेकी ?

त्यही बेला बुहारीचाहिं उठेर जवाफ दिन थालिन् "तपाई यहाँ के कराइरहनु भएको ? उहाँ मेरी आमा हुनुहुन्छ । आमाले मलाई गालि गर्न सक्नु हुन्न ? छोरीलाई आमाले गाली नगरे अरु कसले गाली गर्छ ? मलाई गाली गऱ्यो भनेर तपाईंले किन टाउको दुखाउनु हुन्छ ? नकराउनुस् खुरुक्क जानुस् । यो कुरा सुनेर सासु चाहिं लाजले भुतुक्क भइन् । त्यस दिनदेखि सासुचाहिं कहिले पनि रिसाइनन् ।

### जापानमा एकजना भिक्षुले सहेको घटना

जापानको एउटा गाउँमा एकजना नव युवक भिक्षु हुनुहुन्थ्यो । उहाँले एकदम राम्रो तरीकाले कथा भन्नुहुँदो रहेछ । त्यस गाउँका मानिसहरूले उक्त भिक्षुलाई धेरै मान सत्कार र गौरव गर्थे । तर एकदिन अचानक सपना जस्तै स्थिति बदलियो । त्यस गाउँका सारा मानिसहरू भिक्षुको विरोधी भई कराउन थाले । तिनीहरू सबैले भिक्षुको कुटीमा ढुंगा बर्साउन गए । कुटीमा आगो लगाइदिए । भिक्षुले अचम्म मानी सोध्नुभयो - किन ? के भयो ?

ती मानिसहरूले जवाफमा भरखर जन्मिएको एउटा नवजात शिशु भिक्षुको काखमा राख्दै भने - "के भयो भन्ने विषयमा अव त बुझ्यौ ? के भयो र भनेर सोद्धैछौ हैन ? लाज पनि छैन । गाउँकी एउटी केटीले यो नवजात शिशु जन्माइन् । उनीले भन्दैछिन् उ तिम्रो तर्फबाट गर्भवती भएकी रे । यस बच्चाको बुवा तिमी नै हौ रे । हामीले भरखर थाहा पायौं यस्ता व्यक्ति प्रति भक्ति गरेर हामीले ठूलो गल्ति र भूल गर्न पुग्यौं । तिमीलाई हामीले श्रद्धापूर्वक दान दिई कुटी पनि बनाइदियौं । तिमी एक चरित्रवान् व्यक्ति भन्थानेका थियौं हामीले । हामीले त सपनामा पनि सोचेका थिएनौं यो बच्चा तिम्रो कारणले जन्मिएको भनेर । यस्तो पनि चाला हो ?

वच्चा रोईरह्यो । भिक्षुले बच्चालाई फकाइ रहनुभयो । उहाँले ती मानिसहरूलाई भन्नुभयो - कुरो त्यसो पो रहेछ ? यो बच्चा मेरो रहेछ होइन त ? तिमीहरूले यस्तो भन्छौ भने सही नै होला । त्यहाँ जम्मा भएका सबै मानिसले उहाँलाई गाली गर्नसम्म गरे । कुटीमा आगो लगाई भिक्षुको सामानहरू सबै यता उता फालेर फर्के ।

आधा दिन बित्न लाग्यो । त्यस भिक्षु बच्चा बोकेरै गाउँमा भिक्षा माग्न जानुभयो । संसारमा यसरी बच्चा बोकी भिक्षा माग्न आउने भिक्षु शायद कतै छैन होला । नवजात शिशु रोइरहेको थियो । भिक्षु घर घर पिच्छे भिक्षा माग्दै जानु भयो । तर मानिसहरूले उहाँलाई घृणा गर्दै थुक्दै ढोका थुन्न थाले । कसैले पनि भिक्षा दिएनन् । सबैले भिक्षुलाई मनपरि भन्दै निन्दा उपहास गरेर त्याए । पहिला कति सम्मान गर्थे अहिले कस्तो अपमान । ढुंगाले हिर्काएर पठाए कसैले त । बच्चालाई जोगाउँदै भिक्षु त्यस घरमा पुग्नुभयो जहाँ त्यही बच्चाकी आमा रहने गर्थ्यो । घर दैलो अगाडि उभिएर भिक्षु कराउनु भयो - मलाई भिक्षा त दिएनौ भैहाल्यो, यो कुरो मैले बुझेको छु । तर यस बच्चालाई दूध त खुवाउनु पर्छ, यस बच्चाको के दोष ? मेरो दोष हुन सक्छ, गल्ती हुन सक्छ । तर यस बच्चाको त केही दोष छैन नि ।

त्यहाँ पनि थुप्रै मानिसहरूले घेर्न आए । बच्चाको आमाको ढुकढुकी बढ्यो डरले । मन थाम्न सकिनन् । आमाको हृदय न हो । त्यस बच्चाको आमाले उनको बुबाको खुट्टा समाटेर रुँदै भनिन् - "बुबा मैले ठूलो गल्ती गर्न पुगें । झूठो आरोप लाउन पुगें । मैले वेफ्वांकमा त्यस भिक्षुको नाम लिएँ । त्यस भिक्षुलाई मैले त चिनेकै थिइन । मेरो बच्चाको बुबा त्यो भिक्षु होइन । अर्कै पुरुष हो । मलाई भन्न अप्ठ्यारो लागेर मात्र त्यस भिक्षुको नाम लिन पुगें । यस्तो भयानक जात्रा होला भनेर मैले सोचेकै थिइन । मलाई क्षमा गर्नुहोस् । मेरो बच्चा ल्याइदिनुस् ।"

छोरीको कुरो सुनी बुबाचाहींको मगजमा भूकम्प जान थाल्यो । उ हतारिएर बाहिर गई भिक्षुको पाऊ परी क्षमा माग्दै बच्चा लिए । भिक्षुले सोध्नुभयो - के भयो ? किन बच्चा खोस्न आयौ ? केटीको बुबाले भन्यो - यो बच्चाको बुबा तपाईं होइन । हाम्रो तर्फबाट ठूलो भूल हुन पुग्यो । यो बच्चाको बुबा त अर्कै व्यक्ति परेछ । भिक्षुले भन्नुभयो - ए ! त्यसो पो रहेछ ? यो बच्चा मेरो होइन ? बिहान तिमीहरू सबै आई भन्दै थियौ, यो बच्चा मेरै हो भनी छोडेर गएका होइनौ ?

गाउँलेहरू सबैले एउटै स्वरले भन्नथाले - तिमी पनि कस्तो बहुला रहेछौ , बिहान नै भन्नु पर्दैन ? यो बच्चा मेरो होइन भनेर ? भिक्षुले भन्नुभयो - तिमीहरू सबै मिलेर कराउन आएको बेला मैले होइन भनेर कसरी भन्ने ? केही नबोल्दा त ढुंगाले हिर्काउन आए । मेरो कुटीमा आगो लगाइदियो । सबैले मेरो दोष भन्थानेर कराउन आए । मनपरी जथाभावी गाली गरेर गए । यसरी तिमीहरू बेहोश भइरहेको बेलामा मैले होइन भनेर विरोध गरेको भए मेरो के गति हुने होला ? यो जीवन त सपना जस्तै हो । तिमीहरू सबै आज बिहान विवेक बुद्धि गुमाई कराउन आएका थियौ । (सत्यकी खोज)

सहनु एक ठूलो महापुरुष गुण हो । यसलाई बोधिसत्व गुण भने पनि केही फरक पर्दैन । भगवान बुद्धले क्लेश नाश गर्ने क्रम वा तरिका उपदेश गर्नु भएको कुरा मज्झिम निकायको सब्बा सब सूत्रमा व्याख्या गर्नु भएको छ । त्यसमा ७ वटा कुराहरू सम्मिलित छन् - संयमी भएर पनि मनको मयल हटाउन सकिन्छ । राम्ररी मनले बुझी अनुभव गरी, खराव व्यक्तिहरूको संगत नगरी, खराब बानी त्यागेर सहन शक्ति बढाएर मनका कमजोरीहरूलाई हटाउन सकिन्छ ।

सहेर क्लेश हटाउने क्षेत्रमा घाम चर्केकोले अल्छी लाग्यो भन्दै केही काम नगरी बस्ने, पानी परिरहेको छ, झिंगा, लामखुट्टेले दु:ख दिन्छ, निन्दा मात्र सुन्नुपर्छ आदि भनी विभिन्न निहुँ पारी सहन शक्ति गुमार चुपलागेर बस्यो भने जीवन सुखमय हुने छैन र क्लेश हटेर जाँदैन भनी त्यस सूत्रमा व्याख्या गरिएको छ ।

माथि उल्लेखित विभिन्न कुराहरू मध्ये धेरैजसो कुराहरू शत्रुसंग रहँदा र शत्रुलाई जित्नको लागि गाली गरे पनि कुटेपनि सहनु पर्छ भन्ने कुरा मात्र उल्लेखित छन् । अरुले गाली गर्दा सहेर मात्र पुग्दैन भन्ने कुरा सब्बा सव सूत्रमा उल्लेख गरिएको छ । घाम चर्केको छ धेरै गर्मी सहन सक्दिन भनी बाहिर नगईकन चुपचाप ओछ्यानमा वा झ्यालमुनी उत्तानो परी पंखा चलाई बसिरहेर मात्र कसरी काम सिद्धिन्छ ? जीवन कसरी निर्वाह हुनेछ ? त्यसैले गर्मी नभनी अल्छी नमानी मेहनती बनी आफूले गर्नुपर्ने काम र कर्तव्य यथा समयमा नै पूरा गर्नु पर्दछ । कृषकहरूले गर्मी, वर्षा र जाडोलाई वास्ता नराखी सहेर नै खेतीपाती राम्ररी चलाई जीवन बिताइरहेका छन् । फलस्वरूप देश टिकिरहेको छ । उनीहरूले गर्मी सहन सक्दैनौं भनी चुपलागेर बसेका छैनन् । अल्छी भई चुप लागेर बसेका व्यक्तिहरू मात्र दु:खी र गरीब हुन्छन् ।

भोक र तीर्खा सहन सक्नु पनि एक प्रकारको ठूलो गुण हो । हाम्रो देशलाई माथि उठाउन र देश रक्षा गर्ने कार्यमा भोक तीर्खा नभनी दु:ख सहेको र जेलमा लामखुट्टे र उडुसको टोकाई सहेर जे छ त्यही खाना खाएर सहँदै आएको फलस्वरूप नै ठूलाठूला नेताहरू देशको रक्षक बन्न पाए । सबैको तर्फबाट नेता र राष्ट्रपिता भन्ने मान सम्मान पाउन सफल भए । विश्वले सम्मान गराउन पाए ।

नराम्रो लुगा लगाउन परे पनि असजिलो र टालेको लुगा लगाउन परेपनि सहने क्षमता आफूमा हुनु नै देश सेवा र सन्तोषको कुरो हो । सुखमय जीवनको एक उपाय हो सहने क्षमता ।

देश विकास र उत्थान कार्यमा आत्मनिर्भर हुनको लागि यो सहने गुणधर्म सबैसंग हुन आवश्यक छ ।


*क्रमश:*

***"अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गऱ्यो, के गरेन भनी हेर्नुनै बेस छ ।" - धम्मपद***



Downloaded from http://www.dhamma.digital

# धम्मपदमा क्रोधवर्ग



सुवर्ण शाक्य
ॐबहाल, काठमाडौं

मानिसको जीवनमा 'क्रोध' शब्द ज्यादै प्रचलित शब्द हो । 'क्रुध्' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको 'क्रोध' शब्द पालिमा 'कोध' भई प्रयोग भएको छ । नेपालीमा क्रोधलाई 'रीस' भनिन्छ । क्रोध भनेको मानिसमा उब्जने एकप्रकारको भावना हो । क्रोधले मानिसमा रौद्ररस उब्जाउँछ । आफूले भनेजस्तो भएन भने मानिसमा क्रोध जाग्छ । धेरै कारणले क्रोध जाग्न सक्दछ । क्रोध आफैआफ पनि उत्पन्न हुन्छ । अरुको कारणबाट पनि क्रोध उत्पन्न गराउने हुन्छ । भगवद्गीतामा 'कामात्क्रोधाभिजायते' भनी कामबाट क्रोध उत्पन्न हुने कुरा बताइएको छ । साँचै त कुनै अनुचित अथवा हानिकारक काम कुरो देख्दा उत्पन्न हुने मानसिक उग्र उद्वेग नै क्रोध हो । 'रीस' शब्दको अर्थ लगाउने हो भने ईर्ष्या, द्वेष र डाहलाई पनि लिन सकिन्छ । यो क्रोधको वेग हुन्छ । यही क्रोधको वेगसंबन्धमा बुद्धवचन धम्मपद ग्रन्थमा १४ गाथाको एउटा छुट्टै वर्ग खडा गरेर 'कोधवग्गो' भनी सँगालेको छ । बुद्धका उपदेशको संगालोलाई त्रिपिटक भनिन्छ । त्रिपिटकमा पहिलो पिटक 'सूत्रपिटक' हो । सूत्रपिटकमा ५ वटा ग्रन्थ अन्तर्निहित छन् । यसको पाँचौं ग्रन्थ खुद्दकनिकाय हो । खुद्दकनिकायमा पनि १५ वटा ग्रन्थहरू समाहित छन् । धम्मपद खुद्दकनिकायको दोस्रो ग्रन्थ हो ।

परिस्थितिअनुसार मानिस क्रोधाकुल हुने हुन्छ । क्रोधलाई कसैले राम्रो ठानिँदैन तापनि क्रोधविनाको मानिस नीरस र समयअनुसार काम पट्याउन नजान्नेमा पनि मानिसले गणना गरेको पाइन्छ । क्रोधित मानिसदेखि सबै डराउँछन् मात्र होइन त्यसबाट सचेत पनि हुने हुन्छन् । ठूला ऋषि मुनिहरू र भिक्षुहरू पनि क्रोधी भनी चिनिएका छन् । यसअर्थमा क्रोधले फाइदा बेफाइदा दुबै क्षेत्रमा सघाउने जस्तो देखिन्छ । विशेषतया क्रोधले नोक्सान पुऱ्याउने गरेको नै धेरै मात्रामा देखिएको छ । धर्मशास्त्रअनुसार क्रोधलाई शमन गर्नु नै वास्तविक मानवीय गुण हुने भएको छ । बुद्धले ठाउँ ठाउँमा बस्दाखेरि ठाउँ ठाउँका व्यक्तिहरूलाई लक्षित गरी क्रोधसम्बन्धमा संभाउने गर्नुभएको थियो । यस्ता संभाउनीहरूको गाथापुंज यो क्रोधवर्ग हो । भगवान् बुद्धले क्रोधसंगै अरु अहित हुने कुराहरूको पनि उल्लेख गरी संभाउनुभएको छ । दुःख सन्तापबाट टाढा रहने हो भने क्रोध नगर भनी निर्देशन समेत दिएर यसरी संभाउनुभएको छ-

**कोधं जहे विप्पजहेय्य मानं**
**सञ्ञोजनं सब्बमतिक्कमेय्य ।**
**तं नामरुपस्मिं असज्जमानं**
**अकिञ्चनं नानुपतन्ति दुक्खा ॥**

अर्थात्- क्रोध नगर, अभिमान नगर, सबैप्रकारका बन्धनबाट पार तरेर जाउ । नाम-रुपमा आसक्त नहुने परिग्रहरहित व्यक्तिलाई दुःख सन्ताप हुनेछैन ।

बाढीको वेगभन्दा पनि क्रोधको वेग कडा हुने र त्यसलाई रोक्न गाह्रो हुने कुरालाई संकेत गरेर आएको क्रोधलाई सम्हाल्न नसक्ने व्यक्ति वास्तविकरूपमा उच्चकोटिमा गणना नहुने भएकोले वास्तविक व्यक्तित्वयुक्त हुनलाई क्रोधलाई रोक्न सक्ने क्षमता हुनुपर्दछ भनी असल सवारको उदाहरण दिई यसरी बताउनुभएको छ-

**यो वे उप्पतितं कोधं रथं भन्तं व धारये ।**
**तमहं सारथिं ब्रूमि रस्मिग्गाहो इतरो जनो ॥**

अर्थात्- जसले बढ्दैगएका क्रोधलाई दौडेको रथलाई रोके झैं रोक्छ, त्यसलाई म साँचैको सवार भन्दछु, अरु त खालि लगाम मात्र समात्ने हुन् वास्तविक सवार होइनन् ।

कोही पनि नैतिक सद्गुणलाई बिराएर उल्टो बाटोलाई अपनाउँछ भने त्यसप्रति प्रतीकार गर्नुसट्टा उपकारी भई व्यवहार गर्नु पर्दछ भनी सद्गुणयुक्त सल्लाह दिइएको छ । जस्तै -

**अक्कोधेन जिने कोधं असाधुं साधुना जिने ।**
**जिने कदरियं दानेन सच्चेन अलिकवादिनं ॥**

अर्थात्- क्रोधीलाई अक्रोधले जित्नू, नराम्रो गर्नेलाई राम्रो काम गरी जित्नू, कंजूसीलाई दान दिएर जित्नू र फटाहालाई साँचो कुरा गरेर जित्नू ।

दुःख झेली पृथ्वीमण्डलमा बस्नेलाई आनन्दकासाथ देवलोकमा जाने भए क्रोध नगर्ने सहितका तीनवटा कुरालाई पालन गर्नुपर्ने कुरा गाथाद्वारा यसरी बताइएको छ-

**सच्चं भणे न कुज्झेय्य**
**दज्जाप्पस्मिम्पि याचितो ।**
**एतेहि तीहि ठानेहि**
**गच्छे देवानसन्तिके ॥**

अर्थात्- सांचो बोल्नू, क्रोध नगर्नू र कसैले माग्न आएमा त्यस्तालाई केही मात्रामा भएपनि दिनू । यी तीन कुरा पुऱ्याउनाले मानिस देवलोकमा जान्छ ।

क्रोधीहरू असंयमी हुने हुन्छ, हिंस्रक हुन्छ जुन कुरा हुनाले पछि गएर शोकमा डुबेर जीवन दुःखमय हुने हुन्छ भन्ने कुराको आशय दिएर पछि शोकस्थानमा नपुग्न गर्नुपर्ने कुरालाई यसरी बताइएको छ–

**अहिंसका ये मुनयो निच्चं कायेन संवुता ।**
**ये यन्ति अच्चुतं ठानं यत्थगन्त्वा न सोचरे ॥**

अर्थात्- जो सधैं शारीरिक संयममा रहेर हिंसावर्जित रहन्छ, त्यस्तो व्यक्ति कहीं नगिर्ने ठाउँमा पुग्दछ, जहाँ पुग्दा शोकमा पर्नुपर्ने हुँदैन ।

क्रोधी व्यक्तिको आस्रव र चित्तमल नाश नहुने कुरालाई इंगित गरी त्यस्ताव्यक्तिको अभिलाषा निर्वाणप्राप्ति भएपनि योगाभ्यासमा लाग्न नसक्नाले जीवन सफल हुन नसक्ने कुराको झल्को दिएर अक्रोधी भएर गर्ने कुरा यहाँ बताइएको छ-

**सदा जागरमानानं अहोरत्तानुसिक्खिनं ।**
**निब्बानं अधिमुत्तानं अत्थं गच्छन्ति आसवा ॥**

अर्थात्- जो व्यक्ति सधैं जाग्रत भएर रातदिन योगाभ्यासमा लागिरहन्छ र निर्वाणप्राप्ति नै एकमात्र इच्छा राखेको हुन्छ, त्यस्ता व्यक्तिको आस्रव र चित्तमल नाश हुन्छ ।

क्रोधवर्गमा क्रोधसंग सम्बन्ध नै नभएको जस्तो कुरालाई समावेश गरेर एउटा त्रिकाल सत्यको कुरा अतुल नामक उपासकलाई संबोधन गरी बताइएको कुरा अति मननीय छ । यहाँ बताइएको कुराले असल मानिसलाई जीवनमा हौसला पुग्ने गरी सरल जीवनयापनमा आश्वस्त हुन सहयोग हुने भएको छ । जस्तो कि-

**पोराणमेतं अतुल नेतं अज्जतनामिव ।**
**निन्दन्ति तुण्हिमासीनं निन्दन्ति बहुभाणिनं ॥**
**मितभाणम्पि निन्दन्ति नत्थि लोके अनिन्दितो ॥**

अर्थात्- हे अतुल ! यो पुरानै कुरा हो, अहिलेको मात्र कुरा होइन कि यस दुनियामा चुप लागेर नबोल्दा पनि निन्दा नै गर्दछन् र धेरै कुरा बोल्दा पनि निन्दा नै गर्छन् । अझ त मितभाषी भएमा समेत निन्दा गर्छन् । यस दुनियामा कोही पनि निन्दारहित हुँदैन ।

मानिसको स्वभाव सबैको बराबर कहिल्यै हुँदैन । विचार भाव पनि एकै प्रकारको हुँदैन । निन्दाको भय र प्रशंसाको अभिलाषा क्रोध जतिकै निष्क्रिय पार्नुपर्ने विषय हो । यस विषयलाई उल्लेख गरी क्रोधरहित भई बस्ने असल व्यक्तिहरूको मनस्थितिलाई शान्त पार्ने हौसलाजन्य कुरा यहाँ यसरी बताइएको छ-

**न चाहु न च भविस्सति न चेतरहि विज्जति ।**
**एकन्तं निन्दितो पासो एकन्तं वा पसं सितो ॥**

अर्थात्- बिलकुल निन्दित भएका र हरकार्यमा प्रशंसित व्यक्ति न उहिले थियो न पछि हुनेछ, न त अहिले नै रहेको छ ।

क्रोध भएमा दोषयुक्त हुनेहुन्छ । क्रोध नहुने शीलवान्लाई ठूला बडाले प्रशंसा गरिने कुरालाई अगाडि सारी निन्दनीय नभएको गुण ग्रहण गरी सन्तोष जीवन बिताउन सल्लाह दिइएको गाथा यसप्रकार छ-

**यञ्चे विञ्ञू पसंसन्ति अनुविच्च सुवे सुवे ।**
**अच्छिद्द वुत्तिं मेधाविं पञ्ञासीलसमाहितं ॥**
**नेक्खं जम्बोनदस्सेव को तं निन्दितुमरहति ।**
**देवापि तं पसंसन्ति ब्रह्मुनापि पसंसितो ॥**

अर्थात्- विद्वानहरूले तौली तौली प्रशंसा गरिने दोषरहित मेधावी शीलवान् र प्रज्ञावान् जाम्बुनद मणी सरहको व्यक्तिलाई कसैले निन्दा गर्ने ठाउँ हुँदैन । त्यस्ता व्यक्तिलाई देवता ब्रह्माले पर्यन्त प्रशंसा गर्ने हुन्छ ।

बेफाइदाका कुरा वास्तविकरूपमा बुझेपछि त्यस्ता बेफाइदाका कुराबाट बच्न देखिने बेफाइदाका कुराहरूबाट बच्नुपर्दछ । मनले जेसुकै भनोस् शरीरले नराम्रो नगरिदिएमा आचरण शुद्ध देखिन्छ र शुद्ध हुन्छ पनि । क्रोधी हुँदा शारीरिक दुराचरण पनि भई व्यक्तिको लागि हानि हुने हुँदा शारीरिक दुराचरणबाट बच्न यसरी उपदेश दिइएको छ-

**कायप्पकोपं रक्खेय्य कायेन संवुतो सिया ।**
**काय दुच्चरितं हित्वा कायेन सुचरितं चरे ॥**

अर्थात्- शरीरबाट गरिने खराब आचरणबाट बच । शारीरिक संयम अपनाउ । शरीरबाट गरिने खराब आचरणलाई त्यागेर शारीरिक सच्चरित्रता अपनाउ ।

रिसाएको मानिस जथाभावी बोल्न सक्छ । वचनलाई आचरणयुक्त बनाई नियन्त्रण गर्नु व्यक्तिको लागि परम हित हुने कुरा व्यवहारवादी अनुभवीलाई थाहाहुने कुरा हो । यसैले वाचिक आचरण शुद्ध पार्न यसरी संझाइएको छ-

**वची कोपं रक्खेय्य वाचाय संवुतो सिया ।**
**वचीदुच्चरितं हित्वा वाचाय सुचरितं चरे ॥**



Downloaded from http://www.dhamma.digital

अर्थात्- वचनबाट गरिने अशोभनीय आचरणबाट बच । वाचिक संयम गर । वचनबाट गरिने खराब स्वभावलाई छोडी बाचिक सदाचरण गर ।

मानसिक सदाचरण नभएसम्म कुनैपनि व्यावहारिक आचरण ठीक नहुने कुरालाई जोडदिएर मानसिक दुराचरण छोड्नुपर्ने उपदेशलाई यसरी जोड दिइएको छ-

**मनोपकोपं रक्खेय्य मनसा संवुतो सिया ।**
**मनोदुच्चरितं हित्वा मनसा सुचरितं चरे ॥**

अर्थात्- मनले खराब सोच्नेबाट बच । मनलाई संयमित पार । मनद्वारा गरिने खराब आचरणलाई छोडेर मानसिक सदाचरण गर ।

बुद्धधर्म भनेको मनसा वाचा कर्मणा इमानदारिता वहन गरी मनले विचारेको कुरा वचनले पालन गर्ने र बचनले पोखेको कुरा कामद्वारा व्यवहारमा उतार्ने विषय हो । बुद्धको उपदेशको मूल सार नै यही हो । विना कर्मबाद बुद्धधर्म मानेको हुँदैन भनिएको पनि यही कारणले हो । यसैले मानिसले आफ्नो जीवन सार्थक बनाउनको लागि यी तीनै कुरामा संयमित भई ख्याल गर्नुपर्दछ । यस विषयमा क्रोधवर्गको अन्तिम गाथा यसरी प्रतिपादन गरिएको छ-

**कायेन संवुता धीरा अथो वाचाय संवुता ।**
**मनसा संवुता धीरा ते वे सुपरिसंवुता ॥**

अर्थात्- कायिक, वाचिक र मानसिक संयम हुने धीर विद्वान्लाई नै सुसंयमी भन्दछ ।

'पद' भनेको 'दर्जा' हो । धर्मसम्म पुग्ने पद धम्मपद हो । क्रोधयुक्त व्यक्ति धर्मको पदसम्म पुग्न सक्दैन । मानिसमा हुने प्राकृतिक विकारमध्ये क्रोध चानचुनको होइन । क्रोधसंबन्धमा मानिसले बहुत होशियारी अपनाई ठूलो संयम अपनाउनु पर्दछ । यसै कुराको सार यस धम्मपदको क्रोधवर्गमा निहित रहेको छ । बुद्धधर्म भनेको सुन्ने र पढ्ने मात्र होइन अपितु सुनेका पढेका कुरा व्यवहार मा उतार्ने विषय हो । यसैले धम्मपद सानो ग्रन्थ भएर पनि बुद्धका गहन उपदेशको मार्मिक विषय बनेको छ । यस्ता मार्मिक कुरामध्ये विध्वंशका कारण बनिराखेको क्रोधको विषय पनि हो । क्रोधवर्गको अध्ययन, मनन र पालन गरी बुद्धधर्मानुकूल निर्वाणत्वको मार्ग पहिल्याउन सक्ने कुरामा विश्वास लिन सकिन्छ । कुरामा होइन व्यवहारमा लाग्नु बुद्धधर्ममा लाग्नु हो । यसमा लिखित कुरा सामान्य नीति र उखान टुक्का जस्तो मात्र होइन, त्रिकालसत्यका नमूना हुन् । अत: क्रोधवर्ग असल मानिस बन्न चाहनेको लागि बुद्धको वरदान हो । ■


*Hearty Greetings on the occasion of 2545th Vaisakh Full Moon Day*

NEW SRINATH
*Jewellers*

New Road, Kathmandu, (Nepal)
Phone: 221008

# राष्ट्रिय जनगणना २०५८ र नेपाली बौद्धहरू

✍ भिक्षु कोण्डन्य, बुद्ध विहार, भृकुटी मण्डप


ङ्ह्याङ्ज्ञा बौद्ध हिमु ।
(थकालि)


कान बौद्ध ह्वः ।(मगर)


ङ्यो तमुमै बौद्ध ङ्बा ।
(गुरुङ)


भ्री बौद्ध खः । (नेवाः)


ङ्याङ् तामाङ्ग जाती बौद्ध थिम्पा ।
(तामाङ)


हम सब बौद्ध चियै । (थारु)


हल्ङ्ग बौद्ध हिन । (शेर्पा)

**पृष्ठभूमिः**

नेपालमा राणा शासनको अन्त्य, प्रजातन्त्रको पुन:स्थापनाको लगतै २००९ साल फागुन महिनामा पहिलो पटक राष्ट्रिय जनगणना लिइयो । त्यसपछि प्रत्येक दश वर्षमा जनगणना लिंदै जाने क्रममा क्रमश: २०१८, २०२८, २०३८ र २०४८ गरी जम्मा पाँच पटक जनगणना भैसकेको छ । यसरी प्रत्येक दश-दश वर्षमा लिइने जनगणना अनुसार राष्ट्रिय जनगणना २०५८ संघारमा आइपुगेको छ, जुन जेष्ठ २८ बाट शुरु गर्दै आषाढ ७ गतेसम्म हुनेछ । राष्ट्रिय योजना आयोग र यसको विभागको रूपमा रहेको तथ्याङ्क विभागले राष्ट्रिय जनगणना सम्पन्न गर्ने जिम्मेवारी बोक्दै सही तथ्याङ्क दिने भनी संचार क्षेत्रमा ध्वाँग फुक्ने कार्य थालनी गर्दै सूचना तथा संचार मन्त्रालय मार्फत हालसालै मात्र **'कोही नछुटौं, कोही नदोहरियौं'** भन्ने जनगणनाको प्रतीक स्वरूप रु. २ को हुलाक टिकट प्रकाशनमा त ल्याए तर पनि यसमा जनसाधारण विश्वस्त हुन सकेका छैनन् । वास्तवमा प्रत्येक नागरिकको लागि राष्ट्रिय जनगणना महत्त्वपूर्ण विषय हो । यसमा सबैले चासो देखाई अभिरुची पूर्वक सही तथ्याङ्कका लागि सहयोग दिनेतर्फ अभिमुख हुनसक्नु नागरिकको कर्तव्य र दायित्व भित्रै पर्दछ ।

नेपालमा जनगणनाको थालनी भए यता ५० औं वर्ष प्रवेशको चरणमा भएकोले पनि राष्ट्रिय जनगणना २०५८ ले नेपालको जनगणना क्षेत्रमा महत्त्वपूर्ण भूमिका राख्दछ, कुनै पनि राष्ट्रको जनगणनाको सुचाङ्क गर्ने महत्त्वपूर्ण विषय मुल जनसंख्या त छँदैछ, तथापि त्योसंगै मुलुकको धार्मिक अवस्था, मुलुकको जनसंख्या वृद्धिदर, जात-जाति, पेशा, भाषा आदिलाई समेत प्रमुखताकासाथ लिई सोको आधारमा मुलुकको विकास र सामाजिक संरचनाको खाका एवं मापनसमेत गरिने भएको हुँदा यस विषयमा सबै वर्ग अर्थात सिंगो मुलुककै ध्यान केन्द्रित हुनु जरूरी देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

***विषय प्रवेश :***

नेपाल विविध धर्म, जात-जाति, भाषा, संस्कृति, भेष-भूषा, रहन-सहनले भरिपूर्ण देश हो । त्यसैले यो मुलुक बहुधार्मिक, बहुभाषिक, बहुजातीय एवं बहु साँस्कृतिक मुलुक हो । विविध जात, जाति धर्म, सम्प्रदाय र भाषाभाषीहरूको भाषा, साहित्य, कला, धर्म र संस्कृति आदिको विकास गर्ने तर्फ श्री ५ को सरकारले सदैव तत्परता देखाउनु पर्ने अपरिहार्यता देखिन्छ । यो अपरिहार्य कर्तव्य बोधलाई २०४७ सालको संविधानले समेत ओझेलमा पारेको कुरामा जनताले दिल दुखाउँदै बस्नु परेको छ । ४६ सालको जनआन्दोलन पश्चात नेपालमा प्रजातन्त्रको पुनर्बहालि भयो भनिन्छ तर यसमा जनताले कति राहत पाए त ? यसको उपभोग व्यापक पक्षले गर्न पाएकै हो त ? सम्पूर्ण नेपाली जनता जुर्मुराएर, क्यौंले छातीमा गोली थापेर ज्यानको बाजी राखेर पुनर्स्थापना भएको प्रजातन्त्रमा २०४७ को नेपाल अधिराज्यको संविधानले भने **'बहुधार्मिक'** यथार्थतालाई आँखा चिम्लेर 'हिन्दू अधिराज्य' भनी अन्य जनजाति, धर्म र सम्प्रदायका लागि पक्षपात पूर्ण एकलौटी-एकतर्फि घोषणा गरे । जस अनुरूप आज यहाँ एक पक्षीय आफ्ना धार्मिक, साँस्कृतिक एवं जातीय भेदभावको गन्ध छाएको छ, एकै पक्षलाई मात्र श्री ५ को सरकारले पोषण गरेको गरेकै छ भन्ने असन्तोष भावना व्यापक छ । बुद्ध धर्म र बुद्ध धर्मावलम्वीहरूप्रति पनि आधारभूत आवश्यकताको रूपमा समेत श्री ५ को सरकारले जे-जति गरिदिनु पर्ने हो त्यो अझै बेवास्ता गरीरहेको नै देखिन्छ ।

***६१ जनजाति तथा बौद्ध जातिहरू :***

राष्ट्रिय जनगणना २०४८ अनुसार नेपालको कूल जनसंख्या १,८४,९९,०९७ को ३५.६ प्रतिशत अर्थात ६५,७२,२६५ जनसंख्या रहेका छन् । जनजातिहरूमा सबैभन्दा ठूलो समुदाय मगर हो । जो देशको पूरा आवादीको ७.२४ प्रतिशत छ । त्यसपछि थारू ६.५ प्रतिशत, नेवार ५.६ प्रतिशत, तामाङ्ग ५.५ प्रतिशत, राई २.८ प्रतिशत, गुरुङ्ग २.४ प्रतिशत तथा लिम्बु १.६ प्रतिशतमा रहेका छन् । हाल श्री ५ को सरकार, राष्ट्रिय जनजाति विकास समितिद्वारा प्रकाशित **"नेपालका जनजातिहरू"** (लेखन-लाम्ला उक्याव र श्याम अधिकारी) मा श्री ५ को सरकारद्वारा राजपत्रमा नेपालका हिमाली, पहाडी, भित्री मधेश र तराई गरी ६१ जनजाति अनुसूची प्रकाशित गरेको छ । जस अनुसार भोटे, शेर्पा, थकाली, डोल्पो, ल्होमी (शिङ्सावा), ल्होपा, लार्के (नुप्रीवा), सियार (चुम्वा), मुगाली, बाह्रगाउँले, मनाङे(नेस्याङवा), वालुङ, थुदाम, ताङ्वे, तोप्केगोला (ढोक्प्या), मार्फाली, ठिन्तन, चिम्तन, स्याङतान, छैरोतन, व्यासी, चेपाङ, गुरूङ, जिरेल, लेप्चा, लिम्बू,नेवार, मगर, राई, सुनुवार, तामाङ, थामी, दुरा, हायु, छन्त्याल, ह्योल्मो, पहरी, भुजेल/घर्ती, बरामो, सुरेल, कुसुण्डा, फ्रि, कुशवाडिया (कुहवाडिया), बनकरिया, बोटे, दनुवार, कुमाल, दराई, माझी, राजी, राउटे, धानुक (रजवंशी) धिमाल, गनगाई, राजवंशी (कोच), थारू, मेचे (वोडो), किसान, सतार (सन्थाल), ताजपुरिया, झाँगड जाति पर्दछन् । उपरोक्त अनुसूचि अन्तर्गत तपसिलका बौद्ध जनजातिहरू मगर, थारू, नेवार, तामाङ्ग, गुरूङ्ग, शेर्पा, थकाली, लामा, धिमाल, राजवंशी, भोटे, लेप्चा, ह्योल्मो, ल्होमी, ल्होपा, मनाङ्गे, कुमाल, डोल्पो, ताङ्वे, बाह्रगाउँले, मारफाली, मुगाली, लार्के, सियार, स्याङतान सबै बौद्ध जाति, जनजाति तथा आदिवासी अन्तर्गत पर्दछन् । यसरी नै सुरेल, वालुङ, राजी, राउटे, मेचे, वरायो, धानुक, दुरा, थुदाम, थामी, तोप्केगोला, ठिन्तन, जिरेल, छन्त्याल, चेपाङ्ग, कुसवाडिया, कुमाल आदि जनजातिहरूको भाषा, संस्कृति र रहन सहन आदिलाई हेर्दा उनीहरू मध्येमा पनि बौद्ध धर्मावलम्बीहरू रहेको कुरा थाहा हुन्छ । यसरी हेर्दा नेपालमा बुद्धधर्मावलम्बीहरू कम छैनन् तर श्री ५ को सरकारले जनगणनामा सदाझैं बौद्धहरूको तथ्यांकलाई बङ्ग्याएर मिथ्यांक प्रस्तुत गर्दै आएको भन्ने जुन जन गुनासो छ, त्यो अस्वाभाविक होइन ।

***राष्ट्रिय जनगणा २०४८ मा बौद्धहरू:***

डा. हर्ष गुरुङ्गले गर्नुभएको राष्ट्रिय जनगणना २०४८ को तथ्याङ्क अनुसार नेपालको कुल जनसंख्या १,८४, ९९,०९७ मध्ये हिन्दू जातको जनसंख्या ५६.२ प्रतिशत, जनजातिको जनसंख्या ३५.५ प्रतिशत र अन्य जातजातिको संख्या ८.३ प्रतिशत छन् । २०४८ को राष्ट्रिय जनगणनामा ६ वटा धर्मावलम्बीहरूको तथ्याङ्क दिइएको छ, जसमा उल्लेख भए अनुसार हिन्दूहरूको जनसंख्या **८६.५१ प्रतिशत, बौद्धहरूको ७.८ प्रतिशत, इश्लामहरूको ३.५ प्रतिशत, किराँतहरूको १.७ प्रतिशत, ईशाइहरूको ०.२ प्रतिशत र अन्य धर्मावलम्बीहरू ०.३ प्रतिशत** देखाइएको छ । जनसंख्याको अत्यधिक संख्या बौद्ध धर्मावलम्वी शेपा ८९.८ प्रतिशत, तामाङ्ग ८६.११ प्रतिशत र भोटे ६९.४५ प्रतिशत देखिन्छ । यसरी नै एक तिहाई देखि आधाभन्दा केहि कम बौद्धधर्मावलम्वी हुने जनजातिमा थकाली ४१.५८ प्रतिशत, गुरूङ्ग ४१.४२ प्रतिशत, लेप्चा ३६.७२ प्रतिशत र नेवारको १४.२ प्रतिशत बाहेक अन्य सबै जनजातिमा बौद्धधर्मावलम्वीहरूको संख्या ७ प्रतिशत भन्दा कम देखाइएको छ । श्री ५ को सरकारको केन्द्रिय तथ्याङ्क विभागले हरेक दश वर्षमा

लिने, जनगणनाको तथ्याङ्कलाई समाजशास्त्रीहरूले मिथ्याङ्क हुने गरेको आरोप लगाउने गरिएको पाइन्छ। यसै सन्दर्भमा हिन्दूधर्मावलम्बीहरूको तथ्याङ्क केहि बढाई-चढाई प्रस्तुत गरेकोले त्यसलाई घटाएर ७० प्रतिशतमा बनाउनुपर्ने सुझाव पत्रकार कनकमणि दिक्षितले देशान्तर साप्ताहिकमा कार्तिक २४, २०५४ को अङ्कमा प्रकाशित नेपालका हिन्दू राजा र हिन्दुत्व सम्बन्धि एउटा लेख मार्फत भन्नुभएको कुरा डा. कृष्ण बहादुर भट्टचनले चितवनमा भएको सातौं राष्ट्रिय बौद्ध सम्मेलनमा प्रस्तुत गर्नुभएको 'नेपालमा बुद्धधर्म र सामाजिक मेलमिलाप' शीर्षकको कार्यपत्रमा उल्लेख गर्नुभएको छ। तर अधिकांश बौद्धहरूले आफ्नो जनसंख्या अत्यधिक हुँदाहुँदै सुनियोजित पूर्वक घटाएको भन्दै आफ्नो जनसंख्या अत्यधिक भएको दावी गर्दै आएका छन्। यो हामी बौद्धहरूको स्वाभाविक असन्तोष हो। हिन्दूहरूको तथ्याङ्क ८६.५१ प्रतिशत देखाउनु हिन्दूत्वको रक्षार्थ, घोषित हिन्दू अधिराज्यलाई बैधता दिनु हो भने हिन्दूलाई मात्र काखा र बौद्ध तथा अन्य धर्मावलम्बीलाई पाखा राख्ने रणनीतिलाई दरिलो बनाउनु पनि हो। यस्तो गलत कार्यले अहिन्दू धर्मावलम्बीहरूको भावनामा चोट पुऱ्याएको छ र परिणामतः हिन्दू शासक विरूद्ध शंका बढ्नु कुनै आश्चर्य होइन।

***हरेक जनगणनामा कम हुँदै जाने बौद्ध जनसंख्या:***

प्रत्येक जनगणनामा नेपालीहरूको जनसंख्या बढ्ने क्रम जारी छ। जस अनुरूप २ करोड भन्दा बढी नेपाली जनसंख्या पुगिसकेको हामीलाई थाहा छ। जनसंख्या बढ्दै गएको अनुपातमा नेपाली बौद्धहरूको जनसंख्या प्रतिशत प्रत्येक गणनामा घटाउने क्रम जारी छ। Statistical Year of Nepal को विवरण अनुसार राष्ट्रिय जनगणना २०१८ सालमा १७ प्रतिशत बुद्ध धर्मावलम्वीहरू रहेका थिए भने पछि २०२८; २०३८ हुँदै २०४८ को राष्ट्रिय जनगणनामा आइपुग्दा नेपाली बौद्धहरूको ७.८ प्रतिशत मात्र देखाइनु र हिन्दूहरू ८६.५१ प्रतिशत देखाइनुले यसमा पक्कै पनि सुनियोजित रूपमै षडशास्त्रविज्ञहरूले चलाएको चाक्लि, चुक्लि, चाप्लुसि, छल, कपट र भेलको द्योतक सावित हुन्छ; जसलाई उनीहरूको धर्म-अन्धानुकरण गर्ने चाल मान्न सकिन्छ। वास्तवमा शुरुवातदेखि नै अधिकांश बौद्ध संख्यालाई घटाउँदै ल्याउने प्रवृत्ति हावी भएको मान्न सकिन्छ। यहाँ जसरी हुन्छ, त्यसरी हिन्दूत्वको रक्षाको नाममा हिन्दू धर्मावलम्बीहरूको जनसंख्या दरलाई बढाउने धृष्टता भएको थाहा हुन्छ। होइन भने प्रत्येक जनगणनामा बौद्धहरूको जनसंख्या घट्दै जानुको रहस्य के हो ? नेपालमा ठूलो अनिकाल परेर, महामारी जस्तो डरलाग्दो रोग फैलिएर त्यसको चपेटामा परेर, भूकम्प आदि प्राकृतिक प्रकोपमा परेर वा कि सरकारी दमन-उत्पीडन सहन नसकेर बौद्ध धर्मावलम्वीहरू देश छाडेर गएका छैनन् भने देश निकालामा परेर बौद्धहरू सखाप हुँदै, हराउँदै विलाप हुँदै वा अन्यत्र विस्थापित हुनुपर्ने अवस्था कहिल्यै देखा नपरेर पनि आखिर बौद्धहरूको जनसंख्या प्रतिशतमा कसरी कमी आयो ? गिरावट त्यसै कसरी देखियो ?! वास्तवमा यो बौद्धहरूलाई अल्पसंख्यक पासोको चपेटामा पारी विवश र असहाय गर्ने षडयन्त्रको सुनियोजित क्रमिक प्रयास नै हो भन्दा अत्युक्ति नहोला।

जन्मजात बौद्धहरू शेर्पा, तामाङ्ग, भोटे, गुरूङ्ग, मगर, थारू आदि जनजातिको संख्याकै हिसाबबाटै पनि बौद्धहरूको बहुमत जनसंख्या स्वतः स्पष्ट छ। विडम्वना यति हुँदाहुँदै पनि हिन्दू अधिराज्यको आधार र प्रश्रयमा हिन्दू प्रजाको जनसंख्या बहुमतमा देखाउन चाहने पक्षबाट बौद्धहरूलाई क्रमशः घटाउँदै लगिएको तथा वैज्ञानिक पद्धतिबाट विचार गरेर भन्ने भए नेपालको प्रत्येक जनगणना यथार्थमा बौद्ध संख्या नियोजन करण हो भन्ने अभिमत प्रा. भिक्षु सुदर्शन महास्थविरले 'बुद्धधर्मप्रति शासकहरूको असहिष्णुता' (२०४७) मा व्यक्त गर्नुभएको छ।

***राष्ट्रिय जनगणना २०५८ र मगर बन्धुहरू :***

जनगणना २०४८ अनुसार नेपाली जनसंख्याको ३५.६ प्रतिशत अर्थात ५६,७२,२६५. जनजाति रहेका छन् भने जनजातिहरूमा सबैभन्दा ठूलो समुदाय मगर हो, जो देशको पूरा आवादीको ७.२४ प्रतिशत छ। मगर बन्धुहरूको राष्ट्रिय सम्मेलन तथा हालसालै मात्र नेपाल मगर बौद्ध समाजको राष्ट्रिय सम्मेलन सम्पन्न भयो भने उद्घाटन खुल्लामञ्चमै गरिएको थियो। मगर बौद्धहरूले स्वपहिचानको क्रममा आफूहरू पुर्ख्यौली बौद्ध भएको स्वीकार गरी अब उप्रान्त हामीले आफूलाई बुद्धधर्मावलम्बीको रूपमा स्वीकार्दै जाने र राष्ट्रिय जनगणना २०५८ मा समेत आफूहरूले धार्मिक स्व पहिचानमा "बौद्ध" भनी उल्लेख गर्ने घोषणा गरेको कुरा सुखकर विषय हो। यस कार्यका लागि मगर वन्धुहरूका नेता गोरेबहादुर खपांगी मगर, मगर संस्कृतिविद एम.एस.थापा मगर तथा अन्य विद्वत मगर बन्धुहरू सकृयतापूर्वक लागि परेका छन।

***राष्ट्रिय जनगणना २०५८ को फाराम (महल)-स्वरूप:***

आउँदो जेठ २८ देखि आषाढ ७ सम्ममा जनगणना कार्य सम्पन्न गर्ने धोको बोकी राष्ट्रीय जनगणना २०५८ को फाराम प्रकाशनमा आइसकेको



Downloaded from http://www.dhamma.digital

छ । जस्मा पारिवारिक महल १ र व्यक्तिगत विवरण महल २ देखि ९ सम्म छुट्‌याइएका छन्। महल १ मा पारिवारिक (परिवारले प्रयोग गरिरहेको घरको प्रकार), महल २ मा परिवारका व्यक्तिको नाम-थर, महल ३ मा जातजाति, महल ४ मा लिङ्ग, महल ५ मा उमेर, महल ६ मा मूलीको नाता, महल ७ मा आफूले मान्ने धर्म, महल ८ मा बोलिने भाषा र महल ९ मा आफ्नो नागरिकता बारे स्पष्ट किटान गर्न संकेतहरू दिएका छन्।

***महल नं ७ र ८ मा सतर्कता अपनाऔं :***

महल नं. ७ मा ............ले कुन धर्म मान्नु हुन्छ ? भनी प्रश्न सोधिन्छ भने चिन्ह लगाउनेमा– १. हिन्दू २. बौद्ध ३. इस्लाम ४. किराँत ५. जैन ६. इशाई र ७. अन्य ..............भनी उल्लेख गरेका छन्। गणकले हामीलाई सीधै कुन धर्म मान्नु हुन्छ भनी सोधिए हामी बौद्ध भन्छौं र यस्मा कुनै अप्ठ्यारो छैन । तर उस्ले चलाकी पूर्ण तवरले गणेश पूजा गर्नुहुन्छ भनी सोधेमा कतिपय बौद्धहरूले पूजा गर्छौं भनी सहज उत्तर दिने हुन्छ र यस्तै नजानिंदो पारालाई उपयोग गरी त्यतिबेला हामीलाई हिन्दू भनी किटान गरीदिने हुन्छ । वास्तवमा नेपालमा धार्मिक सहिष्णुता अझै कायम छ । यस्को सबैभन्दा बढी लाभ हिन्दूवादीहरूले उठाई रहेका छन् । सहिष्णुताकै विषयलाई सवाल बनाएर पनि हामी बौद्धहरूलाई हिन्दूभनी लेखी दिने कुरामा हामी सचेत होऔं । उहिले मणिहर्ष ज्योति, र पछि गोरे बहादुर खपांगी मगर जस्ता हामी बौद्ध हौं भन्दै नेतृत्व वर्गमा लागेकाहरूलाई नै गणकले हिन्दू बनादिए झैं सर्व साधारणलाई झुक्याउन उनीहरूले सहज मानेका हुन सक्छन् । त्यसैले गणक आउँदा हामी सम्बन्धित पक्ष सतर्क भई सकिंदो पाराले हामी आफैले पनि सही तथ्यांकका लागि पहल गर्न काममा सुस्त हुनुहुन्न, मुख खोल्नु पर्छ अन्यथा हामीलाई पुन: पछाडि पार्ने काम जारी रहने हुन्छ ।

यसरी नै महल नं. ८ मा १) मातृभाषा र २) दोश्रो भाषा भनी सोधनी हुन्छ । वास्तवमा यो पनि नजानिंदो पाराले ठूलो षडयन्त्र मान्न सकिन्छ । मातृभाषामा हामीले आफ्नो भाषा लेखी सकेपछि प्राय सबैले दोश्रो भाषामा नेपाली लेख्ने हुन्छ र भोलीका दिनमा उक्त दोश्रो भाषालाई सवैको पहिलो भाषाकै रूपमा राख्ने सुनियोजित षडयन्त्रको रूपमा यस्लाई स्वीकार्नेहरू पनि देखापरे ।

***सही तथ्याङ्क वा मिथ्यांङ्क ?***

वास्तवमा राष्ट्रीय जनगणनाको नाममा सही तथ्याङ्क लिनु नै किन ? सत्य-तथ्य प्रस्तुत नगरिने हो त तथ्याङ्क सदा मिथ्याङ्क मात्र हुन्छ । प्रत्येक १० वर्षमा गरीने राष्ट्रीय जनगणना मिथ्याङ्कमा होइन, सही तथ्यांकमा निहित हुनु जरुरी छ । सबै जातजाति, धर्म, भाषा आदिको तथ्यांक संकलन गर्दा गणक वा सम्बन्धित पक्षले मिथ्याङ्कलाई होइन तथ्याङ्कलाई बढी जोड दिनुपर्छ, जनतालाई झुक्याउने कार्य गरीनु हुन्न भन्ने सवै वर्ग र समुदायको मनसाय रहेको हुन्छ । सही तथ्याङ्कका लागि राष्ट्रिय योजना आयोग वा तथ्याङ्क विभागले केन्द्र स्तरमा तत्कालै गा.वि.स, न.पा. र जि.वि.स.हरू गरी तीनवटै स्थानीय निकायहरूका बीच सकृय एवं समन्वयात्मक उपस्थिति रहेमा मात्रै राष्ट्रिय जनगणना २०५८ ले राष्ट्रले अपेक्षा गरेका सार्थकता र उपलब्धिमूलक सफलता हासिल गर्ने सम्भावनाहरू देखिन्छन्। तर सही तथ्याङ्कका लागि स्थानीय निकाय र त्यसका केन्द्रीय संघ, महासंघ र सो को केन्द्रिय नेतृत्व तहलाई कहिंकतै पनि राष्ट्रिय जनगणना २०५८ को बारेमा सहयोग लिने नीतिगत छलफल गर्ने, त्यस्का समस्या र चुनौतीहरूलाई कसरी हल गर्ने– साझेदारी गर्ने भन्ने बारे प्रस्ताव अघि ल्याउने सोचसम्म श्री ५ को सरकारले राखेको छैन भन्ने जनगुनासोलाई हेर्दा यस्लाई हामी राम्रो संकेत मान्न सक्दैनौं । यसरी नै नवौं पञ्चवर्षीय योजनाको खाका कोर्ने योजना निर्माण गर्ने, योजना विद्हरूले यही योजना अवधिमा पर्ने राष्ट्रिय जनगणनालाई योजनाको रूपमा स्वीकार नगरेबाट नै राष्ट्रिय योजना आयोग र श्री ५ को सरकार यस निम्ति संवेदनशील छैनन् भन्ने झल्कन्छ भनी ९ चैत्र, २०५७ को नेपाल समाचार पत्रमा पद्म बहादुर पौडेलले बिचार स्तम्भमा व्यक्त गर्नुभएको छ ।

***उपसंहार :***

राष्ट्रिय जनगणनाले राष्ट्रलाई नै योजनाबद्ध तरिकाले अगाडि बढ्न समेत दिशाबोध गराउने हुंदा हामीले यस्मा आ-आफ्ना सकृय सहभागिता सतर्क एवं सजगता पूर्वक नै देखाउनु पर्ने अपरिहार्य भएको छ । हामीले आ-आफ्नो स्व-अस्तित्व पहिचानलाई बढावा दिंदै सही तथ्याङ्कका लागि पहल गर्नै पर्छ । होइन भने सुनियोजित कर्ताहरू अझै हावी हुनेछन्, एकतर्फी तथ्याङ्क पुन: प्रकाशमा नआउला भन्न सकिंदैन । यस उसले हामी सम्पूर्ण बौद्धहरू तथा सम्बन्धित पक्ष सबै जागरुक एवं सजग भई अगाडि बढौं र एकपक्षीय रूपमा पक्षपात तवरले प्रस्तुत गरिने मिथ्याङ्कलाई सही तथ्याङ्कतर्फ उन्मुख गराउनमा सकृय होऔं । परिणामत: हाम्रो सामू आउँदै गरेको राष्ट्रिय जनगणना २०५८ मा हामी बौद्ध लगायत सम्बन्धित पक्षको सही मुल्याङ्कन स्वरूप सही तथ्याङ्क प्रकाशमा आउने आशा लिन सकिन्छ । ■



सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुभएको बोध गया स्थान र त्यहाँ निर्मित मन्दिर



८० वर्षको उमेरमा कुशी नगरको शाल उद्यानमा भगवान बुद्धको परिनिर्वाण भएका दृश्य ।

Downloaded from http://www.dhamma.digital

# भोजनदान

✍ मुनीन्द्ररत्न वज्राचार्य

दान बिइगुया अर्थ खः त्याग । गुम्ह मनुखं कुशलचित्त तया छुं इर्ष्या, छलकपट, लाभया आशा मयासे बिइगु दाने तःधंगु पुण्यलाई । बरु थम्हं यानागु दानया कुशल ज्यां बांलागु फल प्राप्त याइ । थौंकन्हे दानया रुप आपालं दु । भिक्षादान, शिक्षादान, अन्न दान, छेँ बुँ दान, बांलाक ज्या याइपिन्त सिरपा बिइगु दान, हीदान, थःगु अंगदान आदी थी थी दान बिइगु याना वया च्वंगु दु । दानया महिमा अपरंपार । झीगु बौद्ध पौराणिक बाखँ लुमंकेगु खःसा दानया स्थान तसकं महत्वपूर्ण जुया च्वंगु खँकेफु । महासत्व राजां नय् मखना सितुपातु वना च्वंम्ह धुँयात थःगु ला चाना नका जीवन त्याग याना वंगु दु । विश्वन्तरं थः मचाखाचा दान याना छ्वगु बाखंत दु । थजागु दानं दानया इतिहासे तधंगु महत्व केना विइ फुगु दु ।

मनूतय्गु चित्त तसकं तःधं । थः छम्हसिया जक नयगु मयासे करपिन्त नं नके त्वंके यायगु चित्त तया च्वनी । थथेहे करपिनिगु भलाइया लागी छु यानां जिइ धयागु भावना नं तया च्वनी । थ्व भावनां हे वं छुं छुं ग्वाहालि यायत स्वया च्वनी । थःके दुगु छुं त्याग याना दान यायत् स्वइ । थ्व हे भावनां दानया परंम्परा न्ह्याना च्वन । बौद्ध चर्याय् भिगू पारमिताया दानपारमिता तसकं तःधंगु पारमिता खः । फुपिसं फु फु थें दान याय्गु झ्वले सुयातं भोजनदान याय्गु तःधंगु दान खः । प्राणीपिनिगु जीवने तःधंगु समस्या हे नय्पित्याइगु खः । पित्या मलंतले वं छुं याय् फइमखु । उकें भोजन अर्थात् नय्गु त्वनेगु दान तसकं महत्वपूर्ण दान खः । भगवान बुद्धं खुदँ तक दुस्कर तपस्या याना न्ह्यलं चाःबले सुजाता नं लुँया पात्रं क्षीर भोजन दान यात । थ्व क्षीर भोजनया बलं हे भगवान बुद्धं जीवने छगू न्हूगु अनुभूति कया बिज्यात । भगवान बुद्धं धया विज्यात "शरीरयात कष्ट बियां जक ज्ञान लाभ जुइ मखु खनी ।" भिक्षुपिनि जीवने सम्यक आजीविकाया लागी भोजनदान कायमाः । दान प्रदानया झ्वले बौद्ध उपासक उपासिकापिसं याय्गु थी थी दाने । भोजनदान तसकं महत्वपूर्ण जुया च्वंगु दु । भोजनदान गुलि महत्व दु धयागु खँय् छक्व भगवान बुद्ध भिक्षाटन विज्याबले सुनानं छुं हे दान मब्यूबले खालि पात्र ज्वना लिहाँ बिज्याना थथे धया बिज्यात ।

**'पित्या दकले तःधंगु रोग खः**
**संस्कार हे परम दुःख खः**

थुगु यथार्थ खँ थुइकीम्हेसित हे निर्वाणया परम सुख दइ । भिक्षुपिनि जीवने दान महत्वपूर्ण जू ।

शरीरया लागी नसा माल । भिक्षुपिनि जीवन बौद्ध उपासक उपासिकापिनिगु दानं हे जीवन निर्वाह याय्मा ।

नेपाले बौद्ध धर्मयात संरक्षण याय्त छुं संख्याय् बौद्ध भिक्षुपिं दु । मेमेगु धर्मावलम्बी स्वया बौद्ध भिक्षुपिं बौद्ध धर्मयात च्वन्ह्याकेगुलि तसकं संवेदनशील जुया च्वंगु दु । भिक्षुपिं बुद्ध शासने च्वनाः कठोर जीवन यापन यानाः निर्वाण प्राप्त यायत न्ह्यचिला च्वन । बौद्ध उपासक उपासिकापिनिगु दान प्रदानं हे भिक्षुपिनि जीवन निर्वाह जुया च्वना । उकें धात्थेंया बौद्ध धर्म संरक्षण याइपिं भिक्षुपिनिगु लागि भोजनदान याना भिक्षु संघयात ताःलाकेगु बौद्ध उपासक उपासिकापिनिगु छगू तःधंगु दायित्व खः । दान दान हे खः । छम्हू जाकि जक थजुइमा थ्व नं दान भावनाया छगू चरण खः । उकें सुनं भक्तजन पिसं जन्मदिन, सीपिनि नामं सुयागुं आयु आरोग्य कामना यासे, अथवा पर्व पर्वे यथा श्रद्धा तया भोजन याकेगुली तसकं पुण्य लाभ जुइ । थथे भोजन दान व परित्राण याकेत विहारे वनासां वा छेँ छेँ भिक्षुपिन्त सःता नं याकेज्यू । भोजन दान यायगु परम्परा नेपाले जक मखु थाइलैण्ड, बर्मा, क्याम्वोडिया, मलेशियाथें जाःगु मुलुके नं दु । थ्व पंक्ति लेखक क्याम्वोडिया च्वनाबले भिक्षुपिंत छेँ छेँ सःता भोजन नकेगु याःगु खना । गुलिं गुलिं उपासक उपासिकापिं संयुक्त मुनाः विहार विहारे भोजन नकेगु याःवइ । अझ थन भिक्षुपिं स्वयं पात्र ज्वना छेँ छेँ वना भिक्षाटन याःवनी । थुगु इले भिक्षुपिन्त नयम्यूगु वस्तु भोजन समेत दान बिईगु याइ । पात्रे च्वंगु वस्तुयात खाम्दानी तयाः यंकेगु याः । थ्व खाम्दानी ज्वनेत मचा छम्ह नं ल्यू ल्यू ब्वना हइ । तर झीथाय् थजागु भोजन दानं काय्गु चलन मखना । भिक्षुपिसं भोजन फ्वनी मखु, केवल छु छु बिल वहे जक ग्रहण याना काइ । सुनां छु बिल धका ब्युम्हेसिगु ख्वातकं स्वइ मखु । भोजन दान धुनेव सुवाः बिइगु याइ । थ्व सुवाः हे जीवनय् तःधंगु सुखया अनुभव जुइ । ■

*- झिथाय् नं भोजन कया भिक्षा बिज्याइपिं दु । -सं.)*

विश्वशान्ति बौद्ध शिक्षालय
नयाँ बानेश्वर

# जिगु नुगलय् थ्यूगु "नुग:"

✍ राजा वज्राचार्य
युवा बौद्ध समूह, यें।

ने.सं. ११२१ पोहेंलागा ४ निसें ९ तक्क वरदेश मानन्धरजु नाप च्वना: "नुग:" सफूया पुच: ब्वनेज्या यायेगुली भिम्ह पासापिं नापं जिनं ब्वति कायेगु ह्वता: (सु-अवसर) चूलात। थुकिया निम्तिं धर्मकीर्तिया पासापिं नापं वरदेशजुयात नं आपालं सुभाय् देछाया च्वना। थुकथं पुच: मुना: ब्वनेगुथेंजा:गु बांला:गु संस्कार दयेका यंके मा:गु नं जिं तायेका। ब्वनागु खँय् सहलह यायां ब्वनेबले थम्हं मथूगु खँ थुइगुया नापं लुमंका तयेतनं अ:पुइगु जुयाच्वन। सफू भगवान बुद्धया डायरी कथं च्वयात:गु, साहित्यिक जुया:नं भाषाया सरलतां याना: उलि थुइके थाकु मजू। थुगु नुग: सफूया दुनेच्वंगु खं जिगु नुगले गुकथं थिल व खँ जिं कनेगु कुत: याये त्यना।

दक्कय् न्हापां 'नुग:' सफू ब्वने धुंका: जिगु नुगले बुद्धया जीवनि यथार्थ कथं थुइकेगु ह्वता: चूला:थें ताल। बुद्ध जुइ धैगु अ:पुगु खँ मखु धैगुला जिं तायेकागु ख: तर जिं बिचा: यानागु कथंया पूर्वसंस्कार जक दयां मगा:, थुगु जन्मेनं गुलि संघर्ष यायेमा: खनिं धैगु यथार्थतायात जिं थुइका। खयूतला संघर्ष धैगु साधारण जीवन म्वायेगु निम्तिंनं यायेमा:। बिना: संघर्षला सास:तक्कं ल्हाये थाकुइ धुंकूगु दु। तर बुद्धं याना बिज्या:गु संघर्षया बारे भीसं बिचा: तक्कं यानागु मदु अज्ज धाथें धाये माल धा:सा यायेनं फै मखु। थुकथं थाकुगु संघर्ष याना: बिया थकूगु धर्म शिक्षायात भीसं थुलि हलूकां काये मज्यू, वास्ता मयाये मज्यू। भीसं बांलाक चायेका: शिक्षा ग्रहण याना कायेमा:। भीसं नेपा: मांया काय् शिद्धार्थ गौतमया नां सदां म्वाकातयेगु ज्या यायेमा:। थ्व अबले जुइफै गवले वसपोलया ज्ञान (शिक्षा) कथं ज्या याना जुइ।

शिद्धार्थ गबलेनिसें गृह त्याग यायेगु बिचा: याना बिज्यात, अवलेनिसें बुद्ध जुइ धुंका:नं जीवनकाछिं संघर्ष याना: ज्ञानया प्रचार याना बिज्यात। थौं-कन्हे (आ:) थें छुंहे कथंया संचार माध्यमत मदुगु इले थ:हे गां गां, नगर नगर, देशं दे चा:हिला: छुं क्षणहे ई सित्तिकं मछ्वसे अमृतमय धर्मया रसपान याका बिज्यात। धर्मया नामे मिखा तिस्सिना: गालय् क्वब्वाना च्वंगु इले, उगु ईया धार्मिक मान्यता कथं थ: धर्मगुरु बाहेक मेपिनिगु खँहे मन्यनीपिं, नगरबासि फुक्क धैथें अज्ज जुजुपिं तक्कनं धर्मगुरुया अधिने च्वना च्वंगु इले तप्यंक इमित वना: खँ न्यंक: वनेगु धैगु अ:पुगु खँ मखु। हानं सत्य तथ्य खँपाखें तापा:गु अन्धभक्तिइ दुनाच्वंपिन्त तप्यंक सत्य दर्शन याकेगु धइगुनं अ:पुगु खँ मखु। छाय्कि इपिं गुगु धार्मिक मान्यताय् दुनाच्वन व कथं इमिसं थ्व खँयात थुइका कायेगु क्षमताहे मदु धा:सां छुं पाइ मखु। थ:गु अनुभवं न्हूगु खँ लुइका: समाजया न्ह्योने तयेत स्वत धा:सां 'गुगु शास्त्रं' कया हइगु, छिमि गुरु सु ? धका: न्यंहे वैमखु। छाय्धा:सां थ: धर्मगुरुपाखें दण्डित जुइमाली धका: ग्या:। गथे पञ्चायत काले धर्म परिवर्तन यायेमदु धयात:बलय् सरकारपाखें दण्डित जुइमाली धका: ग्या:गु ख:।

धाथेंला उगु इले धर्म माने यानाच्वंगु हुनि (कारण) हे प्रलोभन व दण्ड खना: ग्याना: ख:, थ:म्हं थुइका: मखु। प्रलोभन धैगु सी धुंका: स्वर्गे वने खनीगु व दण्ड धइगु नरक वने मालीगु ख:। तर थ्व निगूया हुनिं माने याना च्वंगु धर्मनं अन्धविश्वासय् आधारीत जुयाच्वन गुगु धर्म याना: मचाय्कं दु:खसी मालीगु अज्ज धाय् नरक वने मालीगु ख:। छाय्धा:सां इमिसं माने याना च्वंगु धर्म धइगुहे शारीरिक कष्त बीगु, हिंसा (बलि) व अन्न नास जुइगु यज्ञादि ख:। धर्मया नामे मिखा तिसिना: इश्वरयात विश्वास यायेगु व धर्मगुरुयात त्व:ताबिल (जिम्मा लगे याना बिल) धाय्व थ:म्हं छुं याना च्वने म्वा:ल, न्ह्यागुया:सां जिल धइथें बिचा:याई। थजा:गु इले छगूहे जक उपाय् दु-"कि धर्म गुरुपिन्त हे थ:पाखें साले माल कि मखुसा महाजन, जुजुपिन्त थ:पाखें सालेमाल। थथे जूसाहे जक थ:म्हं प्राप्त याना कयागु शिक्षा (धर्म) प्रचार याये फै" धइगु तायेका बिज्यात। छाय्धा:सां थथे जुल धा:सा साधारण मनूतय्संनं विचा: याइकि-"थ्व बांला:गु धर्म जूगुलिंहे थपाय्च्व: त:धंपिं मान्यवरत व संघय् द्वाहां वंगु जुइ। थ:गु श्रीसम्पत्ति फुक्क त्याग याना: प्रव्रजित जूवंगु धाथेंहे उत्तमगु धर्म जुइ" धइगु भा:पिया: इपिंनं अवश्य द्वाहाँ वइ जुइ धइगु बिचा: याना: थुलि अ:पुक भगवान बुद्धं धर्मया रसपान याका बिज्यात मानौं सुना:नं छ्वयया ह:गुथें मो मो मनूत



Downloaded from http://www.dhamma.digital

द्वाहाँवल। बुद्ध धर्मे मेमेगु धर्म स्वया: बिस्कंगु पह: दु, सी धुंका दैगु फल धका: पियाच्वने म्वा: थनया थनहे प्राप्त जुइ, थुइका काये अ:पु, जातिय भेदभाव मदु, न्ह्याम्हेसिगु निम्तिंनं कल्याणकारी जूगुलिं याना: हे थुकथं मनूत द्वाहाँ व:गु ख: ।

भगवान् बुद्धया संघे गुलि मनूत द्वाहाँ वल उलिहे पंगा:त: थाकुगुपन नं दयावल । उकिसनं भिक्षुनी संघनं दयाव:बले संघयात क:घाय्नं थाकुयावल अले ई व परिस्थितियात ल्वय्क विनय्नं दय्कु-दय्कुं वनेमाल । भगवान् बुद्धया शिष्य जुइवं फुक्कं सभ्यहे जुइमा: धयागुला मखु । थुकय् उपमा बियात:गुनं पाय्छिहे जू कि-'वामा पी बलय् घाँय्मानं बुयावइ ।' अथेहे संघे नं अग्र श्रावकपिंनं दु असभ्य व कच्चापिं श्रावकपिंनं । तर मेमेगु धर्मेथें सु धर्मगुरु वा इश्वरया शरण वनेवं फुक्कं उद्धार जुइ धाय्थें मखु । सुनानं सुइतं उद्धार याना बी धयां उद्धार जुइ मखु । उद्धार जुइगु ज्याला थ:म्हं हे यायेमा: । भगवान बुद्धं धया बिज्या:गु दु- "सु धर्मया शरण वन वहे जिगु शरण वोगु जुइ !" बुद्ध जीवनया अन्तिम क्षणे थ्वनं धया बिज्या:गु दु कि -"आनन्द, जि मदय्धुंका: जिं कना थकागु विनय शिक्षायात हे छिमिसं गुरु भा:प्यु, जीवन उन्नतिया निम्तिं, सुख सीया निम्तिं ज्वलंत (सामग्रीत) बिया थकागु दु वहे कथं मनुष्य जीवन सार्थक या ।"

थुकथं बुद्धं व्यक्ति विशेषयात मखुकि धर्मयात जोर बिया बिज्यात । खँय् स्वया:नं ज्याय् ब: बिया बिज्याइम्ह बुद्धं थ:त मार्ग प्रदर्शक, छम्ह कल्याण मित्र कथं जक कना बिज्या:गु दु । व लँय् न्ह्या:वनेगु थ:गु ज्या ख: । बैद्यया ज्या ल्वगितय्त वास: यायेगु ख: । संसार मानसिक ल्वचं ग्रस्त जुयाच्वंपिं ल्वगितय् छें ख: । इमिसं परोपकारी बैद्ययात म्हमस्यू उकिं ब्व:बीफु, दुर्व्यवहार नं यायेफु तर बैद्यं अजा:गु खँयात च्यूता: मतसे ल्वगितय् वास: यानांतुं च्वनी । उकथंहे बुद्ध थ:नं छम्ह परोपकारी बैद्य समान जुया बिज्यात ।

बुद्धं प्राणि मात्रया कल्याणया निम्तिं अनमोल रत्न त्व:ता थका बिज्यात । लिपा थ्यंकया खँयात बिचा:याना: धर्म ल्यंका तयेगु निम्तिं संघ स्वना बिज्याना: तालिम बीगुया नामं अन्धकारे दुनाच्वंपिन्त जतिं खय्केगु निम्तिंनं जीवनकाछिं थ:त फ्याना बिज्या:गु ख: । धन्य ख: वसपोल गुम्हसियाँ थ:त धर्म सेवक (निरपेक्ष सेवक) जुइमा: धका: ताय्का बिज्यात । तर धाथें सुखनं थुकेहे दुगु जुयाच्वन, मेपिनिगु सुख खना: गुगु सुख थ:त प्राप्त जुइ व सर्वोत्तम जू । थ्व अनुभव याना स्वयेगु खँ ख: । मखुसा शिद्धार्थ गौत्तमयात भौतिक सुखया छु कमि ? जुजु जक जुया च्वनेगु ख:सा चक्रवर्ति जुजु जुइगु तक्क क्षमता दुम्ह ख: । चक्रवर्ति हे जुयाच्वंसाँ दु:खंला मफु जुइ फइगु मखु । अथे जूगुलिं थजा:गु दु:खं सदांया निम्तिं मुक्त जुइगु निम्तिं गृह त्याग याना बिज्याना: मालेज्या याना बिज्यात । अले सफलता प्राप्त याना: बुद्ध नं जुया बिज्यात ।

भीसं बुद्ध जीवनीपाखे अथें बिचा: याना स्वये बले गुलि अ:पुक बुद्ध जुया बिज्या:गुथें च्वं । प्यँगू निमित्त खना: गृह त्याग याना बिज्यात, पूर्व संस्कारया बलं खुदँ तक्क दुष्कर तप च्वना: बुद्धत्व लाभ याना बिज्यात । तर पिनें खनेदुगु गुलिनं थाकुगु पन ख:, व स्वया:नं थाकुगु धैगु मार विजय यायेगु नं ख: । पिनें वैगु मार स्वया: नं थ: दुनेया मारहे मुख्य जुयाच्वन । गुम्हेसित काचाक्क खँकेहे फैमखु, गुगुं इले तप्यंक बिरोध या:वइसा यक्व अवस्था अजा:गुनं व: कि मार नं थ: मित्र समान खँ सय्का: तर्क बिया: मखुथेंन्यंक थ:गु उद्देश्यपाखें फहीके यंकेयो । थ्व भीसं थ:गु जीवने भोगे याना च्वनागु खँ जूसाँ भीसं चायेके जक मफया च्वंगु ख: । भीत मारयागु खँहे पाय्छिथें ताय्फु । थजा:गु इले भीसं वा:चायेका: थ:गु आज्जुइ थ्यंकेगु निम्तिं थ:गु बिचा: महीकुसे (अडिग जुया:) न्ह्या:वने फयेके मा: ।

अथे धइगु मनयात क्वातुकेगु ख:, थ्व धइगु हे मनयात बसे तयेगु ख: । थ्वहे बुद्धया मू शिक्षा नं ख: । मनयात बसे कायेफत धाय्व मारयात बिसिकेत छुं थाकुइ मखु । तर भी मनया बसे लाना च्वन, मनयात यत्थे याका च्वना । उकेंहे भीसं दु:खसी मालाच्वंगु ख: । बुद्धं मनया खँयात कया: यक्व थासे यक्व कथं उपदेश बिया बिज्या:गु दु । धम्म पदया न्हापागु वर्गय् मनयात कया: थथे धयात:गु दु-

**"मनोपुब्बङ्गमा धम्मा ... ... ...**
**... ... ... चक्कंव वहतो पदं ॥१॥**

न्ह्यागगु अवस्थाय्नं मन न्हापलाक्क वनीगु जूगुलिं मनहे मुख्य जुल । मभिंगु नियतं खँ वा ज्या या:म्ह मनूया ल्यू ल्यू गाडा सालीम्ह दोंहया ल्यू ल्यू झ्यातुगु घ:चा: तुला वैगुथें दु:ख ल्यू ल्यू वइ ॥१॥

अथेहे- ... ... **ततो नं सुख मन्वेति-छाया'व अन पायिनी ॥२॥**

......भिंगु नियतं खँ वा ज्या या:म्ह व्यक्तियात थ:लिसे वइगु किपालु समानं याउँक सुख ल्यू ल्यू वइ ॥२॥ थ्व बुद्धया धापूयात बांलाक दुवाला: स्वल धा:सा मनंहे ज्या याका च्वंगु भ्कीसं खंकेफु । यदि भ्कीसं थ:गु जीवने सुखया इच्छा यानागु ख:सा मनयात थ: यत्थे त्व:ता मतसे थम्हं कयुच्याना: थ:गु जीवने सुख हयेगु ज्या यायेमा: । दु:खया पुसा प्यू जुइम्ह मनयात थ: यत्थे उखे-थुखे वंके मव्युसे चिना तयेगु (मनयात बसय् तयेगु) निम्तिं ध्यान भावनाया आवश्यक जू । नुग: सफूया उपलव्धी वा विशेषता धइगु थ्व सफुतिइ स्वाभाविकता खनेदु । मनुष्ययात मनुष्य कथं म्हसीकेगु कुत: जूगु दु । थजा:गु खँ उगु सफू ब्वनेबलय् सीके फइ । थ्व बाहेकनं भ्कीसं थ:गु मनयात ची मफुगु हुनिं वैगु मारं गुकथं लँ पंवयय्: अले छुंनँ कथं जीवनय् वइगु मार लिसे गुकथं सामना यायेमा: धैगु हे मू शिक्षाकथं कायेफु ।

उकथंहे त्याग भावनाया खँयातनं कायेफु । थौं-कन्हे हलिमे (संसारे) न्यंकहे गुगु घुसखोर, कमिशन तन्त्र, लोभ लालचं भयुबिया च्वंगु दु । थ्व फुक्क त्याग भावनायागु शिक्षाया अभाव, मार व स्वार्थया बसे ला:पिं जुया: हे थजा:गु दुर्दसा भोगय् याना च्वने मा:गु ख: । थ्वहे हुनि ख: थौं संसारे अशान्ति न्यना वना च्वंगु । इमिगु निम्तिंनं थुगु नुग: सफूपाखें भिंगु ज्या खँया निम्तिं, शान्तिया निम्तिं थ:त वैगु मान पदवी व लोभ आदि नं त्याग याये फयेके मा: धइगु खँ स्यना काये फु । नापं यदि छुनं बांला:गु ज्याखँय् बांला: धका: खँ जक ल्हाना जुइगु मखुकि व्यवहारे नं छ्यला वनेमा: अले माला वन धा:सा तन, मन, धनं फुकथंया त्याग भावनानं दयेके मा: ।

जिगु नुगले थ्यूगु मेगु खँ धइगु समानताया नीति ख: । बुद्धं त:मिपिं मनूतय्त थ:गु संघे दुथ्याकूगुयात कया- 'मेपिं मनूतय्त धर्मय् आकर्षित यायेत' धका: च्वय् धाये धुन । तर थ्व स्वया:नं मुख्य खँला सामाजिक अशान्तिया हुनि जुयाच्वंगु मध्ये छगू हुनि त:मि चीमिया भेद भावयात मदयेकेगु निम्तिं ख: । दास जुया च्वंपिन्त दासतां मुक्त यायेत ख: । अथे धका: थौं कन्हय्या सरकारं कमैया मुक्त यायेगु धका: उखेनं मला: थुखेनं मला: जुइक नये-त्वनेगुनिसें पुनेगु च्वनेगु निम्तिं समस्या जुइगु कथं मखु । सु-व्यवस्थित कथंया जीवन न्ह्याकेत ख: । बुद्धं थुके धयात:गु दु- "जिंत: मिपिनिगु छैं खालि यायेत स्वया, थ्व या:साहे जक चीमिपिनिगु छैंय् नयेगु थ्यनी । थुकथं सम्पत्तिया विभाजन याना: विलासिताया संख्या म्हो याये मा:गु दु ।"

संसारे शान्ति स्थापना यायेगु निम्तिं बुद्धं हरेक क्षत्रे लिपा थ्यंकया बिचा: याना: त:धंगु योगदान बिया बिज्या:गु दु । वसपोलया थ्व योगदानयात पायुछि कथं भ्कीसं थ:गु जीवने छ्यला यंके मा: । बुद्ध, धर्म व संघयात पायुछि कथं थुइका कायेगु निम्तिं "नुग:" (नेपाली "तथागत हृदय") सफुतिं यक्वहे ग्वहालि या:गु तायुका । थ्व सफू यक्व न्हापा पिथना त:गु ख:, आ: हानं पिथने मा:गुथें नं तायुका च्वना ।

भवतु सब्ब मंगलं ।

**बुद्धको मूल शिक्षा**

*'सब्ब पापस्स अकरणं, कसलस्स उपसम्पदा; सचित्त परियोदपनं एतं बुद्धान सासनं'*

अर्थ- **'कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।'**

***Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.***

*भावार्थ- पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ । - बुद्ध*

***with best compliments***

*New Nepal Press*

*H.O. cum Press: **Gha 2-260 Naxal, Nagpokhari, Kathmandu***
***Tel.: 434 850, 434 753, Fax: (977-1) 433929 • E-mail: neppress@info.com.np***
*Business Office: **6/598 Shukra Path, New Road, Kathmandu • Tel.: 259032, 259450, Fax: (977-1) 258678***



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार —— गतिविधि

## धर्मकीर्ति अध्ययन गोष्ठीको शनिवारीय कक्षा

### धर्म र व्यवहार

२०५७ चैत्र ११ गते । रिपोर्टर चिनीकाजी महर्जन ।
कक्षा संचालक - श्यामलाल चित्रकार

यसदिन "धर्म र व्यवहार" विषयमा चर्चा गर्नुहुँदै श्री सुवर्ण शाक्यले भन्नुभयो- "धर्म भनेको व्यवहारमा प्रयोग गर्ने राम्रो बानीलाई भनिन्छ । हुनत धर्मको नाममा थुप्रै विधि विधान अंगाली राख्ने व्यक्तिहरू पनि नभएका होइनन् । तर धर्मलाई सुन्ने र हेर्नेमा मात्र सिमित राखेर पुण्य प्राप्त हुने होइन । पूजा विधिलाई पनि धर्म भन्ने गरिन्छ तर पूजा किन गरिन्छ भन्ने कुरा नै बुझ्न सकेन भने त्यस कार्य अन्धविश्वासी बन्ने छ । त्यसैले हामीले धर्मलाई राम्ररी बुझेर अनुशासित बनी त्यसलाई पालन पनि गर्न सकेमा मात्र हामीलाई पुण्य प्राप्त हुनेछ ।

भगवान् बुद्धले भन्नुभएको छ- मैले सिकाएको शिक्षा बुझ्न सक्ने व्यक्तिलाई मात्र हो । बुझ्न नसक्ने व्यक्तिलाई होइन । त्यसैले हामीले आफ्नो व्यवहारमा जति पनि कार्य गरिन्छन्, तिमीहरूलाई राम्ररी बुझेर मात्र प्रयोग गर्नु पर्छ ।

अरुलाई शान्त पार्न पहिला आफ्नो मनलाई शान्त पार्न सक्नु पर्छ । हामीले आफ्नै व्यवहारले गर्दा दुःख भोगिरहनु पर्ने हुन्छ । त्यसैले हामीले व्यवहारिकताको नाममा कट्टर बन्न हुँदैन । अनि सुधारको नाममा पनि कट्टर बन्न हुँदैन । सकेसम्म हामीले धर्मको नाममा नचाँहिदो कार्य गर्न हुन्न र सरल जीवन यापन गर्नु नै सही रूपले धर्मलाई व्यवहारमा प्रयोग गर्ने कार्य हुनेछ ।

### बुद्ध धर्ममा महिलाको स्थान

२०५७ चैत्र २५ गते । रिपोर्टर- विमला । यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य सुमन कमल तुलाधरले बुद्ध धर्ममा महिलाको स्थान विषयमा कक्षा लिनु भएको थियो ।

उहाँले भन्नुभयो आजभोली मानव अधिकार र बाल अधिकारको विषयमा विशेष चर्चा भइरहने गरेको छ । बुद्ध शिक्षा अनुसार पुरुष र महिला विच भेदभाव गर्न हुन्न । उहाँले पुरुष र महिलाहरूलाई समान स्थान दिनु भएको छ ।

तर अशिक्षा र स्वार्थपूर्ण व्यवहारले गर्दा हाल पनि महिलाहरू माथि शोषण भइराखेकै देखिन्छ । तर कुनै स्वतन्त्र विचारधाराका शिक्षित व्यक्तिहरूले महिलाहरूलाई सम्मानपूर्वक उचित दर्जामा राखिएको पनि नपाइने होइन । उदाहरणको लागि धेरैजसो नेवार समुदायमा विवाह, व्रतवन्ध, जन्म मरण कार्यमा छोरीले नै गर्नु पर्ने काम छुट्टाई उनीहरूलाई विशेष स्थान दिइएको पाइन्छ । धेरैजसो बुद्ध धर्मावलम्बीहरूको समाजमा विधवा आइमाईले चाहेमा दोश्रो विवाह गर्न सक्छ ।

बुद्धकालिन समयमा बुद्धले भन्नुभएको छ- भिक्षु, भिक्षुणी, उपासक, उपासिका बुद्ध शिक्षाका चार पाङग्राहरू हुन् । ती चार पाङग्राहरूमध्ये एक पाङग्रा मात्र दुर्वल भएमा धर्मको रथ अगाडि बढ्न सक्दैन । यस कथनबाट प्रष्टाउँदछ, भिक्षुहरूको जति महत्त्व छ, भिक्षुणीहरूको पनि त्यत्तिकै महत्त्व छ । उपासकहरूको जति महत्त्व छ, उपासिकाहरूको पनि त्यत्तिकै महत्त्व रहेछ । तर स्वार्थी व्यक्तिहरूको बाहुल्य भएपछि बुद्धको यस सही कथनलाई पनि बंग्याएर आफ्नो स्वार्थ पूर्ति गर्न पछि परेका छैनन् । एकजना राजा आफ्नी महारानीले छोरी जन्माइन् भन्ने समाचारले दुःखी बनी बुद्ध समक्ष बसिरहँदा बुद्धले भन्नुभएको थियो-

"छोरीलाई पनि छोरालाई जस्तै शिक्षा दिई तालिम दिन सक्यौं भने त्यही छोरीले पनि छोराले जस्तै राजकाज सम्हाल्न सक्छिन् ।"

त्यसैले हामीले अध्ययन गोष्ठीमा आएर बुद्ध शिक्षालाई माथिल्लो तहबाट मात्र नभई भित्री तहसम्म कोट्याउँदै अध्ययन गर्नुपरेको छ । भिक्षुहरूकोभन्दा भिक्षुणीहरूको नियम बढि देखाइएको छ । त्यसैले यसलाई बुद्धकालीन हो या पछि कुनै कट्टरपन्थी संकुचित विचारधाराका व्यक्तिहरूले थपेका हुन् ? अध्ययन गर्ने लायकको कुरो हो यो ।

हामीलाई स्कुलको शिक्षाले मात्र पुग्दैन । धर्मको शिक्षा पनि आवश्यक छ । किनभने धर्मको शिक्षामा मानवतावादी छ ।

### आय आर्जन विषयमा बुद्ध शिक्षा

२०५७ फागुन २७ गते । यसदिन वक्ता श्यामलाल चित्रकारले आय आर्जन विषयमा बुद्ध शिक्षा बिषयमा बोल्नुहुँदै भन्नुभयो -"आय आर्जनको अर्थ धन कमाउनु हो ।" बुद्ध शिक्षा अनुसार मानिसले आफ्नो आधारभूत आवश्यकताहरू (भोजन, लुगाफाटा, औषधी र आवास)को लागि जति पनि आय आर्जन गरिन्छ ती आयबाट केही रकम कटौती गरी दान पुण्य कार्यको लागि आफ्नो व्यवसायमा लगानी गर्नको लागि र आफूलाई भविष्यमा भइपरिआउने खर्चको लागि पनि छुट्टाउन सक्नु

पर्छ । यसरी आफ्नो आयलाई बाँडफाँड गरी खर्च गर्न सकेमा मात्र धनको सही सदुपयोग भएको ठहरिन्छ । भने यसलाई आयको बाँडफाँड गर्ने तरिका मान्न सकिन्छ ।

अब आय आर्जन गर्ने विषयमा पनि बुद्धले दिनुभएको शिक्षाबारे जानकारी लिऔं । बुद्धले भन्नु भएको छ,- "मानिसहरूले धन कमाउनको लागि प्रयोग गर्न नहुने व्यापारहरू यसरी छन्- लागु पदार्थ, मादक पदार्थ, हिंसा गर्ने नियतले विष, दास दासी, मार्नका लागि पशु, मार्नका लागि धारीलो शस्त्र अस्त्र, आदि । यी बाहेक सेवामूलक व्यवसायहरू जस्तै, डाक्टर, इन्जीनियर, शिक्षण पेसा कार्यालयको नोकरी तथा अन्य व्यापार व्यवसायमा लागि आय आर्जन गर्न सकिन्छ ।

बुद्ध शिक्षा अनुसार व्यापार व्यवसायमा सफलता प्राप्त गर्नका लागि व्यापारीमा यी गुणहरू हुनु अनिवार्य छ - कुशाग्र बुद्धी र अमूल्य ज्ञान, व्यावहारिक ज्ञान, नम्र बोली, स्वच्छ मन र इमान्दारीता, अनुचित र मीसावट काम नगर्ने, अरुको शोषण नगर्ने बजारको उचित व्यवस्थाबारे राम्रो ज्ञान आदि ।

यसरी नै ६ वटा कारणहरूले गर्दा मानिसहरूको धन नाश हुन्छन्- सुरापान गर्नाले, कुवेलामा घुम्ने बानी, नाचगानमा भुल्ने बानी, चित्त प्रमादी हुने, जुवातास खेल्ने बानी, कुमित्र संगको संगत गर्नाले र अल्छी बानी आदि ।

यसरी बुद्ध शिक्षा अध्ययन गरेर हेर्दा हामीले यही भन्न सक्छौं, मानिसले स्वच्छ र इमान्दारीपूर्वक धन कमाई त्यसको सही तरीकाले बाँडफाँड गरी निर्दोष पूर्वक जीवन बिताउन जान्ने व्यक्तिले मात्र आफ्नो जीवनको सही सुख उपभोग गर्न सक्नेछ ।

**बनेपा बाल आश्रम ध्यानकुटीलाई आर्थिक सहयोग**

- नियुत मान सिंह तुलाधर रु. १०००/–
  आभास मान सिंह तुलाधर
  नागपोखरी, नक्साल ।


**विवाह तथा अन्य कार्ड, टाइप फोन्ड्री, छपाई (Offset, Letter Press) को सम्पर्क राख्नुहोला ।**

# स्वस्तिक टाइप फोन्ड्री

*(महेन्द्ररत्न क्याम्पस अगाडि)*

**ताहाचल, काठमाडौं**

**फोनः २७२४३७**


## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूको नामावली (२०५६ को क्र. सं. ३२२ सम्म २०५७ साल वैशाख पुर्णिमाको अंकमा प्रकाशित भइसकेको छ । २०५७ सालको विशेष सदस्यहरूको नामावली :–

| क्र.सं. | नाम | ठेगाना | रकम रू. |
|---|---|---|---|
| ३२३ | कृष्ण माया डंगोल | वटु, काठमाडौं | १००५/- |
| ३२४ | श्रीमती तिर्थतारा तुलाधर | कालिकास्थान, काठमाडौं | १०००/- |
| ३२५ | राजेन्द्र वज्राचार्य | बुबहाल, ल.पु. | १०००/- |
| ३२६ | तेजवज्र वज्राचार्य | क्वालखु ल.पु. | १०००/- |
| ३२७ | पूर्णराज शाक्य | नागबहाल ल.पु. | १००१/- |
| ३२८ | न्हुच्छे मानन्धर | भक्तपुर | १००१/- |
| ३२९ | सानु किरण श्रेष्ठ | न्हैकन्तला, काठमाडौं | १०२०/- |
| ३३० | बेखारत्न राजकर्णिकार | सातदोबाटो | १००५/- |
| ३३१ | हेरादेबी शाक्य | हखा: ल.पु. | १०१०/- |
| ३३२ | लतनारायण महर्जन | यंगाल टोल | १०००/- |
| ३३३ | उत्तम दास तुलाधर | ठमेल | १०५०/- |
| ३३४ | मनोहरा शाक्य | वकुवहाल ल.पु. | १०००/- |
| ३३५ | विद्यालक्ष्मि शाक्य | नागबहाल ल.पु. | १०००/- |
| ३३६ | रुद्रबहादुर विश्वकर्मा | स्याङजा | १०००/- |
| ३३७ | ज्ञानदेवी तुलाधर | लालदरवार | ११००/- |
| ३३८ | निलशोभा तुलाधर | पुल्चोक ल.पु. | १०००/- |
| ३३९ | रुपज्योति कंसाकार | केलटोल | १०००/- |
| ३४० | भरणमान शाक्य | जोरगणेश | १०००/- |
| ३४१ | शोभालक्ष्मी वज्राचार्य | क्वा:बहाल | १०००/- |
| ३४२ | ब्रेशबहादुर खड्गी | दमाई टोल | १०२०/- |
| ३४३ | निलकाजी शाक्य | वटोली | १००५/- |
| ३४४ | भिक्षुणी धम्मदिन्ना | धर्मकीर्ति विहार | १००५/- |
| ३४५ | भिक्षुणी अनुपमा | धर्मकीर्ति विहार | १०११/- |
| ३४६ | सूर्यमाया शाक्य | न्यूरोड, काठमाडौं | १००५/- |
| ३४७ | तारादेबी मानन्धर | भोटेबहाल, काठमाडौं | १००५/- |
| ३४८ | शान्ति शिक्षा मन्दिर मा.वि. | काठमाडौं | १०००/- |
| ३४९ | परोपकार आदर्श हाईस्कूल | काठमाडौं | १०००/- |
| ३५० | गणेश आवासिय मा.वि. | काठमाडौं | १०००/- |
| ३५१ | झुनु नानी मानन्धर | लाजिम्पात | १००५/- |
| ३५२ | पेमा श्रेष्ठ | ज्याठा, ठमेल | १०१०/- |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार स्वास्थ्य उप-कमिटीको आर्थिक विवरण

## २०५७ साल बैशाख देखि फागुन सम्म

**आम्दानी**

| | | | |
|---|---|---|---|
| १. | स्वास्थ्य कोषबाट ब्याज निकालेको | रु. | १०,०००।- |
| २. | केयर एण्ड फेयर, पुल्चोकबाट ओखरपौवा क्याम्पको निम्ति सहयोग | रु. | १८,०००।- |
| ३. | बिरामी नाम दर्ता शुल्क | रु. | २,२८६।- |
| ४. | चन्दा | रु. | १००।- |
| ५. | डेण्टल क्याम्पको विरामीको नाम दर्ता शुल्क | रु. | ६४०।- |
| | | रु. | ३१,०२६।- |

**खर्च**

| | | |
|---|---|---|
| ओखरपौवा क्याम्प | | |
| औषधि खरिद | रु. | ९,११४।- |
| भोजन तथा जलपान | रु. | ४,८२०।- |
| यातायात | रु. | ६,०००।- |
| तुल | रु. | २,७०।- |
| प्रेशिक्रप्सन पायद | रु. | ६,७५।- |
| फोटोग्राफी | रु. | ६,६१।- |
| विविध (ब्याट्री, टिशु पेपर, फोटोकपी) | | |
| ज्याला | रु. | ९,५६।- |
| डेण्टल क्याम्पमा खर्च | रु. | १,७०।- |
| नियमित क्लिनिकमा | | |
| डाक्टरलाई यातायात खर्च* | रु. | २,७००।- |
| स्वास्थ्य सहायकलाई यातायात खर्च | रु. | १,३००।- |
| जलपान | रु. | १,४३०।- |
| | रु. | २८,०९६।- |
| **नगद मौज्दात** | रु. | २,९३०।- |
| | रु. | ३१,०२६।- |

★ कार्तिक महिनाभन्दा अगाडि धम्मवती गुरुमाँले प्रदान गर्नुभएको छ ।

———×———

## गतिविधि

- नियमित क्लिनिकबाट जम्मा ३११ विरामीको परिक्षण तथा औषधि वितरण ।
- जेष्ठ ७ गते पिपल्स डेण्टल कलेजको सहयोगमा आयोजित क्याम्पमा ७१ विरामी जाँच ।
- असोज ७ गते ओखरपौवा कागती गाउँमा आयोजित क्याम्पमा ४६० विरामी जाँच तथा औषधि वितरण ।
- २०५८ साल माघ/फागुन बिच लुम्बिनीमा स्वास्थ्य शिविर प्रस्तावित ।

*"सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ, त्यति उपकार बाबु, आमा र कुटुम्बले समेत् गर्न सक्तैनन् ।"*

*- धम्मपद*

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन

बु.सं. २५४४, ने.सं. ११२१ चिल्लागा ८ वि.सं. २०५७ चैत्र ४ गते, शनिवार

*प्रस्तुतकर्ता :* इन्द्र कुमार नकर्मी, *सचिव :* धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

२०२८ जेष्ठ ७ गते शुक्रवार (सन् १९७१ मे २१ तारीख) का दिन ३० जना युवाहरूले ४ वटा मुख्य उद्देश्य लिएर स्थापना गर्नुभएदेखि आजसम्म पनि निरन्तररुपले आफ्नो उद्देश्य अनुसार निरन्तर कार्य संचालन गरिराख्न सक्नु प्रत्येक सदस्यहरूको सहयोगको प्रतिक हो । प्रत्येक सदस्यहरूको अध्ययन गोष्ठी प्रतिको मायाले नै यस गोष्ठी जिवित भईरहेको होला । यसरी गोष्ठीलाई सफल पारी राख्ने क्रममा २०५६ चैत्र २६ गते शनिवार यस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नयाँ कार्य समितिको पुनरगठन भई उक्त कार्य समितिले यस वर्ष २०५७ को लागि कार्यक्रम तय गरी सोही अनुसार प्रत्येक सदस्यहरूको सहयोगबाट कार्यान्वयन भएको छ। जुन क्रमश: यस प्रकार छन् ।

१. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना कालदेखि आजसम्म पनि धर्मानुशासक हुनु भई आवश्यकता अनुसार सुझाव सल्लाह दिनुभई यस गोष्ठीलाई आजको स्वरूप दिनुमा बिशेष योगदान पुऱ्याउनु भएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई नेपालमा बुद्ध-शासन वा बुद्ध-धर्म, बौद्ध सँस्कृति एवम् बौद्ध दर्शनलाई जनमानसमा पुऱ्याउने कार्यमा बर्षौदेखि आफूलाई समर्पित गर्दै आइरहनु भएकोले सो कार्यलाई कदर गर्दै २०५६ चैत्र ६ गते आईतबारका दिन म्यानमार सरकारले "अग्ग महा सद्धम्म जोतिक धज" उपाधिले बिभुषित गरिएको उपलक्ष्यमा यस गोष्ठीले २०५७ बैशाख ३ गते शनिवार सदस्यद्वय श्रीमती डा. सुमनकमल तुलाधर र श्रीमती लोचनतारा तुलाधरको संयोजकत्वमा "अभिवादन कार्यक्रम" सम्पन्न गरियो ।

२. २५४४ औं बैशाख पूर्णिमा एवम् धर्मकीर्ति विहारको ३५ औं र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २९ औं वार्षिक उत्सवको उपलक्ष्यमा जम्मा ३७ जना सदस्य उपासक र उपासिकाहरूले आफ्नो अमूल्य रगत दान दिने कार्य २०५७ बैशाख ३१ गते शनिवार सदस्य श्री स्वयम्भूरत्न तुलाधरको संयोजकत्वमा सम्पन्न भयो। स्मरण रहोस् हामीले यसरी रक्त दान कार्यक्रम बिगत १७ वर्ष देखि अटुट रुपमा संचालन गर्दै आइरहेका छौं। यसरी रक्तदान कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गर्दै लानको लागि श्री स्वयम्भूरत्न तुलाधरले गर्नु भएको योगदानलाई हामीले बिर्सन सक्दैनौं ।

३. पुष्प पूर्णिमा एकदिन मात्र हामीले भव्य रुपमा नमनाई अझ बढि त्रिरत्न गुण स्मरण गर्ने र बुद्ध शिक्षालाई अध्ययन मनन गर्ने अवसर प्राप्त गर्नको लागि २०५७ जेष्ठ ४,५ र ६ गते गरी तीन दिनसम्म लगातार बिहान बुद्ध पूजा सम्पन्न गरियो । अबदेखि हामीले यसरी दिनै दिन बुद्ध पूजा कार्यक्रम संचालन गर्नका लागि सवै सदस्यहरू समयमानै उपस्थित भइदिन हुन अनुरोध पनि गर्दछौं ।

४. श्रीलंका सरकारले बैशाख पूर्णिमाका दिन बिदा दिई अन्तरराष्ट्रिय दिवसको रुपमा मान्यता होस् भनी राखिएको प्रस्तावलाई संयुक्त राष्ट्र संघले १३ डिसेम्वर १९९९ मा पारीत गरी निर्णय गरिएकोले श्रीलंका सरकार र संयुक्त राष्ट्र संघलाई "धन्यवाद-पत्र" हस्तान्तरण गरी यसै बिषयमा २०५७ जेष्ठ ६ गते एक प्रेश विज्ञप्ति प्रकाशन गरी बैशाख पूर्णिमाका दिन बेलुका बुद्ध पुजा र परित्राण गरियो ।

५. २०३४ सालमा अध्ययन गोष्ठीका १४ जना सदस्यहरू बनेपास्थित ध्यानकुटी विहारमा भएको अल्पकालीन प्रव्रज्याको स्मरणमा २०५७ आषाढ १० गते ध्यानकुटी विहार, बनेपामा प्रव्रज्या दिवस आयोजना गरियो ।

६. "पुजा गर्न योग्य व्यक्तिहरूलाई पुजा गर्नु पनि मङ्गल हो ।" भनि तथागत बुद्धले देशना गर्नुभएको शिक्षालाई मनन गरी २०५७ श्रावण १ गते सह-सचिव श्री ध्रुवरत्न स्थापितको संयोजकत्वमा पुज्य भन्ते, गुरुमाँहरूलाई गुरुपुजा गरियो ।

७. असार पूर्णिमा र धम्मवती गुरुमाको ६६ औं जन्मोत्सवको उपलक्ष्यमा "प्रथम अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता" २०५७ श्रावण २ गते देखि ५ गते सम्ममा सम्पन्न गरियो । सदस्य श्री विकासरत्न तुलाधरको संयोजकत्वमा सम्पन्न भएको उक्त प्रतियोगितामा जम्मा १५ वटा स्कूलले भाग लिई फाइनल प्रतियोगिता २०५७ श्रावण ७ गते भएको



Downloaded from http://www.dhamma.digital

थियो । यस्तो किसिमको कार्यक्रमलाई हामीले निरन्तर रुपले सञ्चालन गर्दै लान सकेमा बालकककालदेखि नै बुद्ध शिक्षा अध्ययन गराउने एउटा उत्तम माध्यम हुने आशा गरेको छु ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४ वटा मुख्य उद्देश्य पूर्ति गर्ने क्रममा :**

क. बुद्ध-शिक्षा आफूले अध्ययन गर्ने क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको अनुहारको रुपमा रहेको अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षाको बारेमा सम्बन्धित संयोजकको तर्फबाट विस्तृत रुपमा जानकारी लिऔं ।

ख. गाउँ गाउँमा गएर बुद्ध-शिक्षा प्रचार गर्ने क्रममा २०५७ आश्विन ७ गते शनिवार नुवाकोट जिल्लाको ओखरपौवा गा.वि.स. स्थित कागती गाउँमा बुद्ध शिक्षाबारे अनभिज्ञ व्यक्तिहरूलाई दु:खबाट मुक्त हुने बुद्धको शिक्षाबारे जानकारी दिन गएका थियौं ।

ग. बुद्ध शिक्षा सम्वन्धि पुस्तक र पत्रिका प्रकाशन गर्ने क्रममा पुस्तक प्रकाशनको सम्पूर्ण जिम्मा गोष्ठीका अध्यक्ष धम्मवती गुरुमाँले लिनुभई वहाँको अथक प्रयासबाट अहिलेसम्म नेपाल भाषाबाट १४० वटा, नेपाली भाषाबाट ६२ वटा र अंग्रेजी भाषाबाट ५ वटा गरी जम्मा २०७ वटा बुद्ध-शिक्षा, बुद्ध-गुण, बौद्ध दर्शन र बौद्ध संस्कृति सम्वन्धि विभिन्न पुस्तकहरू प्रकाशन भईसकेको छ । अहिलेसम्मको अन्तिम प्रकाशन अनुसार 'दान पारमिता' (नेपालीभाषा) र "बुद्ध संस्कृति र महत्व" (नेपाली भाषा) हुन् । यी दुवै पुस्तकहरू वितरण गर्न वाँकी नै छ । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ढोकाबाट यतिका पुस्तक प्रकाशन गर्न सक्नु हामी सवै सदस्यहरूको निम्ति गौरवको कुरा हो । पुज्य भन्ते अश्वघोष महास्थविर र पुज्य धम्मवती गुरुमाँ प्रमुख सबै दाताहरूको बुद्ध-धर्मप्रति भित्री मायाले गर्दा नै सबभन्दा बढि पुस्तक प्रकाशन गर्ने काम धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गर्न सकेका हुन् ।

पत्रिका प्रकाशन गर्ने क्रममा "धर्मकीर्ति" मासिक पत्रिका यस गोष्ठीका धर्मानुशासक पुज्य भिक्षु अश्वघोष महास्थविरले सम्पूर्ण जिम्मा लिनुभई नियमित रुपमा पूर्णिमामा प्रकाशन भईरहेको छ । अहिलेसम्ममा प्रकाशन भईसकेको अनुसार होलीपूर्णिमा (फाल्गुण पूर्णिमा) मा वर्ष १८ अङ्क ११ को रुपमा प्रकाशन भयो । पहिले वार्षिक पत्रिकाको रुपमा पछि द्वैमासिकको रुपमा प्रकाशन भईराखेकोमा अहिले आएर मासिक-पत्रिकाको रुपमा प्रकाशन गर्न सक्नु भनेको श्रद्धेय भन्ते र व्यवस्थापक समूहको अथक प्रयासले गर्दा नै हुन् ।

हामी सबै यस गोष्ठीका सदस्यहरू हौं तैपनि हामीहरूमध्ये कतिपय हामीले प्रकाशन गर्ने पुस्तक र पत्रिकाको सदस्यता नलिएका पनि छन् । हामीले प्रकाशन गर्ने पुस्तक र पत्रिकाको सदस्यता हामीले नै नलिए अरुलाई सदस्यता लिन आग्रह कसरी गर्न सक्छौं ? अत: पुस्तकको रु ५०।- र धर्मकीर्ति पत्रिकाको रु ६० गरी वार्षिक जम्मा रु. ११०।- तिरी नियमित रुपमा सदस्यता लिई बुद्ध-शिक्षालाई आफूले पनि अध्ययन, मनन गरौं र अरुलाई पनि अध्ययन, मनन गर्ने अवसर प्रदान गर्नुमा सहयोग पुऱ्याउनका लागि सबैलाई अनुरोध गर्दछौं ।

घ. देश विदेशका बौद्ध विद्वानहरूलाई स्वागत गर्ने क्रममा २०५७ बैशाख १९ गते सोमबार म्यानमारका धार्मिक मन्त्री ऊ आउँ खिन प्रमुख एक टोलीलाई धर्मकीर्ति विहारमा एक सभाको आयोजना गरी स्वागत गरियो । स्मरण रहोस् यस गोष्ठीका धर्मानुशासक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई "अग्गमहा सद्धम्म जोतिक धज" पदवीले वहाँले नै विभुषित गर्नु भएको हो ।

८. गोष्ठीका सदस्यहरूले पनि लेख, आदी लेख्न सिकी हाम्रो "धर्मकीर्ति" मासिक पत्रिकालाई उपयुक्त शिक्षा मुलक लेख लेखी पत्रिकालाई अझ बढि स्तरीय गर्न र गाउँ गाउँमा गई धर्म प्रचार कार्यक्रममा बुद्ध शिक्षालाई अझ बढि जनमानसमा सजिलैसित बुझाउने माध्यम तयार गर्न २०५७ भाद्र १७, २४ र ३१ गते शनिवार लेखन कला तालिम दिई २०५७ कार्तिक २६ गते शनिवार तालिमका सहभागीहरू बिच "बुद्ध एक महान सामाजिक क्रान्तिकारी" बिषयमा लेख लेख्ने प्रतियोगिता भयो । सदस्य श्रीमती रीना तुलाधरको संयोजकत्वमा सम्पन्न भएको यस किसिमको तालिमले अध्ययन गोष्ठीका नयाँ पुस्ताका सदस्यहरू पनि लेखकको रुपमा निस्कन सक्ने आशा लिएका छौं ।

९. ५ वटा दुर्लभ मध्ये एक "प्रब्रज्या भाव दुर्लभ" भनि तथागत बुद्धले देशना गर्नुभए अनुसार म्यानमारका सितगु इन्टरनेशनल बुद्धिष्ट एकेडेमी संस्थापक श्रद्धेय आशिन ञाणिस्सार महास्थविरको उपाध्यायत्वमा ३६ जना उपासक अल्पकालीन प्रव्रज्या र उपसम्पदा, ३ जना अल्पकालीन अनगारिका, १५ जना अल्पकालीन ऋषिणी

र २ जना ध्यान मात्र गर्ने गरी जम्मा ५६ जवान सहभागीहरूले भाग लिई बुद्ध शिक्षालाई सिद्धान्तमा मात्र सिमित नराखी आफ्नो जीवनमा सदुपयोग गर्ने गरी प्रयोगात्मक रुपमा अभ्यास गर्ने अवसर पाउनु भएको छ । सह-कोषाध्यक्ष सुश्री तारा डङ्गोलको संयोजकत्वमा सम्पन्न भएको उक्त अल्पकालीन प्रव्रज्या शिविर लुम्बिनी स्थित गौतमी विहारमा २०५७ मंसीर ८ देखि १५ गतेसम्म भएका थिए ।

धर्मकीर्ति विहार एवम् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका संस्थापिका अध्यक्ष पुज्य धम्मवती गुरुमाँको ६६ औं जन्मोत्सवको उपलक्ष्यमा २०५७ आषाढ २८ देखि श्रावण ३ गतेसम्म भिक्षु महासंघद्वारा त्रिपिटक मध्ये एक पिटक अभिधर्म पिटकको ७ वटा ग्रन्थ पाली भाषामा पाठ भएको कार्यक्रममा अध्ययन गोष्ठीका सदस्यहरूद्वारा आवश्यक सहयोग पुऱ्याइयो ।

**विशेष कार्यक्रम :**

अष्टमी २ पटक, औंसी, पूर्णिमा, संक्रान्ति गरी मानसिक ५ पटक र गुँला (श्रावण शुक्ल देखि भाद्र कृष्णपक्ष) भरी धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना हुने बेला धर्म श्रवण गर्न आउनु हुने श्रद्धालु उपासक उपासिकाहरू बस्ने ठाउँ नपुगी कोही ढोकामा, कोही बाटोमा, कोही भऱ्याङ्गमा बसी, कोही बाहिर उभि पनि जहाँ उपयुक्त छ त्यहाँ बसि धर्मदेशना सुन्नु पर्ने धर्मकीर्ति विहारको अवस्थालाई साहु द्रव्यमान सिं (भाइराजा तुलाधर) र साहुनी बसुन्धरा तुलाधर प्रमुख परिवारमा श्रद्धा उत्पन्न भई विहारलाई नयाँ रुपमा सजिलो पाराले बनाई दिनका लागि २०५७ पौष २२ गते शनिवार धर्मकीर्ति विहार पुन: निर्माणको लागि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु अश्वघोष महास्थविर, श्रद्धेय सयादो ऊ सुजन पिय, श्रद्धेय भिक्षुणी धम्मवती, काठमाडौं महानगर पालिकाका प्रमुख श्री केशवरत्न स्थापित, म्यानमारका महामहिम राजदूत ऊ तेन वेन र विहार पुन: निर्माणका दाता साहु द्रव्यमान सिंहले शिलान्यास गर्नुभयो । यस धर्मकीर्ति विहार पुन: निर्माण शिलान्यास समारोहमा अध्ययन गोष्ठीको तर्फबाट आवश्यक सम्पूर्ण सहयोग गरिएको थियो ।

**संयुक्त रुपमा आयोजित कार्यक्रम :**

काठमाडौं जिल्ला खानेपानी कार्यालय, युनिसेफको सहयोगार्थ नेपालभाषा मिसा खल: र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा चक्रपथस्थित बसुन्धरा डोलमा "राष्ट्रिय सर-सफाई सप्ताह, ४-१० आषाढ २०५७" अनुसार २०५७ आषाढ ५ गते यस गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीले "बुद्ध धर्म र सर-सफाई" विषयमा प्रवचन दिनुभयो । सोही क्रममा २०५७ आषाढ ६ गते धर्मकीर्ति विहारका उपासिकाहरू, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू र नेपाल भाषा मिसा खल:का सदस्यहरू मिली श्रीघ: चैत्य वरीपरी सफा गरियो ।

**विभिन्न सभा, सम्मेलन, जुलुसमा सहभागी हुने क्रममा:**

(a) २०३८ सालमा भई २० वर्ष पश्चात् यहिं २०५८ सालमा फेरी "राष्ट्रिय जनगणना-२०५८" हुन लागेकोले यस जनगणनामा हामी बौद्धहरूले राम्ररी होश पुऱ्याउनु पऱ्यो भनि धर्मोदय सभाको आयोजनामा २०५७ जेष्ठ २६ गते बिहिबार जनगणना तथ्याङ्क पत्रको व्यक्तिगत विवरण महल नं ७ मा उल्लेख भएको धर्म सम्वन्धी केहि बुंदालाई संशोधन गर्न आवश्यक बारे ध्यानाकर्षण गरी राष्ट्रिय योजना आयोग, सिंहदरवार र केन्द्रिय तथ्याङ्क विभाग, थापाथलीमा गई सुझाव-पत्र हस्तान्तरण गरियो । त्यसैले यस जनगणनामा हामी सबै होशियारी होऔं र अरुलाई पनि यसबारेमा होश पुऱ्याउन दिई बौद्धहरूको सही तथ्याङ्क प्रकाशन गर्नमा सहयोग पुऱ्याऔं ।

(b) श्री ५ को सरकारको सहयोगमा लुम्बिनी विकास कोषको आयोजनामा २०५७ माघ १९ र २० गते सम्मेलनको मुलसार "लुम्बिनीको नव सहस्राब्दी युवा तथा समुदायको दायित्व" लिई सञ्चालन भएको अन्तरराष्ट्रिय बौद्ध सम्मेलनमा स्वागत उप-समिति र स्वास्थ्य उप-समितिमा रहि आवश्यक सहयोग गरियो ।

(c) अफगानिस्तानको बामियानमा कट्टरपन्थी तालिवानीहरूले २००० वर्षभन्दा पुरानो विश्वको धरोहर मानव सभ्यताको प्रतिक, विश्वमा अहिले सम्मको दोश्रो अग्लो ५३ मीटरको कलात्मक बुद्धमूर्ति सहित सबै गैर इस्लामिक धार्मिक सम्पदा तालिवान प्रमुख मुल्ला मोहम्मर ओमारको ध्वस्त गर्ने आदेश अनुसार २०५७ फाल्गुण १७ गते देखि शुरु गरेकोले त्यसको बिरोधमा धर्मोदय सभाद्वारा २०५७ फाल्गुण २१



Downloaded from http://www.dhamma.digital

गते आयोजित एक सभामा सहभागी भई २०५७ फाल्गुण २४ गते बुधबार कालो ब्यानर सहित शान्ति मौन बिरोध जुलुस सभा गोष्ठीबाट पनि सहभागी भईयो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले एक वर्षमा यतिका कार्यक्रम सम्पन्न गर्न सक्नु भनेको एक दुईको मेहनतबाट पक्कै होइन यो त सबै धर्मप्रति आस्थावान् र अध्ययन गोष्ठीप्रति भित्री मायाले गर्दा आईरहेको सहयोगको प्रतिफल हो । गोष्ठीको कार्य समितिबाट प्रस्तुत गरिएको कार्यक्रमहरू मध्ये नेपालगञ्जमा जाने एउटा छोडी अरु सवै संयोजक भई सफलतापूर्वक सम्पन्न गर्नु भएकोले सबै संयोजकहरूका साथै सबै अध्ययन गोष्ठी परिवारप्रति म कृतज्ञ छु । नेपालगञ्जमा जाने कार्यक्रम संयोजक श्री श्यामलाल चित्रकारको अथक प्रयास बाबजुद पनि विभिन्न कारणले समयमा नै सम्पन्न हुन नसकी पछाडी सार्नु पर्दाको तीतो अनुभव बाहेक अरु सवैको मिठो अनुभव भएको मैले महसुस गरेको छु । यतिमात्र होइन अध्ययन गोष्ठीका बिभिन्न एकाईहरू मध्ये शनिवारीय कक्षा सञ्चालन, पत्रिका प्रकाशन, पुस्तकालय सञ्चालन, स्वास्थ्य कार्यक्रम सञ्चालन एकाईहरूबाट पनि आ-आफ्नो जिम्मेवार पुरा गर्नु भएकोले सबै एकाईहरू प्रति म आभारी छु । अब फेरी अर्को वर्षमा योभन्दा उपयोगी कार्यक्रम प्रस्तुत गरी बुद्ध शिक्षा जनमानसमा पुऱ्याई दुःखबाट मुक्त हुने मार्ग देखाउने कार्यमा सहयोग पुऱ्याउन सक्ने आशा गरेको छु ।

अन्तमा, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीलाई मार्ग दर्शनको लागि हरपल आफ्नो सुझाव, सल्लाह दिनु हुने श्रद्धेय अश्वघोष भन्ते, श्रद्धेय दो.गुणवती गुरुमाँ, श्रद्धेय रत्नमञ्जरी गुरुमाँ, श्रद्धेय धम्मवती गुरुमाँ प्रमुख अरु गुरुमाँहरू, धर्मकीर्ति संरक्षण समितिका सदस्यहरू, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सल्लाहकारहरू, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका पुराना दाजुहरू श्री बरदेश मानन्धर, श्री मदनरत्न मानन्धर र अध्ययन गोष्ठी मेरो हो यसलाई मैले राम्रो बनाउने छु भन्ने भावना भएका सबै परिवारप्रति म फेरी एकचोटी कृतज्ञ भएँ साथै धेरै धेरै धन्यवाद टक्र्याउँछु । पछि पछि पनि यस्तै ठोस भरोसाको आशा गर्दै भवतु सब्ब मङ्गलम् ।

■



All the Best Wishes
On the Auspicious
Occasion of
VESAK FESTIVAL

the Bakery
CAFE
(Where the young heart meets !)

- Teendhara, Durbar Marg. Tel: 242706
- Round about, Jawalakhel, Tel: 522949
- Near Fire Brigade, New Road, Tel: 240137, 240138
- New Baneshwor, Tel: 488528
- Teku, Tel: 265987
- Teaching Hospital, Maharajgunj, Tel: 414855 Fax: 255212, E-mail: nangint@ccsl.com.np

KATHMANDU, NEPAL

*It's your Choice*

Managed by
nanglo
INTERNATIONAL

अन्तर्राष्ट्रिय भिक्षुणी अनुयायी संघया पाखें
श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थबिरजुयात द्यछानागु

## अभिनन्दन पत्र

नेपाःया बुद्ध शासनया प्रचार-प्रसारया ज्याय् महत्वपूर्णगु देन दुम्ह एवं बुद्ध शिक्षाया अध्ययनशील, बिद्वान व कर्मठम्ह छःपिं श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थबिरजुयात नेपाःया फुक्क भिक्षुणी अनगारिकापिनि पाखें थुगु 'अभिनन्दन पत्र' द्यछाये दया जिपिं तसकं लयताः।

बि.सं. १९९६ सालय् तानसेनय् जन्म जुया २६ दँया उमेरय् बर्मा देशय् श्रामणेर प्रब्रजित जुया बर्मा देशय् हे बुद्ध शिक्षाया यक्को गहन् अध्ययन याना बर्मा देशया उच्चतम 'शासनधज धम्मचरिय' पदवी कयाबिज्यात।

बर्मा देशय् अध्ययन क्वचायुका नेपाः बिज्यासांनिसें नेपालय् बुद्ध शिक्षा प्रचार-प्रसारया ज्याय् छःपिं यक्को सक्रिय जुयाबिज्यात। नेपाल भाषा व नेपाली भाषां बुद्ध शिक्षाय् यक्को सफुत च्वयाबिज्यात। बिभिन्न बौद्ध संघ-संस्थात नापं बिहारया स्थापना नं यानाबिज्यात। नापं भिक्षु तालिम केन्द्रया नं स्थापना यानाबिज्यात।

बिशेषं युवाबर्गपिन्त बुद्ध शिक्षा पाखें प्रेरणा बीगु, अध्ययन- अध्यापन यायेगु ज्याय् छःपिं तसकं न्ह्यब्वाना बिज्यासु जक मखु देश-बिदेशय् नं बुद्ध शिक्षा प्रचार प्रसारया ज्याय् छःपिं छम्ह सक्रियम्ह धर्मदूत नं खः।

थुकथं यक्को गुण दुम्ह व तसकं कर्मठम्ह छःपिं श्रद्धेय भन्तेया सुख व सुस्वास्थ्यया कामना यासें बुद्ध शासनयात चीरस्थायी यायेगु ज्याय् अझ यक्को सफल जुइ फयेमा धयागु कामना यासें थुगु 'अभिनन्दन-पत्र' द्यछाना च्वना।

(माधवी)
सचिव

( भिक्षुणी धम्मवती )
अध्यक्ष

बि.सं. २०५८ बैशाख १ गते शनिवाः

---

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पाखें
श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थबिरजुयात द्यछानागु

## अभिनन्दन पत्र

श्रद्धेय भन्ते,

छःपिनिगु सम्मानय् जुयाच्वंगु थुगु अभिनन्दन कार्यक्रमस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें नं अभिनन्दन पत्र द्यछाये दया जिपिं तसकं लय्ताः।

**अध्ययनशील व ज्ञाता भिक्षु**

छःपिं बुद्ध शिक्षाया अध्ययनशील एवं ज्ञाताम्ह छम्ह भिक्षु खः। बुद्ध शिक्षा व बौद्ध ग्रन्थया गहन अध्ययन व अन्वेषणय् छःपिं न्ह्यावलें समर्पित जुयाबिज्याः।

**कर्मठम्ह लेखक**

छःपिं बुद्ध शिक्षा व बुद्ध धर्मया छम्ह कर्मठम्ह लेखक नं खः। आःतकया दुने छःपिसं बुद्ध शिक्षाया बिबिध बिषयस ३५गू स्वयां अप्वो सफू च्वया बिज्याये धुंकूगु दु।

**युवाबर्गपिन्त प्रेरणा बियाबिज्याइम्ह**

युवाबर्गपिन्त बुद्ध शिक्षाया अध्ययन व अभ्यासय् लगे जुइत छःपिसं न्ह्यावलें प्रेरणा बियाबिज्याः। छःपिनिगु हे सक्रियताय् युवा बौद्ध संघ-संस्थात स्थापना जुगु दु। नापं युवाबर्गपिन्त बुद्ध शिक्षा स्यनेकने यायेगु ज्याय् नं छःपिं न्ह्यावलें सक्रिय जुयाबिज्याः।

**बिश्व शान्ति बिहारया स्थापना**

छःपिसं बिश्व शान्ति बिहारया स्थापना याना उगु बिहारस युवा श्रामणेर-भिक्षुपिन्त बुद्ध शिक्षाया अध्ययन व अभ्यास यायेगु केन्द्र नं स्थापना याना नेपालय् बुद्ध शासन चीरस्थायी यायेगु ज्याय् छगू महत्वपूर्णगु देन बियाबिज्यागु दु।

थुकथं नेपालय् बुद्ध शिक्षा व बुद्ध शासनया प्रचार प्रसार व सम्बर्द्धन यायेगु ज्याय् यक्को देन दुम्ह छःपिं श्रद्धेय भन्तेयात थुगु अभिनन्दन द्यछासें छःपिनिगु सुख-स्वास्थ्यया कामना यासें थुज्वःगु ज्याय् यक्को न्ह्याज्याना च्वने फयेमा धयागु नं कामना याना च्वना।

इन्द्र कुमार नकर्मी
सचिव

भिक्षुणी धम्मवती
अध्यक्ष

बि.सं. २०५८ बैशाख १ शनिवाः



Downloaded from http://www.dhamma.digital

## अन्तर्राष्ट्रिय भिक्षुणी अनुयायी संघया पाखें
## भिक्षु कुमार काश्यप महास्थविरजुयात च्छ्यानागु

# अभिनन्दन पत्र

बि.सं.१९८३ सालय् तानसेनय् जन्म जुया १६ दँया उमेरय् कुशीनगरय् श्रामणेर प्रव्रजित जुया २५दँया उमेरय् बर्माय् उपसम्पदा जुयाबिज्याम्ह छःपिं श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरजु नेपालय् बुद्ध शासनया पुनर्जागरण हयेगुया नापं प्रचार प्रसार व सम्बर्द्धन यायेगु ज्याय् तसकं सक्रिय जुया बिज्याना च्वंगु दु। राणाकालया उगु कठीन इलेनिसें छःपिं बुद्ध शिक्षा प्रचार प्रसारया ज्याय् निरन्तर रुपं लगेजुया बिज्याना च्वंम्ह कर्मठम्ह भिक्षु खः।

थःगु अध्ययनया क्रमय् श्रीलंकाया बिद्यालंकार परिवेणय् सूत्र व बिनय पिटकय् आचार्यत्व ग्रहण यानाबिज्यात। नेपाः लिहाँ बिज्याना बुद्ध शिक्षा प्रचार प्रसारया ज्याय् छःपिं न्ह्याबलें न्ह्यब्वाना आनन्द कुटी बिद्यापिठया ब्यवस्थापन, आनन्द भूमि बौद्ध पत्रिकाया सम्पादन, रेडियोय् बुद्ध शिक्षाया प्रसारण इत्यादि ज्याय् छःपिं लगेजुया बिज्यात।

लुम्बिनी बिकासया लागिं उगु बखतय् हे जनस्तरं लुम्बिनी बिकास सहयोग समिति दयेका जनस्तरं चन्दा संकलन यायेगु ज्याय् छःपिं सक्रिय जुयाबिज्यात। शान्त व करुणामयी स्वभाव दुम्ह छःपिं मेपिन्त स्यने कने यायेगुली गन्लें अल्छी मचाइम्ह प्रेरणादायीम्ह भिक्षु खः।

थुकथं यक्को गुण दुम्ह छःपिं श्रद्धेय भन्तेयात अभिनन्दन पत्र च्छ्याये दया जिपिं सकलें भिक्षुणी, अनगारिकापिं यक्को लयताः। छःपिनिगु सुख स्वास्थ्यया कामना यासें बुद्धशासन चीरस्थायी यायेगु ज्याय् छःपिं न्ह्याबलें लगेजुया च्वने फयेमा धयागु कामना यानाच्वना।

(माधवी)
सचिव

(भिक्षुणी धम्मवती)
अध्यक्षा

बि.सं.२०५८ बैशाख १ गते शनिवाः

---

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पाखें
## श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरजुयात च्छ्यानागु

# अभिनन्दन पत्र

नेपालय् थेरवादी बुद्ध शासनया पुनर्जागरणय् यक्को देन दुम्ह छःपिं श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरजुयात थुगु अभिनन्दन पत्र च्छ्याये दया जिपिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवार तसकं लयताः।

__थेरवादी बुद्ध शासनया पुनर्जागरणय् यक्को देन दुम्ह__

नेपालय् थेरवादी बुद्ध शासनया पुनर्जागरण यायेगु ज्याय् छःपिनिगु यक्को देन दु। राणाकालया उगु थाकुगु इलेनिसें छःपिं नेपालय् बुद्ध शासनया पुनर्जागरण हयेगु ज्याय् सक्रिय जुयाबिज्यात। २००१ सालय् राणातय्सं भिक्षुपिन्त याःगु 'देश निकाला'य् छःपिं नं देश तोःता बिज्याये माल।

__शान्त व सुशील ब्यक्तित्व__

शान्त स्वभाव व सुशील ब्यक्तित्व दुम्ह छःपिं मेपिन्त नं न्ह्याबलें शान्त व सिचुगु बातावरण बिया बिज्याना च्वनीम्ह सदां करुणां युक्तम्ह भन्ते खः।

__सक्षमम्ह धर्मदेशक__

बुद्ध शिक्षा मेपिन्त स्यनेकने यायेगु ज्याय् छःपिं न्ह्यावलें न्ह्यब्वानाः गम्भीरगु शिक्षायात नं साधरण व सरल भाषा धर्मदेशना यानाबिज्याइम्ह छःपिं छम्ह सक्षमम्ह धर्मदेशक खः।

बुद्ध शिक्षाया प्रचार-प्रसारया ज्याय् यक्को वर्षनिसें बिबिध रुपं सक्रियतापूर्वक लगेजुया बिज्याना च्वंम्ह छःपिं बुद्ध शासनया छम्ह शान्तम्ह योद्धा खः।

यक्को गुण दुम्ह छःपिं श्रद्धेय भन्तेयात थुगु अभिनन्दन च्छ्यासें छःपिनिगु सुस-स्वास्थ्यया नं कामना याना च्वना।

इन्द्र कुमार नकर्मी
सचिव

भिक्षुणी धम्मवती
अध्यक्षा

बि.सं.२०५८ बैशाख १ शनिवाः



*May all sentient beings attain the highest state of Completeness being on the foot steps of*

**BUDDHA**

*Happy Baishakh Festival 2545*

*We Welcom you for all your grocery and provisional needs at*

# BHOTAHITY
## DEPARTMENTAL STORE

**"Lalita Bhawan"** 10/28 Bhotahity, Kathmandu, Nepal
Tel.: 240857, 231194, Fax: 977-1-252057
E-mail: bds@ccsl.com.np


Dhamma Digital

Downloaded from http://www.dhamma.digital

### चेतना जागरण शिविर

'समानता, मौलिक पहिचान र चेतना जागरण' विषयक त्रि-दिवसीय बौद्ध जागरण तथा सचेतना शिविर यहि चैत्र १२-१४ गते सम्पन्न भयो ।

प्रशिक्षण शिविरको महत्व र आगामी जनगणनामा जन-जातिहरूले खेल्नुपर्ने भूमिका सम्बन्धमा युवा बौद्ध समूह काठमाडौंका उपाध्यक्ष त्रिरत्न मानन्धरले मन्तव्यको क्रममा प्रकाश पार्नु हुँदै राष्ट्रको यथार्थ चित्रण गर्न नागरिकहरूको सहि तथ्यांक संकलन गर्नु नितान्त आवश्यक छ भन्नुभयो । उहाँले, आगामी जनगणनामा जन-जातिहरूको सहि तथ्यांक आउन जनजातिहरू सचेत हुनु पर्नेछ भन्ने कुरा बताउनु भयो ।

शिविर उद्घाटन गर्दै प्रमुख अतिथि संखुवासभा जिल्ला विकास समितिका सभापति तुल्सी प्रसाद न्यौपानेले बुद्धको उपदेशलाई व्यवहारमा ल्याउन जागरण शिविरको महत्वपूर्ण भूमिका रहने कुरा बताउनु भयो ।

उद्घाटन कार्यक्रममा संखुवासभा नगरपालिकाका उपमेयर जीतबहादुर घिमिरे, संखुवासभा मंका: खल:का अध्यक्ष कृष्ण मोहन श्रेष्ठले शुभकामना मन्तव्य दिनु भएको थियो ।

संखुवासभा जिल्लामै प्रथम पटक भएको सो शिविर धर्मोदय सभा संखुवासभाका सदस्य एवं शिविर संयोजक जगत शाक्यको सभापतित्वमा भएको थियो । सभामा स्वागत मन्तव्य दिँदै धर्मोदय सभा संखुवासभा शाखाका सदस्य एवं संखुवासभा उद्योग वाणिज्य संघका अध्यक्ष श्याम सुन्दर उदासले जनमानसमा चेतना जगाउनका साथै बुद्ध धर्मको शान्ति सन्देश फैलाउन शिविरले योगदान दिने विश्वास व्यक्त गर्नुभएको थियो ।

त्रि-दिवसीय शिविर समापन समारोहमा प्रशिक्षकका तर्फबाट भिक्षु सुशीलले विगतका घटनाहरूबाट शिक्षा लिएर सचेततापूर्वक पाइला चाल्न शिविर अवधिमा श्रवण गरेका सन्देशहरू मनन गर्दै आफूभित्रको ज्योति प्रज्वलित पार्न आग्रह गर्नुभएको थियो ।

जगत शाक्यको सभापतित्वमा भएको समापन समारोहमा सहभागीहरूका तर्फबाट बसन्त तामाङ, आयोजकका तर्फबाट श्याम सुन्दर उदासले मन्तव्य दिनु भएको थियो ।

धर्मोदय सभा, संखुवासभा शाखाका उपाध्यक्ष सरोज बज्राचार्यद्वारा संचालित सो कार्यक्रममा शाखाका कोषाध्यक्ष सुभद्रा बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सभामा प्रशिक्षकहरूलाई कलात्मक करुवा उपहार दिइएको थियो ।

त्रि-दिवसीय प्रशिक्षण शिविरमा भिक्षु सुशिल, त्रिरत्न मानन्धर, सविता धाख्वा:, डा. कृष्ण भट्टचन र इन्द्र बहादुर गुरुङले बुद्ध धर्म, जनजाति एवं राष्ट्रिय जनगणनासंग सम्वन्धित विषयहरूमा प्रशिक्षण दिनु भएको थियो ।

### बौद्ध प्रशिक्षण शिविर

२०५७ फागुन १७ गते, स्थान- सुलक्षण कीर्ति विहार, सुन्दरीघाट । चोभार ।

सुलक्षण कीर्ति विहारको आयोजनामा बौद्ध प्रशिक्षण शिविर सम्पन्न भएको समाचार छ । प्राप्त समाचार अनुसार प्रशिक्षक केदार शाक्यले प्रशिक्षार्थीहरूलाई बुद्धको दर्शन विज्ञान, इतिहास र सँस्कृतीवारे बताउनु भयो भने भिक्षुणी डा. अनोजाले बौद्ध साहित्यको रचना र त्यसमा भएका सार तत्त्वहरूबारे जानकारी दिनु भएको थियो । त्यस्तै डा. लक्ष्मण शाक्यले बुद्धधर्म दर्शनको व्यावहारिक पक्षबारे देवकाजी शाक्यले बुद्धधर्ममा नारीको स्थान विषयमा जानकारी दिनु भएको थियो ।

सोही अवसरमा प्रशिक्षार्थी सहभागीहरू मध्ये पूर्व राष्ट्रिय पञ्चायत सदस्य बमकुमारी बुढामगर, देवकुमारी गुरुङ्ग र हसना शाक्यले प्रशिक्षण उपयोगीमूलक भएकोले समय समयमा यस प्रकारका प्रशिक्षणहरूको आयोजना गरिनुपर्ने विचार व्यक्त गर्नुभयो । विहारका सचिव भीमबहादुर श्रेष्ठले विहारले संचालन गर्दै आएका क्रियाकलापहरूबारे जानकारी दिनुभयो भने उपाध्यक्ष हरीमान रञ्जितले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त शिविरमा जम्मा २५० जवान प्रतिक्षार्थीहरूले भाग लिएको कुरा जानकारी हुन आएको छ ।

### बारा जिल्लाब्यापी

***प्रथम बौद्ध जागरण प्रशिक्षण शिविर***

बारा । थारु बुद्ध धर्म प्रचार प्रसार समिति एवं छाता पिपरा बौद्ध समूह तथा हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनको संयुक्त आयोजनामा बारा जिल्लाब्यापी प्रथम तीन दिने बौद्ध जागरण प्रशिक्षण शिविर मिति २०५७ चैत्र १५ देखि १७ गतेसम्म सम्पन्न भएको समाचार छ । शील प्रार्थना र बुद्ध पूजा पछि शुरु भएको उक्त तीन दिने शिविरमा प्रशिक्षकहरू श्री हर्षमुनी शाक्य, प्रा. जनक 'नेवा:' शाक्य, विपेन्द्र महर्जन, हिमाल राई तथा सियाराम चौधरी थारुले क्रमश: बुद्धकालीन समाज र अवस्था, बुद्ध जीवनी,

जातक कथा, बुद्ध धर्म र जनजाती, थारु जनजाती, पञ्चशील, बौद्ध झण्डाको महत्त्व र यसको आवश्यकता, समाजमा बुद्ध धर्मको महत्त्व र जनगणना- २०५८ आदि विषयहरूमा प्रशिक्षण दिनुभएको थियो ।

शिविरको पहिलो दिन मधु सुदन चौधरी थारुको स्वागत भाषण एवं विक्रम चौधरी थारुको सभापतित्त्वमा शुरु भएको उद्घाटन समारोहमा प्रमुख अतिथी श्री हर्षमुनि शाक्यले परशुराम चौधरी थारुको "मनके फूल" थारु भाषाको कविता संग्रहको पुस्तक विमोचन गर्नुभयो । सो उद्घाटन कार्यक्रममा विपेन्द्र महर्जन, प्रेमा दोर्जी, परशुराम चौधरी थारु, छेकु लामा, हिमाल राई, शमा चौधरी थारु, भूदेव चौधरी थारु, लक्ष्मी नारायण चौधरी थारु, रुपनारायण चौधरी थारु, रुपलाल चौधरी थारु तथा योगेन्द्र प्रसाद धनुकले बुद्ध शिक्षा र शिविरबारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

शिविरको अन्तिम दिन रविनन्दन चौधरी थारुको सभापतित्त्वमा बारा जिल्ला छाता पिपरा स्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयको प्रांगनमा समापन समारोह सम्पन्न भएको थियो । उक्त समारोहमा रुपलाल चौधरी थारु, लक्ष्मीराज चौधरी थारु र प्रशिक्षार्थीहरूको तर्फबाट कान्छा वाइवा र शिवराज चौधरी थारुले समाजलाई सद्मार्गतिर लगाउन बुद्ध शिक्षा सम्बन्धि यस प्रकारका शिविरहरूबाट ठूलो सहयोग प्राप्त हुने कुरा बताउनु भयो । सियाराम चौधरी थारु, प्रा. जनक "नेवा:" शाक्य आदिले पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा प्रमुख अतिथी हर्षमुनि शाक्यले शिविरमा सहभागी भएका रौतहत, पर्सा र बारा जिल्लाका ८० जवान प्रशिक्षार्थीहरूलाई शिविरबाट प्राप्त गरेको बुद्धको शिक्षा, घर, परिवार तथा समाजमा सदुपयोग गर्नसकेमा शिविरको महत्त्व हुने कुरा व्यक्त गर्नु हुँदै सबैलाई अगाडि बढ्न शुभकामना दिनुहुँदै प्रमाण पत्र वितरण गर्नुभयो ।

## प्रथम राष्ट्रिय महाधिवेशन

२०५७ चैत्र २८ गते, खुल्लामञ्च, टुँडिखेल काठमाडौं ।

नेपाल मगर बौद्ध सेवा समाजको आयोजनामा प्रथम राष्ट्रिय मगर महाधिवेशन सम्पन्न भएको छ ।

प्राप्त समाचार अनुसार आगामी राष्ट्रिय जनगणनामा धर्मको हकमा बुद्ध अनुयायीहरूले बुद्ध धर्म लेखाउनु पर्ने विषयमा ध्यान पुऱ्याउन मगरहरूले देशव्यापी सचेतना शिविर कार्यक्रम संचालन गरिसकेका छन् ।

भुटान सिक्किम लगायत देशका ६० जिल्लाबाट करिव ४ सय प्रतिनिधी पर्यवेक्षकले भाग लिएको उक्त महाधिवेशनमा नेपाल मगर संघका अध्यक्ष गोरेबहादुर खपाङ्गीले सम्पूर्ण मगरहरू बौद्ध धर्मका अनुयायी हुन् भनी आग्रह गर्नुभएको कुरा बुझिन आएको छ ।

भिक्षु कुमार काश्यपले पञ्चशील प्रार्थना गराउनुभएको उक्त सभामा हर्षमुनी शाक्य र भिक्षु कोण्डन्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यसरी नै चैत्र ३० गते उक्त महाधिवेशन नयाँ नेतृत्त्व चयनका साथै सात बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको समाचार पनि प्राप्त भएको छ । उक्त घोषणापत्रमा उल्लेखित बुँदाहरू यसरी रहेको कुरा बुझिन आएको छ ।

लुम्बिनी विकास कोषबाट जग्गा प्राप्त गरी लुम्बिनी क्षेत्रमा मगर बौद्ध विहार निर्माण गर्ने, लुम्बिनीको मायादेवी मन्दिरमा हाल रहेका पुजारीले वर्षदिन भित्रमा अखिल नेपाल भिक्षु महासंघको मान्यता प्राप्त हुने गरी भिक्षुत्त्व ग्रहण नगरेमा नेपाल मगर बौद्ध सेवा समाजले भिक्षुको व्यवस्था गर्ने, सम्पूर्ण मगर-हरूलाई मगर सामाजिक संस्कारहरूसंग बौद्धपद्धति संयोजन गराउने, राष्ट्रिय जनगणनामा सही र वास्तविक तथ्याङ्क ल्याउन कार्यक्रमहरू सञ्चालन गर्ने, बौद्ध जागरण शिविर सञ्चालन गर्ने, संगठन विस्तार गर्ने र हालै अफगानिस्तानमा तालिवान शासकहरूद्वारा प्राचीन बुद्ध मूर्ति नष्ट गरिएको घटनाप्रति खेद प्रकट आदि ।

## अभिनन्दन कार्यक्रम

२०५७ बैशाख १ गते । विश्व शान्ति विहार, नयाँ बानेश्वर ।

अखिल नेपाल भिक्षु महासंघको आयोजनामा भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा आयोजित एक अभिनन्दन समारोहमा भिक्षु कुमार काश्यप महास्थविर र भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई अभिनन्दन प्रदान गरिएको समाचार छ । स्मरणिय छ यसपाली श्रीलंकाका विद्यालंकार महाविद्यालयको तर्फबाट भिक्षु कुमार काश्यप महास्थविरलाई **'विद्यालंकार पद्मभूषण'** र बर्मी सरकारको तर्फबाट भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई **'अग्ग महा सद्धम्म जोतिक धज'** पदवीले विभूषित गरिएको थियो । त्यही उपलक्षमा यस अभिनन्दन समारोहको आयोजना गरिएको कुरा बुझिएको छ ।

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरबाट शील प्रार्थना गराउनु भई भिक्षु बोधिसेन महास्थविरले स्वागत भाषण गर्नुभएको सो समारोहमा जातकपाली पुस्तक पनि विमोचन गरिएको थियो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरबाट अभिनन्दन प्रदान गरिएको सो समारोहमा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू



Downloaded from http://www.dhamma.digital

यसरी हुनुहुन्थ्यो-

बुद्धिराज बज्राचार्य, मेयर-ललितपुर उप महानगर पालिका, उ तैं वैं, राजदूत-म्यान्मार, पाओठेप् वनचिन्दा, राजदुत-थाइल्याण्ड, रामकृष्ण ताम्राकार, माननीय स्वास्थ्य मन्त्री, भिक्षु सुदर्शन महास्थविर, उपाध्यक्ष-अ.ने.भि. महासंघ आदि ।

यसरी नै भिक्षु कुमार काश्यप महास्थविर, पूर्व अध्यक्ष अ.ने.भि.महासंघ र भिक्षु ज्ञानपूर्णिक महास्थविर, सचिव-अ.ने.भि महासंघबाट पनि केही शब्दहरू बोल्नु भएको उक्त सभामा भिक्षु धर्मपाल, सदस्य अ.ने.भि महासंघले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

उक्त अवसरमा श्री ज्ञानज्योति कंसाकारले जातक पालि प्रकाशित गरी नि:शुल्क वितरण गर्नुभयो ।

## फूलचोकीमा बुद्धपूजा

काठमाडौं, चैत्र २२ गते । काठमाडौं उपत्यकाका पर्वत शिखरहरूको आफ्नै धार्मिक र सांस्कृतिक महत्व छ । प्राचीनकालमा यहाँका पर्वत शिखरहरूमा तथागत, बोधिसत्व र शिद्ध महात्माहरूले मानव कल्याणका लागि साधना गरेका थिए । त्यही आधारमा पर्वत शिखरहरुको पवित्रता अद्यापि पुजनीय भएको विश्वास गरिन्छ ।

चोभारस्थित सुलक्षण कीर्ति विहारको आयोजनामा फूलचोकी बुद्ध चैत्यमा हालै बुद्धपूजा सम्पन्न गरियो । त्यस अवसरमा भिक्षुणी डा.अनोजाले मानव जीवन सफलपार्न दशपारमिताको ज्ञान आवश्यक भएको बताउनु भयो ।

विहारका सल्लाहकार केदार शाक्यले प्राचीन समयमा काठमाडौं उपत्यका नागह्रदको प्राकृतिक अवस्थामा छँदा विपश्वी तथागतले चैत्रपूर्णिमाको दिन जामाचोबाट कमलको विजारोपण गर्नुभएको र त्यसबाट स्वयम्भू ज्योति उत्पन्न भएपछि बिश्वभू तथागतले फूलचोकी पर्वत शिखरबाट सवा लाख जुहीफूलको पुष्पपूजामेघ चढाएको बताउनु भयो । त्यही समयदेखि आग्नेयकोणमा रहेको त्यस पर्वतको नाम फूलोच्च अर्थात् फूलचोकी रहेको छ ।

फूलचोकी पर्वत शिखरलाई फूलचोकी माजु, फूलचोकी भाईका नामले पनि त्यहीं पूजा गर्ने गरिन्छ । प्रागऐतिहासिककालमा महाचीनबाट आएका महामञ्जुश्री बोधिसत्व जसले चोभारको गल्छेंडोबाट नागह्रदको पानी निकास गरी यहाँ मञ्जुपत्तन सहर बसाएका थिए । उनै बोधिसत्वका साथ आएकी वरदादेवी (लक्ष्मी) लाई फूलचोकी पर्वतमा बास दिएर राखेका थिए । त्यसैगरी उनैसंग आएकी अर्की मोक्षयादेवी सरस्वतीलाई ध्यानच्चो अर्थात ध्यानचोकीमा बास दिई राखिएको कुरा स्वयम्भू महाचैत्य ग्रन्थमा वर्णन गरिएको छ ।

९ हजार फिटमा रहेको फूलचोकी बुद्ध पूजामा सरिक भएका उपासक उपासिकाहरूलाई अनुपमा गुरुमांले प्रवचन दिनुभएको थियो भने रत्नमञ्जरी गुरूमाँले शील प्रार्थना गर्नुभएको थियो ।

सुलक्षण कीर्ति विहारका सचिव भीम वहादुर श्रेष्ठले विहारको क्रियाकलाप बारे जानकारी दिनु भएको थियो ।

## प्रायोगिक अहिंसा विषयक प्रवचन गोष्ठी

२०५७ चैत्र २५ गते । स्थान जैन भवन ।

भगवान महावीरको २६०० औं जयन्तिको उपलक्षमा अहिंसा समवायद्वारा प्रायोगिक अहिंसा विषयक प्रवचन गोष्ठी आयोजना गरिएको समाचार छ ।

सम्माननीय सभामुख श्री तारानाथ रानाभाटज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभामा डा. श्री टिकाराम पन्थीबाट प्रायोगिक अहिंसा शिर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

यसरी नै नेपाल अणुव्रत समितिका अध्यक्ष श्री हुलासचन्द्र गोल्छा, भिक्षु ज्ञानपूर्णिक, समणी निर्देशीका ज्योति प्रज्ञा, ब्रह्माकुमारी राजयोग सेवा केन्द्रका निर्देशक ब्रह्माकुमारी राजदिदी आदिबाट आ-आफ्ना वक्तव्य प्रस्तुत गर्नुभएको उक्त क्रममा डा. सानुभाइ डंगोलले दिनुभएको मन्तव्यको सार संक्षेप यसरी रहेको छ ।

"अहिँसाका पुजारी भगवान बुद्धको जन्मथलो नेपालमा हामीहरूले भगवान बुद्धको उपदेशलाई एकातिर पन्छाएर विभिन्न धार्मिक पर्वहरूमा कैयन देवस्थलहरूमा हजारौं हजार मूक पशुहरूलाई बली दिएर उहाँहरूको पवित्र मन्दिरहरू रगताम्य पार्दछौं । यो प्रायोगिक अहिंसाको सिद्धान्तसंग पटक्कै मेल खाने कुरा होइन । यस्तै प्रायोगिक अहिंसासंग मेल नखाने अर्को कुरा हो, मानव मानव विच जातीपातीको आधारमा भेदभाव गर्ने परम्परा ।

पशुबली दिने कुरा हरेक महत्त्वपूर्ण धार्मिक अनुष्ठानहरूमा शान्तिको पाठ गर्ने हिन्दूहरूका लागि कतिपनि सुहाउने कुरा होइन । यस्तै जातीपातीको आधारमा हुने भेदभाव हिन्दू धर्ममा धेरै पछि आएर मात्र देखा परेको विकृति हो । मेरो यो मन्तव्य केवल विकृत परम्परामा हुर्केका हिन्दूहरूको लागि मात्र होइन बल्कि बुद्ध धर्ममा गुरु बनी भगवान् बुद्धको उपदेश विपरित जातीपाती अपनाएर देवी देवताहरूको पवित्र स्थलहरूमा पशुबली दिने र दिन लगाउने वज्रयान सम्प्रदायका नेपाली बज्राचार्य र शाक्यहरूका लागि पनि हो ।"

## बुद्धपूजा

सिद्धीमंगल बुद्ध विहार । २०५७ फागुन २३ गते । लय् लय् पतिकं न्ह्याना च्वंगु बुद्धपूजा कार्यक्रमया ज्वले थुखुन्हु नं श्रद्धेय भन्ते संवेगकीर्तिपाखें पञ्चशील प्रार्थना याका: बुद्धपूजा न्ह्याका बिज्यात ।

थुगु ज्याझ्वले सिद्धीपुर (थसी) टिकाथली च्वंम्ह उपासक मंगलदास सपरिवारपाखें उपस्थित सकल सहभागीपिन्त जलपान भोजन दान यानादिल । विहारे चारधाम निर्माण ज्याझ्व: सुरु जुयाच्वंगुली नेक्खमी गुरुमां, वीजिता गुरुमां, उपासक वेखारत्न शाक्य नकबही, प्रेमरत्न शाक्य चाकुपात, आशारत्न शाक्य व नन्दराज शाक्यपाखें श्रद्धा चन्दा बिया: सहयोग यानादीगु समाचार दु । ज्याझ्व:या अन्ते सिद्धि मंगल बुद्ध विहारया अध्यक्ष बुद्धिबहादुर महर्जनं धन्यवाद ज्ञापन यानादिल ।

अथेहे थुगु विहारया उपासकपिं जगतमान महर्जन व लाल गोविन्द महर्जन दिवंगत जुया दीगुलिं वयक:पिं निम्हसिगुं पुण्य स्मृती पुण्यानुमोदन या:गु समाचार दु ।

## दीक्षाया प्रशिक्षण

यल चिल्लागा, पञ्चमी, हिरण्यवर्ण महाविहार, विहार सुधार समितिया ग्वसालय् न्याय्क्यत्यंगु चक्र संवर दीक्षाया ज्वले न्हापांगु निवा:या प्रशिक्षण कक्षा क्वचा:गु समाचार दु ।

डा. बज्रराज शाक्य, बौद्ध विद्वान मीन बहादुर शाक्य व भाजु लोक बहादुर शाक्यपिसं प्रशिक्षण बियादीगु उगु प्रशिक्षण ज्वले प्रशिक्षणया विषयत् थुकथं उल्लेख जूगु समाचार दु ।

त्रियान परिचय, तथागत गर्भ, कल्याण मित्र सेवन, अनित्य तथा दु:ख, कर्म व पुनर्जन्म, त्रिरत्न शरण गमन तथा सप्तविधानोत्तर, बोधि चित्तोत्पाद, दान पारमिता, बोधिसत्त्व संवर ग्रहण (शील पारमिता), क्षान्ति तथा वीर्य पारमिता, ध्यान पारमिता, प्रज्ञापारमिता, वज्रयान तथा बौद्ध तन्त्रया परिचय आदि ।

## संन्हूया बौद्ध ज्याझ्व:

यल मीन संल्हू, यल मङ्गलबजार लाय्कूस्थित विश्व मैत्री विहारे बौद्ध सभा न्ह्याकूगु समाचार दु । भिक्षु शोभनं पञ्चशील प्रार्थना याका बिज्यास्य धर्म देशना याना बिज्या:गु उगु ज्याझ्वले मय्जु मोहन महर्जन, मय्जु दिल शोभां नं बुद्ध शिक्षा विषयले थ:थ:गु मन्तव्य व्यक्त यानादीगु समाचार दु ।

अथेहे भाजु प्रेमबहादुर बज्राचार्यजुं लसकुस यानादीगु उगु बौद्ध सभाय् लोकबहादुर शाक्य उद्घोषण याना दिलसा भाजु भाईलाल महर्जनं सुभाय् देछाना दिल ।

## शोक सभा

स्व. सुशीला गुरुमां दिवंगत जुया बिज्या:गु ४५ दिनया पुण्यतिथि कया: भिक्षुणी अनुयायी संघ नेपालया आयोजनाय् सुमंगल विहार यलय् मिति २०५७ चैत्र २५ गते छगू श्रद्धाञ्जली सभा सम्पन्न जूगु समाचार प्राप्त जूगु दु ।

- ***सुथे*** – भन्ते गुरुमां व उपासक उपासिकापिन्त स्व. सुशीला गुरुमांया परिवारपिनिपाखें जलपान ।
  - पूज्य बुद्धघोष महास्थविरपाखें बुद्धपूजा सहित धर्मदेशना ।
  - भिक्षु महासंघ, गुरुमांपिं व सकल उपासक उपासिकापिन्त भोजन दान ।
- ***न्हिनय्*** – भन्ते गुरुमांपिन्त दान प्रदान । भिक्षु बुद्धघोष महास्थविरया सभापतित्वय् व स्वास्थ्य मन्त्री श्री रामकृष्ण ताम्राकारया प्रमुख अतिथित्वय् संचालित उगु श्रद्धाञ्जली सभाय् सुशीला गुरुमांया पुण्यस्मृती १ मिनेट मैत्री भावना या:गु ख: ।

उगु सभाय् माधवी गुरुमां नं अनगारिका संघया संक्षिप्त परिचय बिया बिज्यात । अथेहे मेपिं वक्तापिसं सुशीला गुरुमां नं विभिन्न क्षेत्रय् याना बिज्या:गु देन थुकथं व्यक्त या:गु नं समाचार दु-

- ***नातिकाजी शाक्य*** – सुशीला गुरुमां नं सुमंगल विहार पुन: निर्माण कार्ये २ लाख दाँ नं मयाक चन्दा संकलन याना: विशेष योगदान बिया बिज्यात ।
- ***हिराकाजी सुजिका*** – सुशीला गुरुमां नं नागबहाले बौद्ध परियत्ति शिक्षाया शुभारम्भ ।
- ***कृष्णमान शाक्य*** – पाल्पा व भोजपुरे नारी शिक्षाय् जागरण, बौद्ध परियत्ति शिक्षा व बुद्ध विहार निर्माण कार्ये विशेष योगदान । बौद्ध परियत्ति शिक्षा क्षेत्रय् बाँला:गु नम्वर हया: उत्तीर्ण जूपिं विद्यार्थीपिन्त पुरस्कारया लागि सुशीला गुरुमांपाखें रु. २५०००/- या अक्षयकोष स्थापना आदि ।

समाचार अनुसार उगु सभाय् सुशीला, गुरुमांप्रति श्रद्धाञ्जली अर्पण याना बिज्या:पिं व्यक्तिपिनि नां थुकथं उल्लेख जुयाच्वंगु दु-

धम्मवती गुरुमां, ञाणशीला गुरुमां, रत्नमञ्जरी गुरुमां, मेयर बुद्धिराज वज्राचार्य, लोक बहादुर शाक्य धर्म रत्न शाक्य, आदि ।

अन्तय् अनुपमा गुरुमां नं धन्यवाद ज्ञापन याना बिज्या:गु उगु सभाया सभापति पूज्य बुद्धघोष महास्थविरं सभा विसर्जन याना बिज्यात ।

उगु सभाया संचालक भीम दाई व भीम शाक्य (भोजपुर) ख: ।



Downloaded from http://www.dhamma.digital




*May all sentient being attain*
*the highest state of completeness*
*being on the foot steps*
*of BUDDHA*
*HAPPY VAISHAKHA FESTIVAL*
*2545*

H • O • T • E • L
**Lumbini Garden**
NEW CRYSTAL PVT. LTD.
Buddha Nagar, Mahilwar
LUMBINI, NEPAL.
Tel.: (071-80145)

Best Western
**Best Western**
**New hotel Crystal**
**Pokhara**
P.O. Box 234, Nagdhunga, Pokhara, Nepal.
Phone: (061) 20035, 20036
Fax: 977-61-20234

**Reservation/Head Office:**
Chha 1-99, Jyatha Tole, P.O. Box 1253
Kathmandu, Nepal.
Phone: (01) 228561, 228011, Fax: 977-1-228028
Internet: http//www.bestwestern.com/np/newhotelcrystal
E-mail: ajsthapit@mos.com.np

बा. अ. का. द. नं. - ७०/०४०/४१



नेपालका गौरब, शान्ति नायक
गौतम बुद्धको
जन्म, सम्बोधि लाभ तथा महापरिनिर्वाणको
२५४५ औं उत्सवमा सबैको सम्बृद्धि तथा
शान्तिको कामना गर्दछौं ।

लक्ष्मी ज्योति ट्रेडर्स

**Laxmi Jyoti Traders**

छापावाल सुन, चाँदीको थोक तथा खुद्रा बिक्रेता

पो.ब.नं. ११८३४

मखन (सुरज आर्केड अगाडि), काठमाडौं

फोन नं. (पसल) २६५१३१, २६३९२२; (निवास) : २६४०५७

***999.9 Hallmark Gold & Silver Dealer***

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital